## प्रभु येशूको अनुसरण गर्नें

# साँचो चेलापन

विलियम म्याक डोनल्ड

जीवन मार्ग प्रकाशन

प्रकाशक:

जीवन मार्ग प्रकाशन
पी० ओ० बक्स नं०  २३
पी० ओ० कालेबुङ्ग – ७३४ ३०१
दार्जीलिङ्ग / पश्चिम बंगाल
भारत

प्रथम संस्करण २००३:    १ ' ००० प्रति
दोस्रो संस्करण २०१९:    १ ' ००० प्रति

© सर्वाधिकार प्रकाशकमा सुरक्षित

Title of the original: ‚True Discipleship‘
by William MacDonald, published by Gospel Literature Service, 250-D,
Worli, Mumbai - 400 025

मुद्रक:

# लेखकका एक–दुई शब्द

यस पुस्तिकामा हामी नयाँ नियमभित्र उल्लेख गरिएको प्रभु येशूको अनुसरण गर्ने चेलापनका कतिवटा सर्तहरू दिन चाहन्छौं। हामीमध्ये कतिले यी सर्तहरू निक्कै वर्षअघिदेखि नै परमेश्वरको वचनअनुसार छन् भनी बुझ्यौं, तर हालै हाम्रो जटिल युगमा पालन गर्न नसक्ने गाह्रो र कठिन सर्तहरू हुन्छन् होला कि कसो भनेर अनुमान गर्‍यौं। यसो हुँदा हामीले हाम्रो वरिपरि भएको चिसो आत्मिक वातावरणसित हार खाएर हामी त्यसको वशमा आयौं।

त्यसपछि हामी केही नयाँ विश्वासीहरूसित भेट भयौं, जसले प्रभु येशूका अनुसरण गर्ने आदेशहरू पालन गरेर देखाउन चाहन्थे। उनीहरूको दृष्टिमा यी सर्तहरू पालन गर्न सक्ने हुन्छन्, र उनीहरूले यी सर्तहरूमा संसारका सबै मानिसहरूलाई मुक्तिको सुसमाचार पुर्‍याउने एक मात्र उपाय देख्छन्।

यी जवान मानिसहरूचाहिँ यहाँ उल्लेख गरिएका सत्यताहरू पुष्टि गर्ने जीवित उदाहरण भएका छन्। उनीहरूप्रति हामी आभारी छौं।

यी सत्यताहरूसित हाम्रो व्यक्तिगत जीवनको अनुभव कति कुरामा मेल नखाए तापनि र हामी तिनको स्तरमा नपुगे तापनि हामीले यी सर्तहरू हाम्रो जीवनको लक्ष्य बनाएर यहाँ प्रस्तुत गरेका छौं।

विलियम म्याक डोनल्ड
एमाउस बाइबल स्कूलको प्रमुख

# भूमिकाः

खीष्ट येशूको अनुसरण गर्ने साँचो चेलापन त्यस दिनदेखि शुरु हुन्छ, जुन दिन कुनै व्यक्तिले प्रभु येशूमाथि विश्वास गरेर नयाँ जन्म पाएको हुन्छ। यस साँचो चेलापनको शुरुमा यी निम्न लेखित कुराहरू भइसकेको हुनुपर्छः

***क )*** *म एउटा हराएको, अन्धा पापी मानिस हुँ; म परमेश्वरको दृष्टिमा दोषी छु भन्ने कुरा हामीले महसुस गरेको हुनुपर्छ।*

***ख )*** *म आफैलाई धर्मकर्म गरेर वा आफ्नो व्यवहार सुधारेर अँ, कुनै हलतले आफ्नै शक्तिले बचाउन सक्दिनँ भन्ने कुरा हामीले भित्र, मनदेखि मानिलिएको हुनुपर्छ।*

***ग )*** *प्रभु येशू खीष्ट मेरो सट्टामा, मेरा पापहरूका निम्ति क्रूसमा मर्नुभएको कुरा हामीले विश्वास गरेको हुनुपर्छ।*

***घ )*** *प्रभु येशू खीष्टलाई आफ्नो व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा अपनाउनको लागि हामीले उहाँमाथि विश्वास गर्ने पक्का निर्णय लिएको हुनुपर्छ।*

माथि उल्लेख गरिएका यी चारवटा कुराहरू पालन गरेको मानिस खीष्टको चेला बन्छ। शुरुमा यसमा जोड़ दिनु खाँचो छ। किनभने धेरै मानिसहरूले खीष्टिय चरित्र अपनाएर खीष्टयान हुन खोज्दछन्; तर यसरी खीष्टको चेला बन्नु असम्भव छ। आफ्नो जीवनबाट खीष्टिय चरित्र देखाउन सक्नको निम्ति हामी पहिले खीष्ट येशूसित व्यक्तिगत रूपले भेट भएको र उहाँको अधीनतामा आएको हुनुपर्छ।

यस पुस्तकमा प्रस्तुत गरिएको खीष्ट येशूको अनुसरण गर्ने चेलापनचाहिँ एक आत्मिक जीवन हो। आफ्नो शक्तिले हामी यस्तो आत्मिक जीवन जिउन सक्दैनौं। यसो गर्नको लागि हामीलाई परमेश्वरको

शक्तिको खाँचो पर्छ। केवल ख्रीष्ट येशूमा नयाँ जन्म पाएपछि हामीले प्रभु येशूको शिक्षा पालन गर्ने शक्ति पाउँछौं।

यसो हो भने पढ्ने काम एक क्षण रोकेर हामी आफैलाई यो प्रश्न सोधौं: 'के बितेको समयमा मैले प्रभु येशूमा नयाँ जन्म पाएँ? कहिले प्रभु येशूमाथि विश्वास गरेर म परमेश्वरको सन्तान बनें?'

अहिलेसम्म तपाईंले प्रभु येशूलाई आफ्नो व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्नुभएको छैन भने तपाईं अहिले तत्कालै उहाँलाई ग्रहण गर्नुहोस्; त्यसपछि उहाँले तपाईंलाई आज्ञा गर्नुभएका सबै कुराहरू पालन गर्ने निर्णय लिनुहोस्। यसो गर्ने पूरा दाम चुकाउन तयार हुनुहोस्।

# सूचि:

अध्याय १) ख्रीष्ट येशूको अनुसरण गर्ने चेलापनका सर्तहरू

अध्याय २) सबै कुराहरूको परित्याग

अध्याय ३) ख्रीष्टको चेला हुन नसक्ने बाधाहरू

अध्याय ४) येशूको चेला एउटा भण्डारी हो

अध्याय ५) प्रभु येशूको चेला जोशले पूर्ण हुनुपर्छ

अध्याय ६) प्रभु येशूको चेलामा पूरा भरोसा गर्ने विश्वास हुनुपर्छ

अध्याय ७) प्रभु येशूको चेलामा प्रार्थनाको जीवन हुनुपर्छ

अध्याय ८) युद्ध चलिरहेको छ

अध्याय ९) प्रभु येशू को लागि सारा संसारलाई जित्ने दर्शन

अध्याय १०) प्रभुको चेला र विवाह

अध्याय ११) बसेर खर्च जोड़!

अध्याय १२) प्रभुको लागि शहीद बन्ने आभास

अध्याय १३) प्रभुको साँचो चेलाले पाउने इनाम

# १

# ख्रीष्ट येशूको अनुसरण गर्ने चेलापनका सर्तहरू

प्रभु येशूको साँचो अनुयायी हुनु हो भने हामीले हाम्रा प्रभु येशू ख्रीष्टको निम्ति सारा हृदयले हाम्रो सम्पूर्ण जीवन अर्पण गर्नुपर्छ।

प्रभुलाई आफ्नो फुर्सद भएको समय मात्र दिने, उहाँलाई शनिबार वा आइतबारहरू दिने, अथवा कामबाट अवकाश पाएको बुढेसकालको अवधि दिने दाजुभाइ–दिदीबहिनीहरूलाई प्रभु येशूले चाह गर्नुहुन्न, तर उहाँलाई आफ्नो जीवनको प्रथम स्थान दिने अर्थात् सिंहासनमा चढ़ाएर उहाँलाई स्वामी हुन दिनेहरूलाई उहाँले खोज्नुहुन्छ।

यस सम्बन्धमा श्री एच. ए. इवन् होप्किन्स्ले यसो भन्दछन्:

*'बितेको समयमा गरेझैं आज पनि प्रभु येशू लक्ष्यहीन भई उहाँका पहिलामा टेकेका भीड़का भीड़ मानिसहरूको खोजी गर्नुहुन्न, तर उहाँ यस्ता पुरुषहरू र यस्ता स्त्रीहरूको खोजमा हुनुहुन्छ, जसले प्रभुसित अटुट र नजिकको सम्बन्ध कायम राखेर उहाँलाई उहाँले देखाउनुभएको बाटोमा पछ्याउँछन्; किनभने प्रभु येशूले आफ्नो जीवनबाट देखाउनुभएको र आफ्ना चेलाहरूबाट चाहनुभएको स्वार्थत्याग उनीहरू दिन तयार भएका छन्।'*

प्रभु येशू क्रूसमा बलि हुनुभयो; तब हामी उहाँका चेलाहरूलाई केही बाँकी नराखी सम्पूर्ण जीवन अर्पण गर्नुबाहेक अरू कुनै कुरा सुहाउँदैन। यति अचम्मको, यत्रो ईश्वरीय प्रेमको योग्य दान हाम्रो जीवन, आत्मा, जीउ र प्राण मात्र हुन सक्छ।

प्रभु येशूले उहाँका चेला हुन खोज्नेहरूबाट केही कड़ा माग गर्नुभयो; यी मागहरू सुखविलासमा जिउन चाहने हाम्रो युगले पूरा रूपले बिर्सिदियो। प्रायः मानिसहरूले नरकको कहिले ननिभ्ने आगोबाट उम्केर महिमित स्वर्गमा प्रवेश गर्नको लागि मात्र प्रभु येशूमाथि विश्वास गर्छन्। यतिको लागि प्रभुमाथि विश्वास गरेपछि यस जीवनमा सकेसम्म धेरै आनन्द लिनु हामी आफ्नो अधिकार सम्झन्छौं र प्रभुलाई बढ़ता दिन तयार छैनौं। पवित्र बाइबलमा प्रभुको अनुसरण गर्ने विषयमा यी कड़ा पदहरू उल्लेख छन् भन्ने कुरा हामीलाई पूरा याद छ, तर हामीले प्रभुको शिक्षाको बारेमा सोचेका विचारहरूसित मेल खाँदैनन्।

सैनिकहरूले आफ्नो देशको लागि आफ्नो जीवन दिन्छन्; यो हामी ठीक कुरा सम्झन्छौं। अँ, नास्तिक दर्शनका अनुयायीहरूले आफ्नो राजनीतिको लागि आफ्नो प्राण फ्याँक्दा हामीलाई केही अनौठो लाग्दैन। तर प्रभु येशूको चेलाको जीवन–चरित्रचाहिँ रगत, पसिना र आँसुले लेखिएको हुन्छ भन्ने कुरा हामीलाई विश्वास गर्न र बुझ्न अति गाह्रो लाग्दैछ।

यस्तो भए पनि प्रभु येशूका वचनहरू स्पष्ट छन्। यी वचनहरू जस्ता भनिएका छन्, त्यस्तै हामीले बुझ्न खोज्ने हो भने यिनको अर्थ नबुझ्ने कुनै ठाउँ रहँदैन।

संसारको मुक्तिदाता प्रभु येशूले उहाँका अनुयायीहरूलाई दिनुभएका सर्तहरू यस प्रकारका छन्:

## क ) हाम्रो प्रभु येशूप्रतिको अधिक प्रेम

*'कोही मानिस मकहाँ आउँछ र आफ्ना बाबु, आमा, स्वास्नी, छोराछोरीहरू, दाजुभाइ र दिदीबहिनीहरूलाई, अँ, आफ्नै प्राणलाई पनि घृणा गर्दैन भने त्यो मेरो चेला हुन सक्दैन' (लूका १४:२६)*।

हामीले आफ्ना हृदयमा आफन्तहरूप्रति हेला वा रिस बोक्नुपर्छ – यस वचनको भनाइ यो होइन। होइन, तर प्रभु येशूप्रति हाम्रो प्रेम यति बिग्न हुनुपर्छ कि यसको तुलनामा अरू कुनै थोकप्रतिको माया घृणाजतिकै देखा परोस्; यस भनाइको अर्थ यही हो। वास्तवमा यस खण्डको सबभन्दा गाह्रो कुरा त *'आफ्नै प्राणलाई पनि घृणा'* गर्नु नै हो। प्रभुको अनुसरण गर्नुमा बाधा दिने, नटेढ्ने हठी कुरा आफूलाई बढ़ी मतलब राख्ने स्वार्थ नै हो। यसैले जबसम्म हामीले प्रभुको लागि आफ्नो स्वार्थ त्याग्दैनौं र आफैलाई सम्पूर्ण रूपले दिहाल्दैनौं, तबसम्म प्रभु येशू हामीसित खुशी हुनुहुन्न।

## ख ) हामीले आफैलाई इन्कार गर्नुपर्छ

*'तब प्रभु येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो: कोही मेरो पछि आउन चाहन्छ भने उसले आफैलाई इन्कार गरोस्, आफ्नो क्रूस उठाओस् र मेरो पछि लागोस्' (मत्ती १६:२४)*।

आत्मसंयम र आफैलाई इन्कार गर्नु एउटा कुरा होइन। आत्मसंयम भनेको मुख बार्नु, मनलाई अनुचित अभिलाषातिर जान नदिनु वा हानिकारक र अनुचित कामकुराबाट अलग रहनु हो। तर आफैलाई इन्कार गर्नु भनेको प्रभु येशू हाम्रो जीवनको मालिक तुल्याउनु हो; उहाँको अधीनमा हामीले आफूलाई सम्पूर्ण रूपले दासझैं अर्पेका छौं; यसैले अबदेखि उसो आफ्नै मतलब राख्ने ठावैं रहेन, अबदेखि हाम्रो कुनै अधिकारै छैन। यसर्थ मैले आफ्नै हृदयको सिंहासन छोड्नुपर्छ।

श्री हेनरी मार्टिन्‌ले यस कुरालाई यस प्रकारले एउटा प्रार्थनाको रूपमा बयान गरेका छन्:

*'प्रभु येशू, मेरै इच्छा रहन नदिनुहोस्; मेरो आनन्द अलिकति भए पनि तपाईंको इच्छादेखि बाहिरको कुनै कुरामा भर पर्ने भूलधारणा लिनुदेखि मलाई बचाउनुहोस्; किनभने मेरो आनन्द, मेरो साँच्चिकै आनन्द अरू कुनै कुराबाट होइन, तर तपाईंको इच्छासित बिलकुल एक हुनुदेखि आउँछ।'*

हे मेरा महिमित विजेता, मेरा दिव्य राजकुमार,
मेरा अर्पिएका यी हातहरू आफ्नै हातहरूसित मिलाउनुहोस्;
अन्तमा मेरो इच्छा सम्पूर्ण रूपले तपाईंकै हुनेछ,
मेरा मुक्तिदाताको चरणमा आनन्दित दास भई।

श्री एच. जी. सी. मूल

## ग ) हाम्रो सहर्षसाथको रोजाइः क्रूस बोक्नु

*'तब प्रभु येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो: कोही मेरो पछि आउन चाहन्छ भने उसले आफैलाई इन्कार गरोस्, आफ्नो क्रूस उठाओस् र मेरो पछि लागोस्' (मत्ती १६:२४)।*

यहाँ बताइएको क्रूसचाहिँ कुनै शारीरिक कमजारी वा मानसिक दुर्बलता होइन; किनकि यी कुराहरू सबै मानिसमा हुन्छन्। तर क्रूस उठाउँदा मानिस आफैले संकल्प गरेको त्यो क्रूसको बाटो आफ्नो निम्ति छान्छ। त्यस बाटोको विषयमा श्री सी. ए. कोट्सले यसो भन्दछन्: *'यस संसारमा त्यस पथमा हिँड्दा केवल अनादर र निन्दा पाइन्छ।'* क्रूसचाहिँ अनादर, सतावट र निन्दाको चिन्ह हो; क्रूस त्यही ठाउँ हो, जहाँ संसारका मानिसहरूले आफ्ना सारा हेला, सतावट र निन्दा परमेश्वरको एकमात्र पुत्रमाथि खन्याएर थुपारेका थिए; अनि यी कुराहरू अझ पापी संसारको छालरूपी प्रवाहको विरोधमा उठ्ने सबैमाथि थुपारिन्छन्। यस क्रूसको बाटो सजिलोसँग छोड्न सकिन्छ। जब कुनै प्रभुको विश्वासी जन संसार र त्यसको चालचलनसित मिल्छ, तब उसले क्रूस बोक्न छोड़ेको हुन्छ।

## घ) प्रभु येशूको पछि लागेर हामीले आफ्नो जीवन खर्च गर्नुपर्छ

*'तब प्रभु येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो: कोही मेरो पछि आउन चाहन्छ भने उसले आफैलाई इन्कार गरोस्, आफ्नो क्रूस उठाओस् र मेरो पछि लागोस्' (मत्ती १६:२४)।*

प्रभुलाई पछ्याउनुको अर्थ बुझ्नको निम्ति हामीले एउटा प्रश्न सोध्नुपर्छः 'प्रभु येशूको जीवनको विशेष लक्षण वा गुण के थियो त?' प्रभु येशूको जीवन पवित्र आत्माको शक्तिले पूर्ण जीवन थियो। प्रभु येशूले आफ्नो जीवन मानिसहरूको निस्वार्थी सेवा गर्दै खर्च गर्नुभएको थियो। उहाँको खराबी गर्दा उहाँले यस्तो कुव्यवहार खूब धैर्यसाथ सहनुभयो। प्रभुको जीवन जोशले पूर्ण थियो; उहाँको सम्पूर्ण जीवन खर्च गरियो; आत्मसंयम, नम्रता, कृपा, विश्वासयोग्यता र भक्तिले पूर्ण एउटा पवित्र, सुन्दर जीवन उहाँको जीवन थियो (गलाती ५:२२-२३)। उहाँका चेलाको नाताले हामी उहाँको जस्तो जीवन जिएर उहाँको चालमा चल्नुपर्छ। ख्रीष्टका सद्‌गुणहरू हामीबाट देखा पर्नुपर्छ (यूहन्ना १५:८)।

## ङ) हामीले अरू सबै ख्रीष्टका साँचो विश्वासीहरूलाई गहिरो प्रेम गर्नुपर्छ

*'तिमीहरूको आपसमा प्रेम छ भने यसैबाट सबैले तिमीहरू मेरा चेला रहेछौ भनी थाहा पाउनेछन्' (यूहन्ना १३:३५)।*

यो यस्तो एउटा प्रेम हो, जसले आफ्नो आदर खोज्नुभन्दा बरु अरूलाई आदर गर्छ। यस प्रेमले असंख्य पापहरू ढाक्दछ। यस प्रकारको प्रेमले सहन्छ र दयालु हुन्छ। यस प्रेमले आफ्नो प्रशंसा गर्दैन, र घमण्डले फुलिँदैन। यसले रूखो व्यवहार देखाउँदैन, र आफ्नै मतलब खोज्दैन। यसको रिस उठाउन सकिँदैन; कसैको खराबी गर्ने विचार यसलाई आउँदै आउँदैन। सब कुरा सहने, सब कुराको आशा गर्ने र सबै कुरा विश्वास गर्ने प्रेम यही हो (१ कोरिन्थी १३:४-७)। यस प्रेमविना प्रभुको अनुसरणचाहिँ मनलाई चिसो पार्ने, धर्मनियम पालन गर्ने कठोर तपस्या मात्र हो।

## च ) प्रभुको वचनमा रहिरहने, यताउता नलाग्ने हाम्रो स्थिरता

*'तब प्रभु येशूले आफूमाथि विश्वास गर्नेहरूलाई भन्नुभयो: तिमीहरू मेरो वचनमा लागिरह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ' (यूहन्ना ८:३१)।*

प्रभुको साँचो अनुसरण गर्ने हो भने हामी प्रभुको बाटोमा लागिरहनुपर्छ। शुरु गर्नु हामीलाई सजिलो लाग्छ, जोशसाथ हामी अघि बढ्छौं। तर हाम्रो विश्वास पक्का खालको विश्वास थियो कि थिएन? केले यो कुरा देखाउँछ त? जब हामी अन्तसम्म स्थिर रहन्छौं, तब यस प्रकारले जाँचिएको विश्वासले वास्तविक कुरा बताउँछ। आफ्नो हात हलोमा लगाएर पछिल्तिर हेर्ने कोही पनि परमेश्वरको राज्यको निम्ति लायकको हुँदैन (लूका ९:६२)। अनियमित रूपले प्रभुको वचन पालन गर्नु मिल्दैन। प्रभु येशूको पछि लाग्नेहरू शङ्का र वादविवाद नगरी, पूरा तवरले आज्ञाकारी भई लगातार यसो गर्नुपर्छ।

मलाई पछि हट्नुदेखि जोगाउनुहोस्,
मेरो हलोको अनौचाहिँ आँसुले भिजेको छ,
र फालीमा खिया लागिकेको छ; तैपनि
हे परमेश्वर, मलाई पछि हट्नुदेखि बचाउनुहोस्!!

## छ ) प्रभुको पछि लाग्न हाम्रो सबै कुराको परित्याग

*'यसकारण, यसरी नै तिमीहरूमध्ये हरेक जसले आफूसँग भएका सबै कुरा त्याग्दैन, त्यो मेरो चेला हुन सक्दैन' (लूका १४:३३)।*

प्रभुको अनुसरण गर्ने सब सर्तहरूमा योचाहिँ सबैभन्दा मन नपरेको होला, अनि शायद यो पद सम्पूर्ण बाइबलको सबैभन्दा मन नपर्ने पद हुन सक्छ। यहाँ यस पदमा भनेको कुरामा आफ्नो बुद्धि लगाएर अर्थ खोल्ने बाइबलका शास्त्रीहरूले यस पदमा भन्न चाहेको सम्बन्धमा हामीलाई हजार तर्कहरू दिन सक्छन्, तर हामीजस्तै साधारण विश्वासीहरूले प्रभु येशूले भन्नुभएको कुरा शङ्का नगरीकन खुशीसाथ आफ्नो मनमा ग्रहण गर्छन्, यो जानेर कि प्रभुले आफैले भन्नुभएको कुरा राम्ररी जान्नुहुन्छ।

सबै कुराहरू त्याग्नुको मतलब के हो त? हामीलाई अति दरकार नहुने र प्रभु येशूको मुक्ति दिने सुसमाचार फैलाउनको निम्ति उपयोगी हुने विलकुल सबै भौतिक धनसम्पत्तिको परित्याग गर्नु यसको अर्थ हो। प्रभुको निम्ति सबै कुराहरू त्याग्ने मानिस काम नलाग्ने आवारा बन्दैन; यस्तो व्यक्तिले आफ्नो र आफ्नो परिवारको आवश्यकता पूरा गर्नको लागि खूब परिश्रम गर्छ। तर उसको जीवनको एकमात्र चाहना प्रभु येशूको पक्ष लिई काम गर्नु हो, यसैले उसले आफ्नो दैनिक खाँचो पूरा गरेपछि बाँकी सबैचाहिँ प्रभुको काम अगाड़ि बढ़ाउनको लागि खर्च गर्छ र आफ्नो भविष्यको लागि प्रभुमाथि भरोसा गर्छ। परमेश्वरको राज्य र उहाँको इच्छा पूरा गर्न खोज्ने मानिसलाई कहिल्यै कुनै खानेकुरा र लाउने वास्त्रको अभाव हुँदैन भन्ने दृढ़ विश्वास उसले लिएको छ। प्रभुको सुसमाचार नसुनेर आत्माहरू नाश भइरहेको बेलामा उसले नचाहिएको, उब्रेको धन प्रभुलाई नदिई सक्दै सक्दैन; उसको विवेकले उसलाई धन सञ्चय गरी राख्न दिँदैन। उसले धन कमाउँदा-कमाउँदै आफ्नो जीवन बरबाद गर्न चाहँदैन, नता प्रभुको दोस्रो आगमनमा यो सम्पत्ति शैतानको हातमा पर्न दिन चाहन्छ। आफ्नो निम्ति पृथ्वीमा सम्पत्ति नथुपार भन्ने प्रभुको आज्ञा पालन गर्नु उसको मनको इच्छा हो। सबै कुरा त्याग्दा उसले एक दिन छोड्नुपर्ने र मनदेखि छोड़िसकेको कुरा प्रभुलाई चढ़ाउँछ।

ख्रीष्ट येशूलाई अनुयायी गर्ने चेलाको निम्ति दिइएका सातवटा सर्त यी हुन्। यी सर्तहरू एकदम बुझ्न सक्ने सुस्पष्ट छन्। तर यी सर्तहरू तपाईंको सामु प्रस्तुत गर्दा लेखकले आफैलाई दोषी ठहराएर बेकम्मा दास तुल्याएको महसुस गर्छन्। तर के परमेश्वरका जनहरूको असफलताले गर्दा परमेश्वरको सत्यता सधैं दमन गरिएर बस्नुपर्छ र? सन्देश सधैं सन्देश बोकेर ल्याउने मानिसभन्दा ठूलो हुन्छ भन्ने कुरा सत्य ठरिँदैन र? परमेश्वर सत्य ठहरिऊन्, तर हरेक मानिस झूटो! तब हामी आदरणीय पुरानो विश्वासी जनसँग यसो भनौं: *'मैले कामकुरा बिगारे तापनि तपाईंको इच्छा पूरा भएको होस्।'*

बितेका दिनहरूमा गरेको गल्ती मानिलिएर आओ, हामी साहससित हामीलाई सुम्पिदिइएका हाम्रा प्रभुका आदेशहरू शिरोपर गरेर अबदेखि उसो हाम्रा महिमित प्रभु येशूका सच्चा चेला बन्ने प्रयास गरौं।

हे मेरा स्वामी, मलाई तपाईंको घरको ढोकामा ल्याउनुहोस्,
अब तपाईंको आज्ञा मान्ने दासको यो मेरो कान फेरि एकपल्ट छेंड्नुहोस्!
तपाईंको बन्धन स्वतन्त्रता हो; यसैले मलाई रहन दिनुहोस्,
तपाईंसित रही म परिश्रमसाथ काम गर्छु, सहन्छु, आज्ञाकारी हुन्छु।

श्री एच. जी. सी. मूल, प्रस्थान २१:६ मा आधारित

# २

# सबै कुराहरूको परित्याग

*'यसकारण, यसरी नै तिमीहरूमध्ये हरेक जसले आफूसँग भएका सबै कुरा त्याग्दैन, त्यो मेरो चेला हुन सक्दैन' (लूका १४:३३)।*

प्रभु येशूको चेला हुने हो भने हामीले सबै थोक त्याग्नुपर्छ। हाम्रा मुक्तिदाताका शब्दको अर्थमा शङ्का छैन, त्यो एकदम स्पष्ट छ। प्रभुको आदेश बढ़ी भयो भनौं, यो त असम्भव छ; यो समझदारी होइन भनेर हामी यसको विरोध जति किन नगरौं, तैपनि प्रभुको वचन प्रभुकै वचन रहन्छ र उहाँले भन्नुभएको कुराको अर्थ त्यही रहन्छ।

यसैले यस सम्बन्धमा कुरा गर्दा हामीले शुरुमा यी निम्न अटल रहने सत्यताहरू आफैलाई याद दिलाउनुपर्छः

**क)** प्रभु येशूले यो आज्ञा कसलाई भन्नुभयो, सो याद गरौं। *'तिमीहरूमध्ये हरेक'* भन्दाखेरि उहाँले विशेष ख्रीष्टिय सेवक–सेविकाहरूलाई मात्र सम्बोधन गर्नुभएन, तर हामी सबैलाई यो आदेश दिनुभएको हो।

**ख)** हामी सबै थोक त्याग्न तयार हुनुपर्छ भनेर प्रभुले भन्नुभएन। तर उहाँले भन्नुभएको कुरा यस प्रकारको छः *'हरेक जसले आफूसँग भएका सबै कुरा त्याग्दैन।'*

**ग)** हामीले केही मात्रामा, हाम्रो धनसम्पत्तिको केही अंश मात्र त्याग्नुपर्छ भनेर प्रभुले भन्नुभएन। उहाँले यसो भन्नुभयोः *'हरेक जसले आफूसँग भएका सबै कुरा त्याग्दैन।'*

**घ)** हामीले आफ्नो धनसम्पत्ति उहाँको निम्ति त्याग्दैनौं भने पनि हामी केही न केही तरिकाले उहाँका चेला हुन सक्छौं भनेर प्रभुले भन्नुभएन। प्रभु येशूले यस्तै भन्नुभयोः *'जसले ... त्याग्दैन, त्यो मेरो चेला हुन सक्दैन।'*

साँच्चै हामीले प्रभुको यस दृढ़ र अटल आज्ञाको बारेमा कुनै अचम्म मान्नुपर्दैन। किनभने पवित्र बाइबलमा हामी प्रभु येशूका अरू यस किसिमका आदेशहरू पाउँछौं, जस्तैः

*'आफ्ना निम्ति पृथ्वीमा सम्पत्ति नथुपार, जहाँ कीरा र खियाले नष्ट पार्छन् – जहाँ चोरहरूले फोर्दछन् र चोर्दछन्; तर आफ्ना निम्ति सम्पत्ति स्वर्गमा थुपार, जहाँ न कीराले नष्ट पार्छ, न खियाले – जहाँ चोरहरूले न फोर्दछन् न चोर्दछन्।' मत्ती ६:१९–२०*

श्री जोहन् वेस्लीले यस सम्बन्धमा सही कुरा बताएका छन्, जब उनले यसो भनेः *'जसरी व्यभिचार गर्नु वा हत्या गर्नुहुँदैन भनेर हामीलाई मनाही छ, ठीक त्यसरी नै यस पृथ्वीमा आफ्नो लागि सम्पत्ति थुपार्नुहुँदैन भनेर हामीलाई मनाही गरिएको छ।'*

*'आफ्ना सम्पत्तिहरू बेच र दान देओ!'* भनेर के प्रभु येशूले यसो भन्नुभएको छैन र? (लूका १२:३३) *'तिमीमा भएका सबै कुरा बेच र गरिबहरूलाई बाँड़िदेऊ, र तिमीले स्वर्गमा धन पाउनेछौ; अनि आऊ, मेरो पछि लाग!'* भनेर उहाँले धनी जवान शासकलाई आदेश दिनुभएन र? (लूका १८:२२) यसो भन्दाखेरि उहाँले यो होइन, तर अर्को कुरा भन्न खोज्नुभएको हो भने उहाँले भन्न खोज्नुभएको कुरा के हो त? शुरुमा प्रभुको मण्डलीका विश्वासीहरूको विषयमा *'तिनीहरूले आ-आफ्ना सम्पत्ति र सामानहरू बेचेर हरेकलाई खाँचो परेअनुसार ती सबै मानिसहरूलाई बाँड़िदिन्थे'* (प्रेरित २:४५) भनेको कुरा हामी पढ्दा के भनौं त? के यो कुरा साँचो थिएन हामी भन्न सक्छौं? इतिहास पल्टाउने हो भने हामी के देख्छौं: परमेश्वरका पवित्र जनहरूमध्ये धेरैले सब कुरा त्यागेर प्रभुको पछि लाग्थे।

श्री एन्टोनी नोरिस ग्रोव्स् र उनको पत्नी इराकको बाग्दाद भन्ने राजधानीमा जाने प्रभुको बोलावट पाएपछि उनीहरूले यो कुरा निश्चय गरे: *'हामीले पृथ्वीमा आफ्नो निम्ति सम्पत्ति थुपार्ने काम रोक्नुपर्छ र हाम्रो सम्पूर्ण आमदनी प्रभुको सेवाको निम्ति अर्पण गर्नुपर्छ।'* यस सम्बन्धमा श्री ग्रोव्स्‌को आत्मविश्वास केकस्तो थियो, सो कुरा हामी उनको 'क्रिश्चन डिवोटेडनेस्' नामक पुस्तकमा पढ्न पाउँछौं।

श्री सी. टि. स्टडले आफ्नो सम्पूर्ण धनसम्पत्ति प्रभुलाई दिने निर्णय गरे र अहिले उनलाई दिइएको सुनौलो मौका छोप्ने निश्चय गरे, जुन मौका प्रभुको समयमा त्यस धनी जवान शासकले गुमाएको थियो। यसो गर्दा उनले परमेश्वरको वचनको स्पष्ट र छर्लङ्ग आज्ञा पालन गरेका थिए। हजारौं पाउड प्रभुको कामको लागि दिइसकेपछि उनले ३'४०० पाउड आफ्नो हुनेवाला पत्नीको लागि बाँकी राखे। तर तिनी आफ्नो पतिभन्दा केही कम थिइनन्। तिनले उनलाई सोधिन्: 'चार्लस्, प्रभुले त्यस धनी जवान शासकलाई के भन्नुभएको थियो?' तब उनले उत्तरमा भने: 'सब बेच्नू भन्नुभएको।' 'तब प्रभुप्रतिको हाम्रो कर्तव्य पूरा गरेर हामी हाम्रो दाम्पत्य जीवन सठीक प्रकारले शुरु गरौं ल।' यो जम्मै रकम प्रभुको सुसमाचारको कामको लागि दिइयो।

यही प्रकारले उनीहरूको समर्पित भएको मनबाट प्रेरणा पाएर श्री जिम एलियोटले आफ्नो डायरीमा यसो लेखे:

*'हे परमेश्वर पिता, मलाई कमजोरी तुल्याउनुहोस्, र म सांसारिक, क्षणिक हरेक कुरा छोड्न सकूँ। मेरो जीवन, मेरो नाम, मेरो धनमाथि लगाएको मेरो पक्राउ, प्रभु, कम गराएर मलाई हात छोड्न लगाउनुहोस्। हो, पिता, त्यसको मोहको जालबाट मलाई पूरा छुटकारा दिनुहोस्। कतिपल्ट मैले कुनै कुरा छोड़े तापनि मेरो मनभित्र यस कुराप्रति मैले एउटा लालसा, एउटा यस थोकलाई पुलपुल्याउने माया कायम राख्थें, जसलाई मैले हानि नगर्ने ठान्थें। तर अब मेरो हात खोल्नुहोस्, यसमा प्रभु येशूले झैं मैले क्रूसको काँटी ग्रहण गर्न सकूँ। यसो हुँदा म सब थोक छोड्न सक्छु र स्वतन्त्र हुन्छु; तब मलाई अहिले जेल्ने सब थोकबाट म उन्मुख हुन्छु। प्रभुले स्वर्ग छोड्नुभयो, अँ, परमेश्वरसित बराबर हुने सम्मान त्यागनुभयो र यो कुरा बलियो गरी समात्नुभएन। यसैले मैले पनि मेरो हात खोलेर पक्रेको जुनै चीज छोड्न सकूँ।'*

हाम्रो विश्वासघाती हृदयले 'प्रभुको वचन हामी अक्षरशः लिनुहुँदैन, यो असम्भव छ; हामीले सबै थोक छोड्यौं भने हामी भोकले मर्छौं' भनी हामीलाई बताउन खोज्छ। 'अनि के हामीले आफ्नो भविष्यको लागि र आफ्नो परिवारको भविष्यको लागि सोच्न र प्रबन्ध गर्नुहुँदैन र? सबै विश्वासीहरूले सब थोक छोड़ेर जाने हो भने प्रभुको कामको लागि कसैले दिने त? साथै केही इसाईहरू धनी हुनुपर्छ, नत्र ता खानदानी परिवारहरूले सुसमाचार कसरी सुन्न पाउँछन् त?' यस प्रकारका तर्कहरू फट्टाफट्ट मेसिनगनले छिटो-छिटो गोली हान्नेझैं हाम्रो मनमा पैदा हुन्छन्, र प्रभु येशूले भन्न चाहनुभएको कुरा यो होइन, यो हुनै सक्दैन भन्ने कुरा प्रमाणित गर्न चाहन्छन्।

तर भाइबहिनीहो, कुरा यस्तो छः प्रभुको यो आज्ञा हामीले पालन गर्नैपर्छ; यो कुनै बेसमझ र मूर्ख कुरा होइन। तर आज्ञाकारी जीवन सबभन्दा ठूलो आनन्द दिने जीवन हो। परमेश्वरको वचन र धेरै जनाको अनुभव साक्षी बस्छः प्रभुको लागि आफ्नो जीवन जिउँदो बलिदानको रूपमा दिने कसैको पनि कहिल्यै कुनै अभाव हुँदैन। जब कुनै मानिस परमेश्वरप्रति आज्ञाकारी हुन्छ, तब प्रभु आफैले उसको हेरचाह र वास्ता गर्नुहुन्छ।

ख्रीष्ट येशू आफ्नो स्वामीलाई पछ्याउनको निम्ति सब थोक त्यागने मानिसचाहिँ अरू सँगी-विश्वासीहरूमाथि उसलाई पाल्ने आशा राख्ने, कमजोर कङ्गाल भिखारी हुँदैन।

**क )** यस्तो मानिस परिश्रमी हुन्छ। आफ्नो खाँचो र आफ्नो परिवारको खाँचो पूरा गर्नको लागि यस मानिसले खूब परिश्रम गर्छ।

**ख )** ऊ परिमित हुन्छ। यसर्थ उसले सकेसम्म सादा जीवन जिउन खोज्छ र खाँचो पूरा गर्न तत्कालै नचाहिएको अरू सब कुरा प्रभुको कामको निम्ति दिन्छ।

**ग )** ऊ दूरदृष्टि लगाउने मानिस हुन्छ; किनकि यस संसारमा धन थुपार्नुको सट्टामा ऊ स्वर्गमा आफ्नो धन थुपार्छ।

**घ )** ऊ आफ्नो भविष्य परमेश्वरको हातमा सुम्पेको मानिस हो। बुढ़ेसकालको निम्ति फिक्री गर्दै आफ्नो जीवनको सबभन्दा उत्तम समय पैसा जोहो गर्नको लागि खर्च गर्न उसले चाहँदैन, तर यसको बदलीमा बरु उसको जीवनको सबभन्दा उत्तम भाग प्रभुको काममा लगाएर आफ्नो भविष्य प्रभुको हातमा सुम्पन्छ। जबसम्म उसले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर्छ, तबसम्म उसलाई खान र लाउन कुनै कुराको दरकार हुँदैन भन्ने उसको विश्वास छ (मत्ती ६:३३)।

भविष्यमा आइपर्न सक्ने कुनै अनिश्चित खाँचोको लागि धन थुपार्नु उसको लागि समझको कुरा होइन; किनकि उसका तर्क यस प्रकारका छन्:

**क )** हालै आत्मा बचाउने कामको लागि चलाउन सक्ने पैसा लिएर बैंकको खातामा जम्मा गरी राख्न मेरो विवेकले गर्न दिँदैन।

*'यस संसारको सम्पत्ति छ र आफ्नो भाइलाई खाँचो परेको देख्छ, तर त्यसप्रति आफ्नो हृदय कठोर पार्छ, तब परमेश्वरको प्रेम उसमा कसरी रहन्छ र?'* *१ यूहन्ना ३:१७*

श्री ए. एन. ग्रोव्स्‌ले हामीलाई यसो भन्दै प्रश्न गर्छन्: 'अनि तिमीले आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर भन्ने प्रभुको अर्को महत्त्वपूर्ण आज्ञाको विषयमा केकसो? (लेवी १९:१८)। के हामीले त्यसमा ध्यान दिनुपर्दैन र? के हामी साँचो प्रकारले आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गरेको दाबी गर्न सक्छौं, जब उसलाई खाँचो परेको छ, र हामीलाई

प्रशस्त भइरहेको छ र उब्रोपाब्रो हुन्छ ? यसैले म प्रभु येशूलाई बयान गरेर नसकिने परमेश्वरको दानको रूपमा चिन्ने र यसबाट आनन्द लिनेहरू सबलाई एउटा प्रश्न सोध्न चाहन्छु: केको निम्ति तिमीहरूले प्रभुको चिन्ने ज्ञान गुमाउन तयार छौ ? के सय संसाररूपी धन प्राप्त गर्नको निम्ति ? कुनै हालतमा तिमीहरूले प्रभु येशूलाई गुमाउन चाहँदैनौ भने त हामी केही पनि बाँकी नराखौं, जसद्वारा कोही न कोही मानिसले त्यही मुक्ति दिने ज्ञान र स्वर्गीय शान्ति पाउन सक्छन्।'

**ख )** प्रभु येशू अब चाँड़ै फेरि आउनुहुन्छ भन्ने कुरा हामीले साँचो गरी विश्वास गरेका छौं भने हामी हाम्रो धन तुरुन्तै प्रभुको काममा लगाउन चाहन्छौं, नत्र ता जुन धन लिएर हामीले अनन्त आशिष कमाउनको निम्ति प्रयोग गर्न सक्नेथियौं, त्यही धनसम्पत्तिचाहिँ शैतानको हातमा पर्न जान्छ।

**ग )** जब हामीसँग प्रभुको काममा लगाउन सक्ने पैसा छ, जुन पैसा हामीले प्रभुलाई दिन चाहँदैनौं, तब हामी प्रभुलाई उहाँको कामको लागि रकम जुटाइदिनुहोस् भनेर कसरी प्रार्थना गर्न सक्छौं ? सफा विवेक कायम राख्नेले यसो गर्न सक्दैन। ख्रीष्ट येशू आफ्ना प्रभुको लागि सब थोक त्यागेको व्यक्तिले ढाकछोप नगरी यसो प्रार्थना गर्न सक्छ।

**घ )** परमेश्वरको सारा मनसाय अरूलाई बताउन चाहेर हामी आफैले यहाँ ध्यान दिएको विषयजस्तै कति कुरा पालन नगरी छोड्छौं भने हामी यसो गर्न सक्दैनौं; किनभने यस प्रकारको हाम्रो जीवन-चरित्रले हामीले प्रचार गरेको कुरा काटेर रद्द तुल्याउँछ।

**ङ)** यस संसारका बुद्धिजीवी मानिसहरूले आफ्नो भविष्यको लागि प्रशस्त धन थुपार्छन्। तर तिनीहरू विश्वासले चल्दैनन्, तर देखेको कुरामाथि भरोसा गर्छन्। तर हामी प्रभुका जनहरू परमेश्वरमाथि भरोसा गरेर चल्नुपर्छ। जब हामी पनि संसारमा आफ्नो लागि धन थुपार्न थाल्छौं, तब सांसारिक मानिसहरू र तिनीहरूका जिउने तरिकाहरूभन्दा हामी केही फरक हुँदैनौं, होइन र ?

आफ्नो परिवारकाहरूको भविष्यको विषयमा सोच्नुपर्छ, नत्र हामी विश्वास नगर्नेहरूभन्दा खराब हुन्छौं भन्ने तर्क हामी घरीघरी सुन्छौं।

तल उल्लेख गरिएका दुईवटा पद लिएर मानिसहरूले यस कुरालाई पुष्टि गर्न खोज्छन्।

*'किनकि छोराछोरीहरूले बुबाआमाका निम्ति जोहो गर्नुपर्दैन, तर बाबुआमाले छोराछोरीहरूका निम्ति गर्नुपर्छ।' (२ कोरिन्थी १२:१४)*

*'तर यदि कसैले आफ्नाहरूका निम्ति र विशेष गरी आफ्नो परिवारका निम्ति प्रबन्ध गर्दैन भने उसले विश्वासलाई इन्कार गरेको छ र ऊ अविश्वासीभन्दा पनि खराब भएको छ।' (१ तिमोथी ५:८)*

होशियारीसाथ हामीले यी पदहरूको अध्ययन गर्ने हो भने त हामीलाई के थाहा लाग्छ: यी पदहरूमा हामीलाई दिइएको शिक्षाले अनिश्चित भविष्यमा आकस्मिक खर्चको विषयमा होइन, तर तत्कालै चाहिएको खाँचोको विषयमा हामीलाई चेतावनी दिएको छ।

२ कोरिन्थी १२:१४ पदमा प्रेरित पावलले छेड़ हानेर यो पद प्रयोग गरेका छन्। बुबाचाहिं उनी भए र कोरिन्थमा भएका विश्वासीहरूचाहिं उनका छोराछोरी भए। प्रभुको सेवकको रूपमा भार हुन पाउने उनको पूरा अधिकार भए तापनि उनी तिनीहरूको निम्ति आर्थिक भार हुन चाहँदैनथिए; किनभने उनी विश्वासमा तिनीहरूको आत्मिक बुबा हुन्थे र प्राय: बुबाआमाले छोराछोरीहरूको निम्ति जोहो गर्छन्, छोराछोरीहरूले बुबाआमाको निम्ति होइन। बुबाआमाले कसरी आफ्नो छोराछोरीहरूको भविष्यमा ध्यान लगाउनुपर्छ, यसको बारेमा यस खण्डमा हामीलाई शिक्षा दिइएको छैन, तर प्रेरित पावलको तत्कालको खाँचोमा ध्यान दिइएको हो। उनको भविष्यमा सम्भव हुने खाँचोको विषयमा यहाँ कुरै छैन।

१ तिमोथी ५:८ पदमा प्रेरित पावलले गरिब विधवाको विषयमा हेरचाह गर्ने नियम बताउँदै आएको हो। कुनै विधवाका आफन्तहरू छन् भने उनीहरूले नै तिनको वास्ता गर्ने जिम्मेवारी उठाउनुपरेको छ। तिनका आफन्त नभएको बेलामा अथवा आफन्त तिनीप्रति आफ्नो जिम्मेवारी पूरा नगरेको बेलामा स्थानीय मण्डलीले यस्ता विधवाको हेरचाह गर्नुपर्छ। यसो भए पनि भविष्यमा आइपर्ने खाँचोहरूमा होइन, तर हालैमा आवश्यक परेको कुरामा उनले हाम्रो ध्यान खिच्न चाहेका छन्।

परमेश्वरको सुन्दर आदर्श वा उचित तारिका यस प्रकारको छ: ख्रीष्टको शरीरमा एक-अर्काका अङ्गहरू भएको नाताले हामी एक-

अर्काको तत्कालीन खाँचो पूरा गर्नुपर्छः *'तर बराबरी हुने विचारले अहिले, यस घड़ीमा तिमीहरूको भरपूरीले उनीहरूको घटी पूरा गरोस्, र उनीहरूको भरपूरी पनि तिमीहरूको घटीको लागि पूर्ति भएको होस्; र बराबरी होस्, जस्तो लेखिएको छः जसले धेरै बटुल्यो, उसको केही उब्रेन, र जसले थोरै बटुल्यो, उसलाई केही घटी भएन'* (२ कोरिन्थी ८:१४-१५)।

आफ्नो भविष्यका आवश्यकताहरूको विषयमा फिक्री गर्ने विश्वासीको ठूलो समास्या के हो भने यसको लागि कति पर्याप्त होला, उसलाई थाहै हुँदैन। यसकारण कति चाहिएको, सो स्पष्ट नभएको रकममा नजर लगाएर धन कमाउन खोज्ने भाइबहिनीले यसमा आफ्नो जीवन बिताउँछन् र यसो गर्दा प्रभु येशूलाई आफ्नो जीवनको सबभन्दा राम्रो भाग दिने मोका गुमाउँछन्। बरबाद गरेको जीवनको अन्तमा आइसकेपछि उसले के महसुस गर्नुपर्छ भने उसले प्रभुको निम्ति आफ्नो जीवन अर्पण गरी खर्च गरेको भए उसका सब खाँचोहरूको निम्ति प्रभुले प्रबन्ध गरिदिनेथियो।

प्रभुका जनहरू सबैले प्रभु येशूका वचनहरूको अर्थ जस्तोको त्यस्तै लिएका भए प्रभुको कामको लागि कुनै अभाव हुनेथिएन; प्रभुको सुसमाचार व्यापक रूपले फैलिँदै जानेथियो र प्रशस्त मात्रामा बढ्दै जानेथियो। कहीं विश्वासी भाइ वा बहिनीलाई खाँचो परेको भए अरू विश्वासी जनहरूले आफ्नो भएको जति ऊसित बाँड्न पाउँदा उनीहरूको निम्ति ठूलो आनन्द र विशेष मौका ठहरिनेथियो।

कुनै न कुनै धनी विश्वासी जनहरू हुनुपर्छ, नत्रता धनी मानिसहरूलाई सुसमाचार सुनाउन सकिँदैन भन्ने तर्क हाँस उड़दो छ। प्रेरित पावल जेलमा हुँदा रोमी सम्राटको घरानाकाहरूलाई सुसमाचार सुनाए (फिलिप्पी ४:२२)। परमेश्वरप्रति हामी आज्ञाकारी बनौं, तब उहाँले साना-ठूला सब कुरा मिलाउनुहुन्छ भन्ने कुरामा हामी निश्चय हुन सक्छौं।

प्रभु येशूको आफ्नै जीवनको उदाहरणले यस सम्बन्धमा कुरा टुङ्गोमा ल्याउँछ। सेवक आफ्नो मालिकभन्दा ठूलो हुनुहुँदैन। श्री जर्ज मुल्लरले यस सम्बन्धमा आफ्नो राय दिँदै यसो भनेका छन्:

*'एउटा संसारमा जहाँ हाम्रा मालिक गरिब, दीन र अवहेलित हुनुहुन्थ्यो, त्यस्तो संसारमा उहाँको कुनै दासको लागि धन, उच्च पद र सम्मान खोज्नु शर्मलाग्दो कुरा हो।'*

श्री ए. एन. ग्रोव्स्‌ले थप्छन्: 'ख्रीष्टका दुःखकष्टहरूमा गरिबी पनि एउटै थियो (२ कोरिन्थी ८:९)। निश्चय नै गरिबीले सधैं थाङ्ना र मैला सङ्केत गर्दैन, तर यसले अवश्य बचत नभएको र ऐस नभएको अवस्था देखाउँछ। तीस वर्षभन्दा अघि श्री एन्डरु मुरेले यस कुरामा जोड़ दिएर यसो भनेका थिए: 'प्रभु येशू लगायत उहाँका प्रेरितहरू गरिब नहुँदा हुन् त उनीहरूलाई सुम्पिएको काम उनीहरूले पूरा गर्न सक्दैनथे। जसले अरूलाई उठाउन चाहन्छ, ऊ त्यो समारी, त्यो असल छिमेकीले गरेझैं झुक्नुपर्छ; किनभने सदाझैं अहिले जिइरहेका मानिसहरू पनि धेरै मात्रामा गरिब छन्।'

कति मानिसहरूले यसो भन्छन्: 'हामीलाई घर चलाउन कति सम्पत्ति चाहिएको छ।' यो कुरा सत्य हो। अरूले भन्छन्: 'व्यापारी भएर विश्वासीसित केही रकम हुनैपर्छ, नत्र व्यापार चल्दैन।' यो पनि साँचो कुरा हो। फेरि अरूले भन्छन्: 'परमेश्वरको महिमाको निम्ति चलाउन सक्ने मोटरकारजस्तै अरू कुराहरू छन् नि!' हो, यो पनि हामी मान्छौं। तर यी यथार्थ कुरा छोड़ेर हरेक विश्वासी जनले एक परिमित र सुसमाचार फैलाउनको निम्ति खर्चिएको जीवन बिताउनुपर्छ। उसको जीवनको उद्देश्य यही हुनुपर्छ: 'खूब परिश्रम गरौं, आफ्नो लागि थोरै मात्र खर्च गरौं, तर धेरैचाहिँ प्रभुलाई दिऔं, अँ यो सब प्रभुको महिमाको निम्ति गरौं।' (श्री ए. एन. ग्रोव्स्)

के हामीले प्रभुको निम्ति सबै थोक त्यागेका छौं? त्यागेका छैनौं? हामीमा हरेकले परमेश्वरको सामु आ-आफ्नो जीवनको लेखा दिनुपर्छ। यस सम्बन्धमा हामी अरू कुनै विश्वासीलाई न्याय गर्न पाउँदैनौं। हरेक व्यक्ति प्रभुको सामु आफ्नो विश्वासअनुसार निर्णय गर्नुपर्छ र त्यहीअनुसार चल्नुपर्छ। यो एकदम व्यक्तिगत कुरा हो।

तर विश्वाससाथ प्रभुको निम्ति सब थोक त्याग्ने निर्णय लिएपछि प्रभुले हामीलाई त्यस दिनसम्म नजानेको यस्तो समर्पित जीवन दिनुहुन्छ,

जहाँ घमण्ड गर्ने कुनै ठाउँ रहँदैन। प्रभुको निम्ति जे हामी अर्पन्छौं, त्योचाहिँ प्रभुले क्रूसमा दिनुभएको उहाँको जीवन–बलिको तुलनामा केही पनि होइन। प्रभुलाई हामी के दिन सक्छौं र? जेजति हामी प्रभुलाई अर्पण गर्छौं, उहाँलाई हामीले एकदिन गमाउनुपर्ने र माया गर्न छोड्सिकेको थोक मात्र चढ़ाउन सक्छौं; जसरी श्री जिम एलियोटले यसो भन्दै सही कुरा भनेका छन्: 'त्यो मानिस मूर्ख होइन, जसले कहिल्यै गुमाउन नपर्ने थोक प्राप्त गर्नको निम्ति कुनै दिनमा गुमाउनुपर्ने कुरा दिन्छ।'

# ३

# ख्रीष्टको चेला हुन नसक्ने बाधाहरू

हरेक जसले प्रभु येशूलाई पछ्याउने निर्णय लिएको छ, उसले यो कुरा निश्चय जानोस्ः उसको सामु प्रभुको बाटो छोड्न आह्वान दिने प्रशस्त उम्कने मोड़हरू देखा पर्नेछन्। विश्वासबाट पछि हट्ने अनेक मौका उसलाई मिल्नेछ। प्रभुको आवाजले होइन, अरू आवाजहरूले उसलाई 'तैंले प्रभुको गह्रुङ्गो क्रूस किन बोक्छस्, त्यसलाई हल्का गर्' भन्लान्। निस्वार्थी जीवन जिएर प्रभुको निम्ति आफ्नो जीवन खर्च गर्नुदेखि उसलाई रोक्ने बाह्र पल्टन दूतहरू तयार छन्।

यो कुरा तीन भावी चेलाको वृत्तान्तमा हामीलाई स्पष्ट रूपले देखाइएको छ। तिनीहरूले प्रभुको स्वर सुने तापनि पालन गर्न सकेनन्; किनकि अरू आवाजहरूले तिनीहरूलाई जितेका थिए।

*'अनि यस्तो भयो: उहाँहरू बाटोमा जाँदै गर्नुहुँदा कुनै एक मानिसले उहाँलाई भन्यो: 'प्रभु, तपाईं जहाँ–जहाँ जानुहुन्छ, म तपाईंको पछि–पछि लाग्नेछु।' तब येशूले त्यसलाई भन्नुभयो: 'स्यालहरूको ओड़ार छन्, र आकाशका चराहरूका गुँड़ छन्, तर मानिसका पुत्रको शिर राख्ने ठाउँधरि छैन।' अनि उहाँले अर्कोलाई भन्नुभयो: 'मेरो पछि लाग!' तर त्यसले भन्यो: 'प्रभु, पहिले मलाई जान र आफ्ना बुबालाई गाड्न दिनुहोस्।' येशूले त्यसलाई भन्नुभयो: 'मुर्दाहरूलाई आफ्ना मुर्दाहरू गाड्न देऊ; तर तिमीचाहिँ जाऊ र परमेश्वरको राज्यको प्रचार गर!' अनि अर्कोले यसो भन्यो: 'हे प्रभु, म तपाईंको पछि लाग्नेछु; तर पहिले मलाई मेरो घरमा भएकाहरूबाट बिदा लिन दिनुहोस्।' तब येशूले त्यसलाई भन्नुभयो: 'आफ्ना हात हलोमा राखेर पछिल्तिर हेर्ने कोही पनि परमेश्वरको राज्यका निम्ति लायकको हुँदैन।'* *लूका ९:३७–६२*

यहाँ हामी तीनजना व्यक्तिको विषयमा पढ्न पाउँछौं, जसका नाम दिइएको छैन। तिनीहरूले प्रभु येशूलाई मुखामुख भेट्न पाए। तिनीहरूको मनमा प्रभुलाई पछ्याऊँ, पछ्याऊँ जस्तै लागेको थियो। तर तिनीहरूले प्रभुको लागि आफ्नो सम्पूर्ण जीवन अर्पण गर्नुदेखि तिनीहरूलाई रोक्ने कुनै कुरालाई तिनीहरूको मन जित्न दिए।

## श्री हतपत

पहिलो व्यक्तिलाई हामी श्री हतपत भन्ने नाम दिन्छौं। उसले आफै–आफ प्रभुलाई जताततै पछ्याउने उत्कट इच्छा प्रकट गर्‍यो। *'प्रभु, तपाईं जहाँ–जहाँ जानुहुन्छ, म तपाईंको पछि–पछि लाग्नेछु।'* यसो गर्न ऊ जुनै दाम चुकाउन तयार थियो। कुनै दुःख उसलाई रोक्न सक्दैनथियो। उसको निम्ति कुनै बाटो अप्ठ्यारो लाग्दैनथियो।

शुरुमा प्रभुको जवाफचाहिँ श्री हतपतले खुला हृदयले चढ़ाएको विन्तीसित सम्बन्धित नभएको जस्तै लाग्छ। प्रभु येशूले उत्तरमा भन्नुभयो:

*'स्यालहरूको ओड़ार छन्, र आकाशका चराहरूका गुँड़ छन्, तर मानिसका पुत्रको शिर राख्ने ठाउँधरि छैन।'* वास्तवमा प्रभुको जवाफ एकदम ठीक थियो। उहाँले भन्न चाहनुभएको कुरा यस प्रकारको थियो: 'ठीक छ, तिमी जतातते मलाई पछ्याउन तयार छौ; तर के कुनै भौतिक फाइदा नहुँदा पनि तिमी यसो गर्न तयार छौ? मसित भन्दा त स्यालहरूसित बढ़ी सुखचैन छ; चराहरूको पनि गुँड़ छ, जो तिनीहरूकै सम्पत्ति गनिन्छ। तर मचाहिँ मैले सृष्टि गरेको संसारमा घरविहीन डुलुवा मात्र हुँ। के तिमी मलाई पछ्याउनको निम्ति आफ्नो घरजस्तै सुरक्षा दिने थोक गुमाउन तयार छौ? मेरो भक्ति र निष्ठावान् सेवा गर्नको निम्ति के तिमी यस जीवनमा उपभोग गर्न पाउने सुखहरू पनि गुमाउन तयार छौ?'

त्यो मानिस तयार रहेनछ; किनकि पवित्र बाइबलमा हामी उसको बारेमा कहीं फेरि पढ़्दैनौं। ख्रीष्ट येशूप्रति उसको भक्तिचाहिँ सानो थियो, तर संसारका थोकप्रति उसको माया ठूलो थियो। उसले यस संसारका सुखहरू माया गरेर गुमाउन चाहेन।

## श्री जुम्सो

दोस्रो व्यक्तिको नाम हामी श्री जुम्सो राख्छौं। पहिलो मानिसजस्तै ऊ अघि बढ़ेन; होइन, प्रभु येशूले उसलाई उहाँको पछि आउन बोलाउनुभयो। उसले जवाफ दिएर पूरै नाइँ भनेको त होइन; उसले प्रभुमा चासो नलिएको पनि होइन। तर पहिले उसले अरू केही गर्न चाहेको थियो। त्यो उसको ठूलो पाप थियो। प्रभुले ऊबाट चाहनुभएका कुराहरूभन्दा आफूले इच्छा गरेको कुरा ठूलो थियो।

उसको जवाफमा एकक्षण ध्यान दिऔं: *'प्रभु, पहिले मलाई जान र आफ्ना बाबुलाई गाड़्न दिनुहोस्।'* जुनै पनि छोराको निम्ति आफ्ना बुबाआमालाई आदर देखाउनु सुहाउँछ। अनि उसको बुबा बित्नुभएपछि उसले उचित प्रकारले आफ्नो बुबाको दफन गर्न पाउँछ; त्यो पनि हाम्रो ख्रीष्टिय विश्वाससित मेल खाने कुरा हो। तर जब अरूलाई हाम्रो आदर देखाउन चाहेको हाम्रो शिष्ट व्यवहारले चाहिँ प्रभु येशूले चासो राख्नुभएका कुराहरूसित मेल खाँदैन र तीभन्दा महत्त्वपूर्ण हुन जान्छ, तब यस्तो

व्यवहार पनि पाप बन्न पुग्छ। यस मानिसको जीवनको खास उद्देश्य उसको विन्तीबाट स्पष्ट बुझिन्छः 'प्रभु, पहिले म।' अर्को शब्दमा भन्ने हो भने आफू पहिले हुनु उसको इच्छा थियो, त्यो कुरा उसले आफ्ना शब्दले छिपाउन खोजेको मात्र थियो।

उसले 'प्रभु, पहिले म' भन्दाखेरि उसको जवाफ नैतिक हिसाबले कति नमिल्दो र असम्भव रहेछ, सो उसलाई थाहा थिएन। ख्रीष्ट येशूचाहिँ प्रभु हुनुहुन्छ, अनि उहाँले पहिलो स्थान पाउनैपर्छ। जबसम्म त्यो म भन्नेचाहिँ हृदयको सिंहासनमा बस्छ, तबसम्म प्रभु येशूले हाम्रो जीवनमा राज्य गर्न पाउनुहुन्न।

श्री जुम्सोको एउटा काम थियो, जुन कामचाहिँ उसले पहिले गरी सिद्ध्याउन चाहेको थियो। यसैले प्रभु येशूले उसलाई ठीक उत्तर दिनुभयोः *'मुर्दाहरूलाई आफ्ना मुर्दाहरू गाड्न देऊ; तर तिमीचाहिँ जाऊ र परमेश्वरको राज्यको प्रचार गर!'* हामीले आफ्नै शब्दमा प्रभुको उत्तर यस प्रकारले व्याख्या गरौंः 'जीवनमा कति कामकुराहरू छन्, जुनचाहिँ पूरा गर्न विश्वासीहरूलाई चाहिँदैन; किनकि आत्मिक हिसाबले मरेकाहरूले ती काम गर्न सक्छन्। तर अर्का कामकुराहरू छन्, जुन कामकुराचाहिँ विश्वासीहरूले मात्र पूरा गर्न सक्छन्। यसैले मुक्ति नपाउने मानिसले गर्न सक्ने कामहरूमा व्यस्त भएर आफ्नो जीवन खर्च नगर! आत्मिक हिसाबले मरेकाहरूले त्यो मरेको मानिसको लास गाड्न देऊ। तर तिमीचाहिँ नभई नहुने काम गर! यस संसारमा मेरो राज्यको विस्तार तिम्रो जीवनको मुख्य लक्ष्य बनोस्।'

श्री जुम्सोले प्रभुको साँचो चेला हुन तिर्नुपर्ने दाम उसको लागि ज्यादा थियो; किनभने उसको नाम कहीं देखा पर्दैन। उसले जीवनको रङ्गमञ्चमा खेल्ने अर्को अवसर पाएन। पहिलो भावी चेलालाई भौतिक सुखचैनले बाधा दियो भने यहाँ दोस्रो व्यक्तिलाई चाहिँ कुनै काम वा नोकरीले प्रभुको निम्ति आफ्नो जीवनको मुख्य उद्देश्य पूरा गर्न नदिएको देखिन्छ। जागिर खाएकोमा कुनै गल्ती छैन; किनभने परमेश्वरको इच्छा यस्तो छः हामी काम गरेर आफ्नो व्यक्तिगत खाँचो र आफ्नो परिवारका आवश्यकताहरू पूरा गर्नुपर्छ। तर परमेश्वरको माग यही पनि होः प्रभु येशूको अनुसरण

गर्ने साँचो चेलाको निम्ति परमेश्वरको राज्य र उहाँको धार्मिकताले पहिलो स्थान पाउनुपर्छ। यसो हो भने प्रभुलाई नमान्ने मानिसले पनि गर्न सक्ने, हामीभन्दा राम्ररी पूरा गर्न सक्ने कामकुरामा मात्र व्यस्त भई आफ्नो जीवन खर्च गर्नु विश्वासी जनको लागि सुहाउँदैन। काम गरेको वा जागिर खाएको उद्देश्य त दैनिक आवश्यकताहरू पूरा गर्नु मात्र हो नि; ख्रीष्टमा हाम्रो उच्च बोलावट परमेश्वरको राज्यको प्रचार गर्नु नै हो।

## श्री सुगम

तेस्रो व्यक्तिको नाम श्री सुगम हो। ऊ पहिलो मानिसझैं प्रभु येशूको पछि लाग्न अघि सर्‍यो। ऊ दोस्रो मानिसजस्तै पनि भयो; किनकि उसले 'तर पहिले मलाई' भनेर आफ्नो कुरा काट्यो। *'हे प्रभु, म तपाईंको पछि लाग्नेछु; तर पहिले मलाई मेरो घरमा भएकाहरूबाट बिदा लिन दिनु-होस्।'* तेस्रो व्यक्तिको विन्तीमा यसो हेर्दाखेरि हामी कुनै गल्ती भेट्टाउँदैनौं; किनभने आफन्तहरूप्रतिको हाम्रो मायालु व्यवहारमा परमेश्वरले केही दोष पाउनुहुन्न, नता उनीहरूबाट बिदा लिँदा हामी शिष्ट भएर सामाजिक नियम पालन गरेकोमा दोष छ। तब कुन कुरामा ठेस खाएर त्यो मानिस पछि हट्यो त? दोष यसमा छः उसले आफ्नो मनमा प्रभुलाई दिनुपर्ने पहिलो ठाउँ आफन्तहरूलाई दिएको थियो। उनीहरूको प्रेमको बन्धनमा परेर उनीहरूप्रतिको स्वाभाविक मायाले उसलाई जित्यो।

अनि उसको मनभित्र यो कुरा देखेर प्रभु येशूले उसलाई उत्तरमा यसो भन्नुभयोः *'आफ्ना हात हलोमा राखेर पछिल्तिर हेर्ने कोही पनि परमेश्वरको राज्यका निम्ति लायकको हुँदैन।'* यो उत्तर फेरि आफ्नै शब्दमा भनौंः 'तिमीजस्तो पुलपुलाइएको, अति नरम र हिम्मत नभएको मानिस मेरो चेला हुन सक्दैन। मैले खोजेका मानिसहरू परिवारका बन्धन तोड्न तयार हुनुपर्छ; उनीहरूलाई आफन्तहरूको प्रेम-भावले रोक्न सक्दैन, र उनीहरूले जीवनभरि मलाई नै अरू जुनै मानिसलाई भन्दा बढ़ी प्रेम गर्छन्।'

श्री सुगमले प्रभुलाई छोड़ेर गएको र निराश भई आफ्नो बाटोमा लागेको अनुमान गर्नु हामीलाई कर लाग्छ। आफ्नो परिवारलाई बढ़ता

माया गरेको त्यस बन्धनले उसलाई प्रभुको चेला हुन नदिएको र उसले उत्साहपूर्वक आँट्न खोजेको आकाङ्क्षाबाट उसलाई तर्काइदियो। हुन सक्छ, उसले आफ्नो आमालाई सम्झ्यो होला, जसले रुँदै-रुँदै उसलाई 'छोरा, तिमीले मलाई छोड़ेर विदेशमा प्रभुको सेवा गर्न जान्छौ भने म शोकले मर्छु' भनेर रोक्छिन्। त्यो हामी निश्चित रूपले भन्न सक्दैनौं। एउटै कुरा मात्र हामी जान्दछौं: पवित्र बाइबलमा परमेश्वर ऊप्रति कृपालु भई उसको नाम नदिनु उहाँलाई असल लाग्यो। त्यो हिम्मत नबाँध्ने, लुलो मानिस पछि हटेर उसको जीवनको सबभन्दा ठूलो मौका गुमाइपठायो। उसको जीवनको सम्झनामा के रह्यो? ऊ परमेश्वरको राज्यका निम्ति लायक नभएको ठहरियो।

## निचोड़

यी तीनजना भावी चेलाहरूको एक-एक जीवन निहाल्दा हामीले प्रभुको साँचो चेला हुनुदेखि हामीलाई रोक्न खोज्ने तीनवटा मुख्य बाधाहरू भेट्यौं, जसले गर्दा ती तीनजना व्यक्तिहरूले प्रभु येशूलाई पछ्याउन सकेनन्।

श्री हतपतले यस संसारका सुखहरू बढ़ी माया गर्थ्यो भने,

श्री जुम्सोले आफ्नो काम वा नोकरीलाई पहिलो स्थान दिएको थियो,

र श्री सुगमले आफ्नो परिवारलाई आफ्नो हृदयमा पहिलो स्थान दिएर उनीहरूको मायाको बन्धनमा फस्यो।

प्रभु येशूको बालावट आज पनि जारी नै छ: उहाँ यस्ता दाजुभाइ-दिदीबहिनीहरूलाई खोज्दै हुनुहुन्छ, जो हिम्मतसाथ र प्रभुको लागि सबै थोक त्यागेर खुशीसाथ उहाँको पछि लाग्छन्। प्रभुको बाटो छोड्न सक्न उम्कने मोड़हरू पाइन्छ, हामीलाई आह्वान गर्दै भड्काउन खोज्ने स्वरहरूले यसो भन्छन्: 'छोड़िदेऊ, यो कदापि नहोस्।' धेरैले प्रभुलाई छोड्लान्, र उहाँलाई नपछ्याउलान्; यसो भए पनि कतिले आफ्नो जीवनमा प्रभुको बोलावट स्वीकार गर्न तयार छन्। अनि तपाईं नि कसो?

हे प्रभु येशू, मैले आफ्नो क्रूस उठाएको छु,
सबै थोक छोड़ेर तपाईंलाई पछ्याउन म तयार छु;
नाङ्गो, गरिब, त्यागिएको, निन्दाको पात्र बन्नुपरे पनि
अबदेखि उसो तपाईं नै मेरो सब थोक हुनुहुनेछ।
मैले चाह गरेको, मैले आश राखेको, मैले जानेको
मेरो हृदयको हरेक लालसा नष्ट होस्।
आफ्नो अवस्था नियाल्दा म साँच्चि कति धनी छु:
किनकि परमेश्वर र स्वर्ग सब मेरा हुन्।

यस संसारले मलाई तुच्छ ठानोस् र मलाई छोड़ी जाओस्,
तिनीहरूले त मेरा प्रभुलाई पहिल्यै छोड़िसकेका थिए;
मानिसहरूको माया र सुन्दरताले मलाई लोभ्याउन खोज्छन्,
तिनीहरूजस्तै धोकापूर्ण तपाईं हुनुहुन्न,
तपाईं त विलकुल सत्य हुनुहुन्छ;
अहो, तपाईंको मुस्कान मेरो लागि कति मीठो छ,
त्यो परमेश्वरको बुद्धि, उहाँको प्रेम र शक्तिले भरिएको छ;
शत्रुहरूले मलाई घृणा गरून्,
इष्टमित्रहरूले मलाई नचिन्ने जस्तै गरून्,
तपाईंको चेहरा मात्र मलाई हेर्न दिनुहोस्,
र सबको सब उज्यालो हुनेछ।

श्री एच. एफ. लिट्

# ४

# येशूको चेला एउटा भण्डारी हो

पहिले लूका १६:१–१३ पढ्नुहोस्।

अधर्मी भण्डारीको दृष्टान्त प्रभुका चेलाहरूलाई नै सुनाइएको थियो। यस दृष्टान्तमा प्रभु येशूले आफ्ना चेलाहरूलाई आफ्नो सिद्धान्तका मुख्य बुँदाहरू सिकाउनुभयो, जुन बुँदाहरूचाहिँ वर्तमान समयसम्म उहाँका सब चेलाहरूको लागि लागू हुन्छन्। यसो भए प्रभु येशूका चेलाहरू भण्डारी हुन्, जसको जिम्मामा प्रभुले आफ्नो सम्पत्ति सुम्पनुभएको छ, र जसको ध्यान उहाँलाई मन पर्ने कुराहरूमा रहनुपर्छ।

यस दृष्टान्तमा बुझ्न गाह्रो कुराहरू छन्; किनकि यसमा छल र धूर्ततापूर्ण व्यवहारको सह्नी गरिएको जस्तै देखिन्छ। तर यस दृष्टान्तको

खास अर्थ बुझेपछि हामी यसमा प्रभुको शिक्षाका महत्त्वपूर्ण बुँदाहरूले भरिएको देख्छौं।

छोटकारीमा यो कहनी यस प्रकारको छः धनी साहूले आफ्नो सम्पत्ति एउटा भण्डारीको हातमा जिम्मा लगाएका थिए। केही समयपछि मालिकले के सुने भने – त्यस भण्डारीले उनको सम्पत्ति बरबाद गर्‍यो रे। यसो हुँदा उनले त्यसको हरहिसाब देख्न चाहे, र उसलाई तिमी भण्डारीको कामबाट अवकाश लिनुपर्छ भन्ने सूचना दिए। तब त्यस भण्डारीलाई खूब आपत् पर्न लाग्यो। उसको भविष्य कति अँध्यारो देखा पर्‍यो। श्रमिक परिश्रम गर्नको निम्ति ऊ निक्कै बूढ़ो भइसकेको थियो र भीख माग्न उसलाई शर्म लाग्दथ्यो। यसैले आफ्नो भविष्यको लागि उसले आफ्ना साथीहरूलाई नगुमाउने एउटा योजना बनाइहाल्यो। ऊ आफ्ना मालिकको एउटा ऋणीकहाँ गएर त्यसलाई सोध्यो: 'तिमीलाई मेरो मालिकको कति ऋण लागेको छ?' यस प्रश्नको उत्तर यस्तो थियो: 'एक सय मन तेल।' तब उसले त्यसलाई भन्यो: 'आधा रकम तिरिहाल, र कुरा मिलिगो!' उसको मालिकको अर्को ऋणीकहाँ गई उसले सोध्यो: 'अनि तिमीलाई कति ऋण लागेको छ?' त्यसले भन्यो: 'पाँच सय मुरी गहुँ।' 'ठीक छ, मलाई चार सय मुरी देऊ, र कुरा मिल्छ ल!'

तर त्यस धूर्त भण्डारीको कारवाहीले भन्दा त यस सम्बन्धमा उसको मालिकले प्रकट गरेको आफ्नो विचार–विमर्शले झन् छक्कै पार्छ; किनभने यसो लेखिएको छः

*'अनि मालिकले त्यस अधर्मी भण्डारीको तारिफ गरे; किनकि उसले चतुरतापूर्वक काम गरेको थियो; किनकि यस संसारका सन्तान आफ्नो पुस्तामा ज्योतिका सन्तानभन्दा बढ़ता चतुर हुन्छन्।'* (पद ८)

कुरा स्पष्ट छः यस काममा चतुर व्यवहार लगाइयो; तब यसको तारिफ गरेको हामीले कसरी बुझ्नुपर्छ त? यस सम्बन्धमा एउटा कुरा निश्चित छः न त्यस भण्डारीले न हाम्रा प्रभुले कुनै दुष्ट छलको सह्नी गर्नुहुन्छ; किनकि यही सम्पत्ति बरबाद गरेको दोषले गर्दा उसले भण्डारीको काम छोड्नुपर्‍यो। कुनै न्यायसँगत व्यक्तिले कहिल्यै यस्तो छली र अविश्वासी व्यवहारको प्रशंसा गर्दैन। यस दृष्टान्तद्वारा प्रभुले सिकाउन चाहनुभएको

जे भए पनि उहाँले अर्कोको धनसम्पत्ति हरण गर्ने काम कहिल्यै ठीक हो भन्न खोज्नुभएन।

एउटा कारणले गर्दा मात्र त्यस अधर्मी भण्डारीलाई तारिफ दिन मिल्छः उसले आफ्नो भविष्यको लागि सोचेको थियो। भण्डारी–कामबाट निकालिएपछि उसका साथीहरूले उसलाई नछोड्लान् भन्ने उद्देश्यले उसले कदम चाल्न थाल्यो। वर्तमान परिस्थिति नहेरी भविष्यमा नजर राखेर उसले काम गऱ्यो। दृष्टान्तको सारांश यही हो। सांसारिक मानिसहरूले आफ्नो भविष्यका दिनहरूको निम्ति बन्दोबस्त गर्न बड़ो परिश्रम गर्छन्। तिनीहरूको भविष्य त बुढ़ेसकाल, अँ, कामबाट अवकाश लिएर बस्ने जीवनको बाँकी समय मात्र हो, त्यसबाहेक तिनीहरूको भविष्य नै छैन। यसो भए पनि तिनीहरूले दिनरात परिश्रम गर्छन्; किनभने तिनीहरूको काम गरेर कमाउने अवधि सकेपछि तिनीहरूले आरामसाथ बाँकी जीवन बिताउन चाहन्छन्। आफ्नो भविष्यको चिन्त हटाउन सक्ने प्रबन्ध तयार नगरेसम्म तिनीहरूले परिश्रम गर्न छोड्दैनन्।

यस कुरामा अविश्वासीहरू हामी विश्वासीहरूभन्दा चलाख छन्। तर यो किन यस्तो हो, सो बुझ्नको निम्ति हामीले एउटा कुरा याद गर्नुपर्छः हाम्रो भविष्य यस संसारमा होइन, हाम्रो भविष्य त स्वर्गमा छ। यो अति महत्त्वपूर्ण कुरा हो। अविश्वासीको भविष्य भनेको आजदेखि त्यसको मृत्यु नभएसम्मको समय बुझिन्छ भने हामी परमेश्वरका छोराछोरीहरूको भविष्य अनन्त हुन्छ; हामीले सदासर्वदा प्रभुको साथमा रहन पाउनेछौं।

यस सिलसिलामा प्रभु येशूले व्यवहारमा उतार्नुपर्ने पाठ सिकाउँदै हामीलाई यसो भन्नुहुन्छः *'अनि म तिमीहरूलाई भन्दछुः अधर्मको धनले आफ्ना निम्ति साथीहरू बनाओ, यसउसले कि जब तिमीहरूको अन्त हुन्छ, तब तिनीहरूले तिमीहरूलाई अनन्त वासस्थानहरूमा स्वागत गरून्।'* (पद ९)

अधर्मको धन भनेको रुपियाँपैसा हो अथवा अरू भौतिक सम्पत्तिहरू। हामीले यी कुराहरू प्रभुको निम्ति आत्मा बचाउने काममा लगाउन सक्छौं। हामीले विश्वासयोग्यतासाथ आफ्नो रुपियाँपैसा प्रयोग गरेर जितेका मानिसहरूलाई यस खण्डमा साथीहरू भनिएको छ। त्यो दिन

निश्चय आउँछ, जब हाम्रो अन्त हुन्छ। कि त हामी माटोमा मिलिजान्छौं कि त प्रभुले हामीलाई उठाएर लैजानुहुनेछ। बुद्धि लगाएर चलाएको हाम्रा भौतिक धनसम्पत्तिद्वारा जितेका आत्माहरू अर्थात् ती साथीहरूले स्वागत–समितिको रूपमा हामीलाई स्वर्गीय वासस्थानमा न्यानो स्वागत दिनेछन्।

यही किसिमले बुद्धिमान् भण्डारीहरूले आफ्नो भविष्यको निम्ति योजना बनाउँछन्। यस संसारमा कुनै चिन्त गर्न नपर्ने गरी आफ्नो निम्ति प्रबन्ध तयार गर्नुमा उनीहरूले आफ्नो जीवन खर्च गर्दैनन्; होइन, उनीहरूको मनभित्रको चाहना र घोर परिश्रमको एउटा मात्र लक्ष्य छः स्वर्गमा आफ्नो वरिपरि उनीहरूले यी साथीहरूलाई देख्न चाहन्छन्, जसलाई उनीहरूले आफ्नो सम्पत्तिद्वारा प्रभुको लागि जित्न सके। हो, तिनीहरूलाई त्यस सम्पत्तिले जितियो, जसद्वारा बाइबल, नयाँ नियम, सुसमाचारका पुस्तिका, पर्चा र अरू अन्य ख्रीष्टिय किताबहरू बनाइएका थिए। तिनीहरू त्यही रुपियाँपैसाको फल हुन्, जुन रुपियाँपैसा स्वदेश र विदेशमा सुसमाचार प्रचारकहरूलाई दिइएको र प्रचार गर्ने काममा लगाइएको थियो। हो, त्यही रकमले नै काम गर्‍यो, जसको सहायताले रेडियोबाट ख्रीष्टको सुसमाचार फैलियो र अरू अन्य उपयोगी ख्रीष्टिय सेवाहरू चलाइएका थिए। छोटकारीमा भन्नु हो भने हर प्रकारले मुक्ति दिने सुसमाचार फैलाउनको लागि प्रयोग गरिएको हाम्रो पैसाको प्रतिफल स्वर्गमा पाइन्छ। 'स्वर्गमा फेरि पाइने कुराको निम्ति आफ्नो सम्पत्ति खर्च गर्नु नै स्वर्गमा आफ्नो निम्ति सम्पत्ति थुपार्ने एकमात्र उपाय हो।'

जब आफ्नो भौतिक सम्पत्ति लिएर अमूल्य आत्माहरू बचाउन सकिन्छ भन्ने ज्ञान एकजना विश्वासी जनको मनमा उदाउँछ, तब उसले संसारका थोकहरूलाई माया गर्न छोड्छ र यी कुरा थोक नै सम्झन्छ। खूब आनन्द दिने सुख–विलासका कुरा, धनसम्पत्ति र भौतिक वैभवले उसको मनलाई अमिलो पार्दछन्। उसले प्रभुको अचम्मको शक्तिले यस्तो अधर्मको धन परमेश्वरको पुत्रको भक्ति गर्ने मानिसहरूमा परिणत भएको देख्न चाहन्छ; उसको ठूलो चाहना यही हो। मानिसहरूको जीवनमा एउटा काम गर्नु छ, जसले गर्दा अनन्तसम्म परमेश्वरको महिमा हुनेछ

र अनन्तसम्म मानिसहरू आशिषित बन्नेछन्। ऊ यो कुरा सम्भव भएको देख्छ; यस कुराले उसलाई करमा पारेको छ। श्री रटरफोर्डले जुन तिर्सना अनुभव गरे, त्यस तिर्सनाको अलिक स्वाद उसलाई पनि लागेको छ।

श्री रटरफोर्डले यसो भने:

*'अन्त्वोर्थ नामक गाउँबाट एउटा आत्मा मलाई परमेश्वरको दाहिने हातपट्टि भेट्न आउँछ भने त इम्मानुएलको देशमा मेरो स्वर्गीय आनन्दको सीमा रहनेछैन।'* (श्री एन आर. कुजिनले उद्धरण दिएको)

उनको निम्ति सब हीरामोती, बैंकका खाता, र सबै बिमापत्रहरू, साथै सबै निवास, पानीजहाज र मोटरकार आदि कुराहरू सबका सब अधर्मको धन मात्र हुन्। ती चीजहरू आफ्नो लागि चलाएमा ती सब थोक बेकारका हुन्छन्, तर यी कुराहरू प्रभुको निम्ति उपयोग गरेमा यी थोकहरूबाट अनन्तसम्म फाइदा उठाइन्छ।

हामी भौतिक चीजहरू कसरी प्रयोगमा ल्याउँछौं? यी थोकहरूलाई हामी कतिसम्म लोभ गरेर मनले समातेका हुन्छौं, यसैबाट हाम्रो स्वभाव कस्तो छ, स्पष्ट देखा पर्छ। पद १०मा प्रभु येशूले यस कुरामाथि जोड़ लगाउनुहुन्छ, जब उहाँले भन्नुहुन्छ:

*'जो सबैभन्दा थोरै कुरामा विस्वासयोग्य हुन्छ, त्यो धेरैमा पनि विश्वासयोग्य हुन्छ; अनि जो सबैभन्दा थोरै कुरामा अधर्मी हुन्छ, त्यो धेरैमा पनि अधर्मी नै हुन्छ।'*

हाम्रा भौतिक थोकहरू हामी कसरी चलाउँछौं, त्यो कुरा प्रभुको शब्दमा सबैभन्दा सानो, थोरै कुरा भनिएको रहेछ। विश्वासयोग्य तिनीहरू हुन्, जसले यी भौतिक कुराहरू परमेश्वरको महिमाको निम्ति साथै मानिसहरूको आशिषको कारणको रूपमा प्रयोगमा लगाउँछन्। इमानदारी नभएका ती हुन्, जसले यी भौतिक कुराहरू लिएर आफ्नो मोजमज्जामा, आफ्नो सुखविलाशको निम्ति, अँ, आफ्नो स्वार्थको पूर्तिको निम्ति खर्च गर्छन्। जुन मानिसलाई सानो कुरा अर्थात् भौतिक कुराहरू जिम्मामा लगाउन सकिँदैन, त्यस्तो मानिसलाई ठूलो जिम्मा अर्थात् आत्मिक कुराहरूको भण्डारी-काम कसरी सुम्पिदिन सकिन्छ र? यो मानिस जो अधर्मको धनसित इमानदारी काम गर्दैन, यस्तो व्यक्ति प्रभु येशूको

विश्वासयोग्य सेवक र परमेश्वरका रहस्य चलाउन सक्ने भण्डारी बन्छ भन्ने आशा हामी कसरी लिन सक्छौं? (१ कोरिन्थी ४:१)

हाम्रा प्रभुले कुरा अझ स्पष्ट पार्दै हामीलाई भन्नुहुन्छ:

*'यसकारण अधर्मको धनमा तिमीहरू विश्वासयोग्य भएका छैनौ भने साँचो धन कसले तिमीहरूको जिम्मामा सुम्पिदिला र?'* (पद ११)

सांसारिक धनसम्पत्तिचाहिँ साँचो धन होइन रहेछ; किनभने यस्ता कुराको मूल्य सीमित र क्षणिक हुन्छ। आत्मिक कुराहरूचाहिँ खास धन हो। आत्मिक धनको मूल्य असीमित हो र त्यसको अन्त कहिल्यै हुँदैन। एकजना मानिस जो भौतिक कुराहरूमा विश्वासयोग्य हुन्छ, उसको जिम्मामा मात्र परमेश्वरले यस पृथ्वीमा आत्मिक धनसम्पत्ति सुम्पनुहुन्छ र पछि स्वर्गमा आफ्नो सम्पत्तिमाथि अधिकार दिनुहुन्छ।

प्रभुले आफ्नो तर्कमा अझै एउटा कुरा थप्दै भन्नुहुन्छ:

*'अनि अर्काको चीजमा तिमीहरू विश्वासयोग्य भएका छैनौ भने कसले तिमीहरूलाई तिमीहरूको आफ्नै देला?'* (पद १२)

याद राख्नुहोस्: भौतिक थोकहरू तपाईंका होइनन्; यी चीजहरू परमेश्वरका हुन्। हामीसँग जेजति कुरा छन्, ती सबै परमेश्वरले हामीलाई पवित्र भण्डारी-कामको निम्ति सुम्पिदिनुभएका कुरा हुन्। हाम्रै भन्न सक्ने कुरा केवल ती थोकहरू हुन्, जुनचाहिँ हामीले यहाँ यस संसारमा आफ्नो जीवनद्वारा प्रभुको सेवामा परिश्रम गरेर वा बाइबल-अध्ययनमा मेहनत गरेर कमाएका छौं; अनि यी कुराहरू पनि हाम्रै हुन्, जुन कुराहरू वश्वासयोग्य भण्डारी-काम गरेको बापत हामीले स्वर्गमा पाउनेछौं। परमेश्वरको सम्पत्तिको प्रयोगमा हामी विश्वासयोग्य भएनौं भने परमेश्वरको वचनको गहिराइमा रहेका सत्यताहरू हामीलाई यस जीवनकालमा दिइनेछैनन्, र आउने संसारमा हाम्रो इनाम हुनेछैन।

चरमसीमा पुगेर प्रभु येशूले यस सम्पूर्ण दृष्टान्तको शिक्षा यस प्रकारले निचोड़मा ल्याउनुहुन्छ:

*'कुनै पनि नोकरले दुईजना मानिकको सेवा गर्न सक्दैन; कि त उसले एकजनालाई घृणा गरेर अर्कोलाई प्रेम गर्नेछ, कि त उसले*

*एकजनासँग टाँसिएर अर्कोलाई तुच्छ ठान्नेछ। तिमीहरूले परमेश्वर र धन दुवैको सेवा गर्न सक्दैनौ।'* (पद १३)

एकजना मानिसका दुई मालिक हुनु असम्भव कुरा हो। प्रभुको चेला दुईवटा राज्यका नियम पालन गरेर जिउन सक्दैन। एउटा भण्डारीले कि त परमेश्वरलाई प्रेम गर्छ कि त धनलाई माया गर्छ। उसले धनलाई माया गर्‍यो भने उसले परमेश्वरलाई प्रेम गर्न सक्दैन, तर उहाँलाई घृणा पो गर्छ। अनि याद राख्नुहोस्ः यो मुक्ति नपाएका मानिसहरूलाई बताइएको दृष्टान्त होइन, तर आफ्ना चेलाहरूलाई प्रभुले दिनुभएको शिक्षा हो।

# ५

# प्रभु येशूको चेला जोशले पूर्ण हुनुपर्छ

प्रभु येशूको चेलालाई, जसको समझशक्ति कम छ, कुनै दोष लाग्दैन। उसको शरीरमा पनि अरूभन्दा बढ़ी बल र तागत छैन भने यसमा पनि उसलाई माफ छ। तर प्रभु येशूको कुनै चेलामा जोश छैन भने यसमा ऊ दोषी हुन्छ–हुन्छ। ख्रीष्टको निम्ति उसको हृदयमा रगत उम्लने उत्तेजना छैन भने यो उसको अपराध हो; किनभने हामी विश्वासीहरू उहीं व्यक्तिका अनुयायी हौं, जसले भन्नुभएको छः *'तपाईंको घरको जोशले मलाई खाइसकेको छ'* (यूहन्ना २:१७)। परमेश्वरको लागि र उहाँका अभिप्रायहरूको लागि प्रभु येशू हाम्रा मुक्तिदाता जोशले पूर्ण हुनुहुन्थ्यो। तब हामी उहाँको पछि लाग्नेहरूमध्ये एकजना व्यक्ति पनि मनतातो हुनुहुँदैन।

प्रभु येशू आत्मिक चापमा जीवन बिताउनुहुन्थ्यो, जसरी उहाँको वचनको निम्न खण्डबाट थाहा लागिन्छः *'तर मैले बप्तिस्मा लिनुपर्ने एउटा बप्तिस्मा छ, र त्यो पूरा नभएसम्म म कति चेपारोमा परेको हुन्छु!'* (लूका १२:५०)। अनि अर्को ठाउँमा उहाँले यी सम्झना गर्नु लायकका शब्द भन्नुभएको थियोः *'दिन हुँदा-हुँदै नै मैले मलाई पठाउनुहुनेका कामहरू गरिहाल्नुपर्छ; रात आउँछ, तब कसैले काम गर्न सक्दैन'* (यूहन्ना ९:४)।

बप्तिस्मा दिने यूहन्नाको जोशको विषयमा प्रभु येशूले साक्षी दिएर यसो भन्नुभयोः *'उनी बलिरहने र चम्किरहने बत्ती थिए'* (यूहन्ना ५:३५)। प्रेरित पावलचाहिँ जोशले पूर्ण भएका मानिस थिए। उनको उत्सुक जीवन-चरित्र कसैले यस प्रकारले चित्रण गर्न खोजे:

'उनी मानिसहरूलाई खुशी पार्ने व्यक्ति थिएनन्; सांसारिक फाइदा उठाउने आशा लिएर वा कहीं हानि भोग्नुपर्ला भन्ने डर मनमा बोकेर हिँड्ने पनि थिएनन्; आफ्नो जीवन प्रिय मान्ने उनी थिएनन् र मृत्युदेखि उनी अलिकति पनि डराउँदैनथिए। उनको विचार एउटा कुरामा मात्र केन्द्रित थियोः त्यो हो ख्रीष्टको सुसमाचार। उनको एउटा मात्र जीवनको उद्देश्य थियोः त्यो हो परमेश्वरको महिमा। एउटा मूर्ख जस्तै उनी ख्रीष्टको निम्ति मूर्ख ठानिन तयार हुन्थे। संसारका मानिसहरूले उनलाई दुस्साहसी, कट्टर, बकबके वा तुच्छ विदेशी, निकृष्ट व्यक्तिको नाम किन नदिऊन्। तिनीहरूले उनलाई गन्नको लागि अयोग्य अल्लारे ठानून्, ठिक्कै छ; किनभने मानिसहरूले उनलाई व्यापारी, घर-मालिक, माननीय नाग्रिक, धनाढ्य, साहू, भारदार, पण्डित वा बुद्धिजीवी आदि नाम दिएको भए उनको सब चरित्र हराउनेथियो। प्रभुको निम्ति उनी बोल्नुपर्थ्यो; नत्र उनी मर्न चाहन्थे। मर्नुपरे पनि उनी प्रभुको निम्ति बोल्नु थियो। उनी कहीं धेरै बेर बस्न सक्दैनथिए, तर हतार-हतार गरी देश-विदेशमा समुद्र, पहाड़ र मरुभूमिहरू पार गरेर हिँड्थे। उच्च स्वरले उनी प्रचार गर्थे र प्रचार गर्न छोड्दैनथिए; कसैले उनलाई रोक्न सकेन। जेलमा पनि उनले आफ्नो स्वर उचाले र आँधीबेहरी चलेको बेलामा उर्लिरहेको समुद्रको बीचमा उनी चुप लागेनन्। महासभाका निष्ठुर सदस्यहरू र सिंहासनमा बस्ने राजाहरूको सामु उनी परमेश्वरको नाममा सत्यको वचन बोल्थे। मृत्युले बाहेक अरू

कसैले उनलाई प्रभुको निम्ति बोल्नुदेखि रोक्न सक्दैनथियो। अनि मृत्युको मुखमा पुगेर पनि, अनि उनलाई छुरी हानेर मार्न लागेको बेलामा पनि उनी बोल्थे, प्रार्थना गर्थे, साक्षी दिन्थे, प्रभुलाई स्वीकार गर्थे, प्रभुलाई ग्रहण गर्ने आग्रह दिन्थे र आत्मिक युद्ध लड्थे, र अन्तमा उनलाई दु:ख दिएर सताउनेहरूलाई आशिर्वाद दिन्थे।'

अरू परमेश्वरका जनहरूले परमेश्वरको निम्ति यही प्रकारको जोश देखाए। यस सम्बन्धमा श्री सी. टि. स्टडले यसरी लेखेका थिए: 'अरूले चर्च वा ग्रिजाको वरिपरि आफ्नो जीवन बिताउन चाहन्छन् भने मचाहिँ नरकको आँगनमा उद्धारगृह खोल्न चाहन्छु।' संयोगवश एउटा नास्तिकवादीले लेखेको निबन्ध पढ़ेर श्री स्टडले आफ्नो जीवन प्रभुलाई समर्पण गर्ने हौसला पाए। त्यो लेख यस प्रकारको थियो:

''लाखौं मानिसहरूले दाबी गरेझैं यस जीवनमा पाएको सत्यताको ज्ञान र त्यस ज्ञानअनुसार धर्मप्रति देखाएको आज्ञापालनचाहिँ आउने युगमा हाम्रो भाग्यको निम्ति अर्थात् हामी अनन्तकाल कहाँ बिताउने हो, सो सम्बन्धमा एकदम महत्त्वपूर्ण हुन्छ भन्ने कुरामा मेरो दृढ़ विश्वास भएको भए म केवल यही धर्मनियम पालन गर्नुमा व्यस्त रहनेथिएँ। मैले सांसारिक मोजमज्जा कसिङ्गर सम्झी फ्याँक्नेथिएँ, संसारका शोकचिन्ताहरू मूर्खता सम्झनेथिएँ र यस जीवनका लक्ष्य र अभिप्रायहरू व्यर्थै ठान्नेथिएँ। बिउँझनेबित्तिकै यस धर्मप्रति नै मेरो सोचविचार जानेथियो, निद्रामा डुब्नुअघि मेरो अन्तिम सम्झना पनि यही कुरा हुनेथियो। मेरो परिश्रमद्वारा म केवल यस धर्मको उन्नति गर्न खोज्नेथिएँ। अनन्तकालमाथि नजर राखेर म भविष्यको विषयमा योजना बनाउनेथिएँ। एउटा आत्मालाई बचाएर स्वर्गमा पुर्‍याउन सके त जीवनभरिका दु:खकष्टहरू म आनन्दै–आनन्द सम्झनेथिएँ। हानि उठाउनुपरे पनि संसारको कुनै कुराले मलाई रोक्न सक्दैनथियो, न मेरो मुख थुन्न सक्थ्यो। यस जीवनका दु:खसुखहरूमा मेरो ध्यान एकैक्षणधरि रहनेथिएन। केवल अनन्तकाल नै मेरो ध्यान र मेरो वरिपरि जिउने अमूल्य, अमर आत्माहरूमाथि नै मेरो ख्याल रहन्थ्यो; यी आत्माहरूमाथि, जो चाँड़ै कि त अनन्त सुखमा कि त अनन्त दु:खमा पर्नेछन्। सारा संसारभरि गएर बेला र अबेलामा म एउटै कुरा मात्र प्रचार गर्नेथिएँ। 'मानिसले सारा संसार

प्राप्त गरे तापनि आफ्नो आत्मालाई चाहिँ गुमायो भने त्यसलाई के फाइदा भयो?' भन्ने वचन मेरो सन्देश हुनेथियो।''

श्री जोहन वेस्ली पनि खूब जोशिला मानिस थिए। उनले यसो भनेका थिए: 'परमेश्वरलाई सम्पूर्ण हृदयले प्रेम गर्ने र उहाँको भय मानेर हरेक पापबाट टाढ़ा बस्ने एक सय मानिसहरू मलाई दिइको भए म संसारलाई हल्लाउनेथिएँ।'

श्री जिम एलियोट, जो एक्वडोर नामक देशमा प्रभुको निम्ति शहीद बने, तिनी पनि प्रभु येशूका बल्दो साक्षी थिए। एकदिन तिनको बाइबल–अध्ययनको समयमा तिनले *'उहाँ आफ्ना सेवकहरूलाई आगोको ज्वाला तुल्याउनुहुन्छ'* (हिब्रू १:७) भन्ने वाक्य मनन गरेर आफ्नो डायरीमा यसो लेखे: 'के म जल्न सकिने, दहनीय वस्तु हुँ? हे प्रभु, मबाट ममा भएका नजल्ने, अदह्य सबै कुराहरू हटाउनुहोस्। पवित्र आत्माको तेलले मलाई पूरापूर सिँचाउनुहोस्, र म एउटा ज्वाला बन्न सकूँ। तर कतिपल्ट ज्वालाको आयु एकदम छोटो, अँ, क्षणिक मात्र हुन्छ। हे मेरो मन, के तँ यस्तो छोटो जीवन जिउन राजी छस्? मभित्र त उहीं महान् व्यक्तिको आत्मा वास गर्नुभएको छ, जसको जीवन निक्कै छोटो थियो र जसको परमेश्वरको घरप्रतिको जोशले उहाँलाई पूरा खाइदिएको थियो। हे परमेश्वरको ज्वाला, मलाई तपाईंको आहारा बनाइदिनुहोस्।'

हे परमेश्वरको ज्वाला, मलाई तपाईंको आहारा बनाइदिनुहोस् भन्ने वाक्य तिनले एउटा जोशपूर्ण कविताबाट सारेका थिए, जुन कविता श्रीमती एमी करमाइकलले रचेकी थिइन्। यस कविताबाट श्री जिम एलियोटले प्रेरणा पाएका थिए।

हे कप्तान, तपाईंलाई हुत्त्याउने बतासहरूले मलाई हान्न नपाऊन्,
म शरण पाऊँ भन्ने प्रार्थना चढ़ाउनुदेखि मलाई बचाउनुहोस्;
जोशसित अघि बढ्नुपर्ने बेलामा डरले पछि हट्नुदेखि,
उच्च स्थानमा चढ्नुपर्ने बेलामा हिचकिचाउनुदेखि मलाई
बचाउनुहोस्।
हे कप्तान, तपाईंलाई पछ्याउन खोजेको म तपाईंको सिपाहीलाई
डरपोक गर्ने मनबाट छुटकारा दिनुहोस्।

हे प्रभु येशू, शमन गर्ने कुराहरूमा अल्झिने छट्टू मायादेखि,
अँ, सजिलो बाटो रोज्ने निर्णयहरू लिनुदेखि र आत्मिक जीवन
कमजोर पार्ने कुराहरूदेखि मलाई बचाउनुहोस्;
यस्ता कुरामा लागेर मेरो मन बलियो हुन सक्दैन; यो तपाईं
हिँड्नुभएको क्रूसको बाटो पनि होइन; यसैले हे परमेश्वरको पुत्र,
कलवरी–डाँड़ाको तपाईंको महादुःखको प्रकाश धीमा पार्ने सबै
कुराहरूबाट मलाई छुटकारा दिनुहोस्।

हे प्रभु, मलाई तपाईंको बाटोमा अघि बढ्ने त्यो प्रेम दिनुहोस्,
मलाई कुनै हालतमा पछि नहट्ने त्यो विश्वास दिनुहोस्,
मलाई कुनै कुराले निराश पार्न नसक्ने त्यो आशा दिनुहोस्,
मलाई आगोझैं बलिरहने त्यो उमङ्ग दिनुहोस्,
मलाई सेलाउन र चिसो माटोको डल्लो हुन नदिनुहोस्,
हे परमेश्वरको ज्वाला, मलाई तपाईंको आहारा बनाइदिनुहोस्।

बीसौं शताब्दीमा प्रभुको मण्डलीको कलङ्क यही हो: इसाईहरूको भन्दा त साम्यवादीहरूको र झूटा शिक्षा फैलाउने झुण्डहरूको जोश ठूलो छ। इस्वी संवत् १९०३ सालमा एकजना मानिसले सत्रजना अनुयायी लिएर यस संसारलाई आफ्नो सिद्धान्तले आक्रमण गर्न थाले। उनको नाम श्री लेनिन थियो। सन् १९१८ साम्यवादको सिद्धान्त अपनाउनेहरूको संख्य चालीस हजार भइसकेको थियो। अनि यी चालीस हजार मानिसहरू लिएर श्री लेनिनले १६ करोड़ जनसंख्य भएको रूस–देश आफ्नो कब्जामा लिए। यो अभियान बढ्दै–बढ्दै गयो, अनि यसले संसारमा जिउने एक तिहाइ मानिसहरूलाई आफ्नो वशमा पाऱ्यो। हामी यस साम्यवादको सिद्धान्तको विरोध गरे पनि यी अनुयायीहरूले देखाएको जोशको तारिफ गर्नुपर्छ।

जुन बेला श्री बिली ग्रेहेमले तल उल्लेख गरिएको पत्र पढ़ेर सुनाए, त्यस बेला धेरै इसाईहरूले ठूलो हप्की खानुपऱ्यो। यो चिट्ठीचाहिँ मेक्सिको देशमा साम्यवादको सिद्धान्त अपनाएर अमेरिकाको एउटा क्याम्पसमा

पढ्ने केटोले लेखिएको थियो। यस पत्रमा उसले आफ्नो सँगिनीलाई त्यससितको सम्बन्ध किन टुटाउनुपर्छ भन्ने कुरा बुझाउन खोजेको थियो। यस पत्रका शब्द यस प्रकारका थिए:

'अरूहरूको तुलनामा प्रायः हामी साम्यवादीहरूको हताहत हुन्छ। हामीलाई नै गोली हानेर वा झुण्ड्याएर मारिन्छ; हामीलाई बेकाइदा र बेइज्जतसाथ सजाय दिइन्छ; हामीलाई नै जेलमा हालिन्छ, निन्दा गरिन्छ र हाँसोमा उड़ाइन्छ; हामीलाई कामबाट निकालिन्छ र सम्भव भए हर प्रकारको कष्ट दिएर हाम्रो जीवन अभागी तुल्याइन्छ। हामीमध्ये कतिजनाको मृत्यु भइसक्यो वा जेलमा परिसके। हाम्रो जीवन कङ्गालको जीवन हो। बाँच्नको लागि नभइनहुने अत्यावश्यकताहरूबाहेक आफ्नो कमाइबाट हामी पार्टीलाई दिने एक पैसा पनि हामीसँग रहँदैन। फिलम हेर्ने र संगीत–गानाबजाना सुन्ने हाम्रो फुर्सद हुँदैन; सेकुवा मासु खाने, सुन्दर घरमा बस्ने वा नयाँ कार किन्ने पैसा हुँदैन। हामीलाई कट्टर भन्ने उपनाम दिइएको छ; अनि हामी कट्टरै हुन्छौं नै। हाम्रो जीवनको एकमात्र उद्देश्य, एकमात्र संघर्ष छः सारा संसारले साम्यवाद मान्नैपर्छ।

हामी साम्यवादीहरूको यो जीवनको दर्शन जति पैसाले पनि बिगार्न सक्दैन। हाम्रो जीवनको स्थिर लक्ष्य छ; यसको लागि हामी लड्न तयार छौं। हाम्रो जीवनको उद्देश्य दृढ़ रहन्छ। हाम्रो क्षुद्र, व्यक्तिगत जीवन हामी मानवता बढ़ाउने यस महान् अभियानको अधीनतामा सुम्पेका छौं। अनि यसरी पार्टीको अधीनतामा रहेर भोग्नुपर्ने कष्टहरू हामीलाई सहन गाह्रो लाग्यो वा व्यक्तिगत जीवनमा हामीले कतिपय हानि उठाउनुपरेमा हामीमध्ये हरेकले आफ्नै तरिकाले मानवजातिको लागि केही न केही नयाँ, साँचो र उत्तम कुरा ल्याएको विचारबाट हामीलाई पूरा सन्तुष्टी आउँछ र यसैबाट हाम्रो क्षतिको पूर्ति हुन्छ। मेरो जीवनमा एउटा कुरा मात्र छ, जसको विषयमा म अत्यन्तै गम्भीर हुन्छु, अनि त्यो हो साम्यवाद। साम्यवादचाहिँ मेरो जीवन, मेरो कर्तव्य, मेरो धर्म हो; मेरो सोख, मेरो मुटुको टुक्रा, मेरो पत्नी र प्रेमिका हो; मेरो भोजन, अँ, मेरो जीवनको सार हो। दिनभरि म यसैको लागि परिश्रम गर्छु, रातभरि म यसैको सपना देख्छु। समय बित्छ, तर ममाथि यसको प्रभाव घटेको छैन, अहँ, यसको प्रभाव अझै बढ़ेको

छ। यसकारण मलाई नियन्त्रण गर्ने र मार्गदर्शन दिने यही मुख्य कुरा म कसैबाट लुकाउन सक्दै सक्दिनँ। मेरो साथीहरूलाई र मेरो सँगिनीलाई मैले यो कुरा बताउनैपर्छ। मैले सबैलाई यो कुरा भन्नैपर्छ, नत्र ता कसैसित मेरो सम्बन्ध रहँदैन। मानिसहरू, किताबहरू, विचारधारनाहरू र कामकुराहरू साम्यवादसित मिल्छन् कि मिल्दैनन्, साम्यवादलाई साथ दिन्छन् कि दिँदैनन् भन्ने दृष्टिकोणबाट म सब कुरा जाँच्छु। मेरो यस सिद्धान्तको खातिर म जेलमा परिसकें, अनि आवश्यक परेमा म मर्न पनि तयार छु।'

साम्यवादका अनुयायीहरू यस प्रकारले आफ्नो सिद्धान्तप्रति यति समर्पित छन् भने त हामी प्रभुका चेलाहरूले चाहिँ अझ बढ्ता गरी हाम्रा महिमित प्रभुको लागि प्रेम र हर्षसाथ आफैलाई दिइहाल्नुपर्थ्यो, उहाँको भक्ति गर्नुपर्थ्यो, होइन र? प्रभु येशू कति पाउन योग्यको हुनुहुन्छ? के उहाँ हाम्रो सम्पूर्ण जीवन पाउन योग्यको हुनुहुन्न र? हो, उहाँले हाम्रो सब थोक पाउनैपर्छ।

'प्रभु येशू, उहाँमाथि विश्वास गर्न लायकको हुनुहुन्छ भने त हामी उहाँमाथि वीरतासाथ विश्वास गरौं।' (श्री फिन्ड्ले)

'परमेश्वरले ख्रीष्ट येशूमा साँच्चै संसारको मुक्तिको प्रबन्ध गर्नुभएको हो भने र उहाँले त्यो कुरा हामीलाई प्रकट गर्नुभएको छ भने त हामी विश्वासीहरूको जिम्मेवारी ठूलो छ। हामीले यस सत्यताको वास्ता नगर्ने, यसलाई इन्कार गर्ने वा बाङ्गो पार्न खोज्ने हरेक कुरा सहनुहुँदैन, हामीले त्यसको विरोध गर्नुपर्छ।' (श्री जेम्स डेनी)

परमेश्वरले यस्ता पुरुष र स्त्रीहरूलाई खोज्नुहुन्छ, जसले पूर्ण रूपले आफैलाई पवित्र आत्माको नियन्त्रणमा राखिछोड्छन्। मदिराले मात्तिएकाहरूलाई चिनिन्छ भने यस्ताहरूलाई पनि चिनिन्छः उनीहरूमा सधैं परमेश्वरको निम्ति एउटा गहिरो, पूरा लीन भएको, कहिल्यै नमेटिने ठूलो तिर्सना हुन्छ। यसैले प्रभु येशूको हरेक चेलाले यो बुझोस्ः हाम्रो जीवनको आवश्यकता जोश हो। बिशोप रयल्ले दिएको जोशको परिभाषामा हामी पूरा मन लगाऔं र यस्तो हुने प्रयत्न गरौंः

'विश्वासको सम्बन्धमा कुनै मानिसमा जोश छ भने त्योचाहिँ यस कुरामा देखा पर्छः ऊ एउटा कुरामा मात्र ध्यान दिन्छ। ऊ गम्भीर,

तनमन दिएको, अटल र दृढ़ मात्र होइन; ऊ कट्टर, एकनिष्ठ, जोशले पूर्ण पनि हो। उसले एउटा कुरामाथि नजर लगाएको छ, एउटा कुरामा ध्यान दिन्छ। त्यही एउटै कुराले उसलाई करमा पारेको छ। अनि त्यो एउटा कुरा यही हो: उसले परमेश्वरलाई खुशी पार्न चाहन्छ। बाँचेर होस् वा मरेर होस्, स्वस्थ्यमा होस् वा बिरामी भएर, धनी या गरिब भएर, मानिसहरूलाई खुशी तुल्याएर वा ठक्कर खुवाएर, बुद्धिमान् वा मूर्ख ठानिएको अवस्थामा, स्याबासी पाउँदा कि दोषी भएर, आदरमा या अनादरमा – एउटा जोशिलो मानिसले यी सब कुराको कुनै ख्याल राख्दैन। ऊ एउटा कुराको निम्ति मात्र तातिन्छ। परमेश्वरलाई खुशी पार्नु र परमेश्वरको महिमा बढ़ाउनु नै त्यो एकमात्र कुरा हो। यसरी तातिँदै भस्म हुनुपरे पनि ऊ पछि हट्दैन, ऊ यसमा सन्तुष्ट रहन्छ। एउटा बत्तीझैं ऊ बल्नु छ। अनि यसो गर्दा ऊ जली जान्छ भने उसलाई केवल परमेश्वरले अह्राउनुभएको काम पूरा गरेको जस्तै लाग्छ। यस्तो मानिसले आफ्नो जोश देखाउने ठाउँ र मौका सधैं पाउँदछ। ऊ प्रचार गर्ने, सेवा गर्ने वा दान दिने मौका पाउँदैन भने ऊ प्रभुको सामु रुन्छ, सुस्केरा हाल्छ र प्रार्थना गर्छ। हो, कङ्गाल भएर वा बिरामी भई ओछ्यानमा परेको अवस्थामा पनि ऊ लगातार परमेश्वरलाई पुकारेर अन्तर्विन्ती चढ़ाउँछ र यसरी आफ्नो वरिपरि उसले पापलाई बढ़्न दिँदैन। ऊ यहोशूसित आत्मिक युद्धभूमिमा उत्रन पाउँदैन भने ऊ मोशा, हारून र हूरझैं डाँड़ामाथि चढ़ेर प्रार्थनामा परमेश्वरको कामलाई साथ दिन्छ (प्रस्थान १७:९–१३)। उसलाई आफै काम गर्न असम्भव भएमा प्रभुले कतैबाट सहायता नपठाएसम्म र त्यो काम पूरा नभएसम्म उसले प्रभुलाई घरीघरी पुकारेर उहाँलाई विश्राम लिने फुर्सद दिँदैन। विश्वासमा जोशिलो भएको मानिसको मेरो परिभाषा यही हो।’

# ६

# प्रभु येशूको चेलामा पूरा भरोसा गर्ने विश्वास हुनुपर्छ

साँचो चेलापनमा जीवित परमेश्वरमाथि गम्भीर र अटल विश्वास हुनुपर्छ। त्यो व्यक्ति जसले परमेश्वरको लागि केही न केही साहसी काम गर्न चाहन्छ, उसले पहिले परमेश्वरमाथि पूरा भरोसा गर्न सिक्नुपर्छ। 'परमेश्वरका सब शूरवीरहरू कमजोर मानिसहरू भएर पनि परमेश्वरको लागि ठूला–ठूला काम गर्थे; किनकि परमेश्वर साथमा भएको कुरामा उनीहरू एकदम निश्चित हुन्थे।' (श्री हुड्सन् टेलर)

साँचो विश्वासचाहिँ सधैं परमेश्वरको कुनै प्रतिज्ञामाथि, परमेश्वरको वचनको कुनै खण्डमाथि निर्भर रहन्छ। यो महत्त्वपूर्ण कुरा हो। एउटा विश्वासीले पहिले परमेश्वरको कुनै प्रतिज्ञा पढ़ेको वा कहीं सुनेको हुनुपर्छ। पवित्र आत्माले त्यो प्रतिज्ञा लिएर उसको हृदय र विवेकभित्र यति प्रभावशाली पार्नुहुन्छ कि उसलाई त्यो प्रतिज्ञा आफ्नै लागि हो जस्तै लाग्छ। यसो हुँदा परमेश्वर स्वयम् ऊसित बोल्नुभएको उसलाई महसुस हुन्छ। यस प्रकारको प्रतिज्ञा दिनुहुने परमेश्वर पूरा विश्वासयोग्य हुनुहुन्छ भन्ने कुरामा ऊ एकदम निश्चित छ; यसैले त्यो प्रतिज्ञा गरिएको कुरा उसले पाइसकेको उसलाई दृढ़ विश्वास लागेको छ; अरू मानिसहरूको दृष्टिमा असम्भव देखिने परमेश्वरको प्रतिज्ञा उसको लागि त्यति नै पक्का हो।

हुन सक्छ, उसले पाएको वचन कुनै प्रतिज्ञा होइन, तर त्यो एक आदेश होला। उसको विश्वासको निम्ति यस कुराले कुनै फरक पार्दैन। परमेश्वरले आज्ञा गर्नुभयो भने उहाँले यो आज्ञा पूरा गर्ने शक्ति पनि दिनुहुन्छ। प्रभुले पत्रुसलाई पानीमाथि–माथि हिँड़ेर आफूकहाँ आउने आदेश दिनुभएपछि यसको लागि चाहिएको शक्ति दिइन्छ भन्ने कुरामा पत्रुस निर्धक्क रहन सके (मत्ती १४:२८)। प्रभु येशूले हामीलाई सारा संसारका मानिसहरूलाई सुसमाचार प्रचार गर्ने आज्ञा दिनुभएपछि हामी यो कुरा पूरा गर्ने अनुग्रह पाउँछौं भन्ने कुरामा कुनै शङ्का गर्नुपर्दैन (मर्कूस १६:१५)।

सम्भव भएका कुराको निम्ति विश्वास त्यति चाहिँदैन। मानिसको दृष्टिमा सम्भव भएका कुराहरू पूरा हुँदा परमेश्वरले महिमा पाउनुहुन्न। तर जहाँ मानिसको क्षमता सीमामा पुगिसकेको हुन्छ, त्यहाँ विश्वासको काम शुरु हुन्छ। 'जहाँ सम्भावनाहरू रहँदैनन्, जहाँ ज्ञानेन्द्रियहरूले काम गर्न छोड्छन्, त्यहाँदेखि विश्वासको भूमि शुरु हुन्छ।' (श्री चर्च मुल्लर)

'यो त असम्भव हो भनेर जहाँ कोही पछि हट्छ, त्यहाँ विश्वासचाहिँ यो सम्भव छ भनेर अघि सर्छ। विश्वासले परमेश्वरलाई मौका दिन्छ, र यही कारणले त्यसले कुनै कुरा पनि अप्ठ्यारो, वा असम्भव भएको ठान्दैन। असम्भव भएका कुराहरू देख्दा विश्वासचाहिँ हाँस्छ। विश्वासले आफ्नो राय दिन पायो भने त्यसले परमेश्वरमा हरेक कठिनाइ र हरेक

समस्याको समाधान देख्दछ। विश्वासचाहिँ परमेश्वरलाई सबै जिम्मा दिन्छ। यसैले ६ लाख रुपैयाँ चाहिएको वा ६० करोड़ रुपैयाँ चाहिएको कुरामा त्यसले केही भिन्नता देख्दैन; किनकि त्यसले जान्दछः परमेश्वर पर्याप्त हुनुहुन्छ। विश्वासको निम्ति सबै स्रोतहरू परमेश्वरमा छन्। "यो कसरी सम्भव होला?" अविश्वासले प्रश्न गर्छ। कसरी? कसरी? कसरी? अविश्वासको प्रश्न सदा यही हुन्छ। तर विश्वासको निम्ति अविश्वासका दस हजार प्रश्नको एउटा उत्तर छः परमेश्वर। परमेश्वर नै सब कुराको उत्तर हुनुहुन्छ।' (श्री सी. एच. म्याक्इन्टोश)

मानिसको दृष्टिमा अब्राहाम र साराको लागि एउटा बालक पाउनु असम्भव नै थियो। तर परमेश्वरले उनलाई यही कुराको प्रतिज्ञा गर्नुभएको थियो; तब परमेश्वर झूट बोल्नुभएको कुरा मात्र अब्राहामको लागि असम्भव कुरा रह्यो।

*'तिम्रा सन्तान यस्तै हुनेछन् भनी भनिएको वचनअनुसार धेरै जातिहरूका पिता हुनाका निम्ति उनले निराशामा पनि आशा राखेर विश्वास गरे; अनि विश्यवासमा कमजोर नभईकन, उनी प्रायः सय वर्षका हुनाले पहिल्यै मरिसकेको आफ्नो शरीर र साराको कोखको मरिसकेको हालतलाई उनले ध्यानै दिएनन्; अनि परमेश्वरको प्रतिज्ञाको सम्बन्धमा अविश्वास गरेर उनी लड़खड़ाएनन्, तर परमेश्वरलाई महिमा दिँदै उनी विश्वासमा बलियो रहे; अनि उहाँले जे प्रतिज्ञा गर्नुभएको छ, सो पूरा गर्न उहाँ सामर्थी पनि हुनुहुन्छ भनी उनी पूरा निश्चयतामा रहे।'*

रोमी ४:१८–२१

विश्वास, अँ, बलियो विश्वासचाहिँ
प्रतिज्ञा गरिएको थोक ताक्छ,
र परमेश्वरमाथि मात्र आशा राख्छ;
असम्भव कुराहरू देख्दा विश्वास हाँस्छ,
अनि साहससित भन्छः यो भइहाल्नेछ!

हाम्रा परमेश्वरको विशेषता के हो भने उहाँको लागि कुनै कुरा असम्भव छैन (लूका १:३७)। उहाँको लागि कुनै कठिन कुरा छैन

(उत्पत्ति १८:१४)। मानिसहरूको निम्ति असम्भव कुराहरू परमेश्वरको निम्ति सम्भव हुन्छन् (लूका १८:२७)।

*'विश्वास गर्नेको निम्ति सबै कुरा सम्भव छन्'* भन्ने प्रभुको प्रतिज्ञा विश्वासले दाबी गर्छ। विश्वास प्रेरित पावलसँग रमाउँदै भन्छः *'मलाई शक्ति दिनुहुने ख्रीष्टद्वारा म सब कुराहरू गर्न सक्छु'* (फिलिप्पी ४:१३)।

शङ्काले बाधाहरू देख्छ भने
विश्वासले उपाय देख्छ;
शङ्काले रातको अन्धकारमा नजर लगाउँछ भने
विश्वासले दिनको प्रतिक्षा गर्छ।
शङ्काले एक कदम अघि बढ्न सक्दैन भने
विश्वास उच्च स्थानतिर उड्दछ;
शङ्काले सोध्छः विश्वास कसले गर्छ?
विश्वासले उत्तर दिन्छः 'विश्वास गर्ने मै हुँ।'

विश्वास प्राकृतिक नियमभित्र सीमित रहँदैन, तर परमेश्वरमा आशा राख्छ; यसैले विश्वास सधैं तर्कसँगत देखिँदैन। अब्राहामको निम्ति आफ्नो देश छोड़ेर जानु र उनी कहाँ गइरहेका थिए, सो नजान्नु सामान्य बुद्धिको कुरा थिएन, तैपनि उनले परमेश्वरको आज्ञा पालन गरे (हिब्रू ११:१८)। ठीक प्रकारका हातहतियारबिना यरिहो शहरलाई आक्रमण गर्नु यहोशूको निम्ति समझदार थिएन (यहोशू ६:१-२०)। संसारका प्रायः सब मानिसहरूले यस्तो कोशिशलाई मूर्खता ठानेर खिसी गर्नेथिए। तर परमेश्वरको योजना सफल भयो।

यसो विचार गर्दा विश्वास गर्नु सबभन्दा समझदार कुरा हो। अथवा तपाईं आफै भन्नुहोस्ः के आफ्ना सृष्टिकर्तामाथि भरोसा गर्नु न्यायसँगत कुरा होइन र? यसभन्दा बुद्धिमान् कुरा के हो त? जो झूट बोल्न सक्नुहुन्न, जसको निम्ति कुनै कुरा असम्भव हुँदैन, जसले कुनै भूलचूक गर्नुहुन्न, उहाँमाथि भरोसा गर्नु, के यसलाई मूर्खता भन्न सुहाउँछ? होइन, मानिसको लागि परमेश्वरमाथि भरोसा गर्नु सबभन्दा उचित, समझदार र तर्कसँगत कुरा हो। अन्धकारभित्र हामफाल्नु जस्तै यो होइन। विश्वासले

कुनै पक्का प्रमाण खोज्छ र त्यो परमेश्वरको विश्वासयोग्य वचनमा पाउँछ। अहिलेसम्म कसैले पनि व्यर्थैमा परमेश्वरमाथि भरोसा गरेको छैन। कसैले परमेश्वरमाथि व्यर्थैमा भरोसा गर्ने नै छैन। परमेश्वरमाथि भरोसा गर्नुमा कुनै हानि हुँदैन।

विश्वास गर्नेले परमेश्वरलाई महिमा दिन्छ; किनभने यसरी नै उहाँलाई त्यो आदर मिल्छ, जुन आदरचाहिँ हामीले विलकुल विश्वासयोग्य हुनुहुने हाम्रा प्रभुलाई दिनैपर्छ। अविश्वास गर्नेले परमेश्वरलाई अनादर गर्छ, र उहाँलाई झूट तुल्याउँछ (१ यूहन्ना ५:१०)। अविश्वासले चाहिँ इस्राएलका पवित्र जनलाई काम गर्न दिँदैन, उहाँलाई बाधा दिन्छ (भजन ७८:४१)।

विश्वास गर्ने व्यक्ति पनि ठीक ठाउँमा रहन्छ। ऊ नम्र प्रकारले परमेश्वरको सामु आफ्नो विन्तीभाउ चढ़ाउँछ र सारा सृष्टिका मालिकको सामु भुइँमा घोप्टो पर्छ।

विश्वास देखेको कुरामा भर पर्दैन। प्रेरित पावलले हामीलाई यसको सम्झना गराएर भन्छन्: *'हामी देखेर होइन, तर विश्वासद्वारा हिँड्दछौं'* (२ कोरिन्थी ५:७)। देखेको कुरामा भर परेर हिँड्नु भनेको हाम्रो भविष्यको लागि चाहिएको रकम जोहो गर्नु, या कुनै हानि भोग्नु नपरोस् भन्ने हेतुले आफ्नो बुद्धि लगाउनु हो। तर विश्वासमा चल्नु यस्तो होइन। विश्वास छिनछिनै परमेश्वरमाथि र केवल उहाँमाथि भरोसा राख्छ। प्रभुमाथि भरोसा गर्नु हाम्रो लागि लगातार भइरहने कठिनाइ हो; किनभने अदृश्य परमेश्वरमाथि सम्पूर्ण रूपले भरोसा गर्नुदेखि हाम्रो पापी स्वभावले हट्न खोज्छ। सम्भव हुने हानिहरूबाट जोगिनको लागि हाम्रो अविश्वासी मनले केही तयारी गर्न माग्छ। हामी कहाँ गइरहेका छौं, सो जान्दैनौं, तब हाम्रो मन डुब्न खोज्छ र पूरा हिम्मत हार्छ। तर विश्वास परमेश्वरको वचनप्रति आज्ञाकारी भई कदम बढ़ाउँछ, आफ्नो परिस्थितिमा अल्मल्याउँदैन, तर आफ्नो सबै खाँचोको लागि प्रभुमाथि भरोसा पर्छ।

यसरी विश्वासमा चल्ने चाहेको प्रभुको हरेक चेलाको विश्वासको जाँच हुन्छ; यसमा शङ्का छैन। ढिलो-छिटो ऊ उसको कुनै युक्ति काम नलाग्ने स्थितिमा पर्न जान्छ। उसको ठूलो आपतमा ऊ आफ्ना साथीभाइहरूको सहायता लिने परीक्षामा पर्छ। उसले साँच्ची नै प्रभुमाथि

भरोसा राख्छ भने उसले खालि परमेश्वरबाट साहयता पाउने बाटो हेर्छ।

'मेरा खाँचोहरू प्रत्यक्ष–अप्रत्यक्ष रूपले कुनै मानिसलाई प्रकट गर्नु नै विश्वासमा जिउनुदेखि पछि पर्नु हो र वास्तवमा परमेश्वरको अनादर गर्नु, उहाँलाई धोका दिनु हो। यसो गर्नुचाहिँ परमेश्वरले मलाई सहायता गर्न भुल्नुभयो; यसैले मद्दत पाउन मेरो साथीमाथि भर पर्नु मलाई वाध्यता भएछ भन्नुजस्तै हो, जीवन दिने पानीको मुहान छोड़ेर पानी नरहने, फुटेका पोखरीतिर लाग्नु बराबर हो। यसरी नै हामी कुनै प्राणीलाई परमेश्वर र हाम्रो बीचको सम्बन्ध बिगार्न दिन्छौं। यसो गर्दा हामीले प्रचुर आशिषहरू गुमाउनुपर्छ र परमेश्वरले उहाँलाई हुनुपर्ने महिमा पाउनुहुन्न।'

(श्री सी. एच. म्याक्इन्टोश)

प्रभुको चेलाले आफ्नो विश्वास बढ़ेको चाहन्छ; उसको निरोगी मनको चिन्ह यही हो (लूका १७:५)। मुक्ति पाउनको निम्ति उसले प्रभु येशूमाथि विश्वास गरिसक्यो। अब उसले आफ्नो जीवनको अरू क्षेत्रहरू पनि प्रभुको अधीनतामा राख्न चाहन्छ। जब रोगबिमार, जाँचपरीक्षा, दु:खकष्ट र हानिनोक्सानीहरू उसको जीवनमाथि आइपर्छन्, तब उसले परमेश्वरलाई नयाँ प्रकारले झन् गहिरो, झन् नजिक हुने गरी चिन्न पाउँदछ। यसरी उसको विश्वास बलियो पारिन्छ। तब उसको जीवनमा परमेश्वरको यो प्रतिज्ञा सत्य ठहरिन्छ: *'हामी परमप्रभुलाई चिन्नुमा प्रयत्न गरिरह्यौं भने त हामी उहाँलाई पक्का गरी चिन्दछौं'* (होशे ६:३; के.जी.वी.–बाइबलअनुसार)। उसको जीवनमा परमेश्वरलाई विश्वासयोग्य भेट्टाएपछि उसले उहाँलाई झन्–झन् ठूला कुराको लागि भरोसा गर्न चाहन्छ।

विश्वास सुनाइबाट आउँछ र सुनाइचाहिँ परमेश्वरको वचनबाट आउँछ। यसैले पवित्र शास्त्रभित्र डुब्नु अर्थात् पवित्र बाइबल पढ्नु, अध्ययन गर्नु, कण्ठस्थ गर्नु, दिनरात वचनमा मनन गर्नु प्रभुको चेलाको चाहना हुनुपर्छ। परमेश्वरको वचन उसको लागि बाटो देखाउने नक्सा र कम्पास हो, उसको अगुवा र सान्त्वना हो, उसको बत्ती र उज्यालो हो।

विश्वासमा जिउने सम्बन्धमा हाम्रो जीवनमा सधैंभरि अझै बढ्नको लागि ठाउँ रहन्छ। अरूले विश्वासद्वारा कस्ता–कस्ता कामकुरा पूरा गरे, यस विषयमा पढ़ेपछि हामी आफैलाई विश्वासमा साना नानीहरू भएको

लाग्छ, जसले असीमित सागरको किनारामा खेलिरहेका छन्। हिब्रू ११ अध्यायमा यी बहादुरी कामहरूको विवरण उल्लेख गरिएको छ। पद ३२ देखि लिएर ४० पदसम्म यी साहसी कामहरू चरमसीमामा पुग्छन्। त्यहाँ यसरी लेखिएको छः

*'अनि अरू बढ़ूता म के भनूँ? गिदोनको विषयमा, बाराक, शामसोन, येफ्थह, दाऊद, शमूएल र भविष्यवक्ताहरूको विषयमा बताउने समय मसँग रहनेछैन; जसले विश्वासद्वारा राज्यहरू वशमा पारे, धार्मिकताको काम गरे, प्रतिज्ञा गरिएका कुराहरू प्राप्त गरे, सिंहहरूका मुख बन्द गरे, आगोको प्रचण्डतालाई निभाए, तरवारका धारबाट उम्के, कमजोर अवस्थाबाट बलवान् बने, लड़ाइँमा वीर बने, विदेशीहरूका फौजहरूलाई भगाए। स्त्रीहरूले आफ्ना मरेकाहरूलाई जिउँदो पारिएको अवस्थामा प्राप्त गरे; अनि अरूले चाहिँ उत्तम बौरिउठाइ प्राप्त गरौं भनेर छुटकारा ग्रहण गरेनन्, तर कुटाइ खाई-खाई मरे। अनि अरूचाहिँ गिल्ला गरिएर, कोर्रा खाएर, त्यसमाथि बन्धन र कैदमा परेर जाँचिए; तिनीहरू ढुङ्गाले हानिए, आराले चिरिए, परीक्षामा परे, तरवारले मारिए; तिनीहरू कङ्गाल भएर, सताउट सहँदै, पीड़ा भोग्दै भेड़ाका छाला र बाख्राका छालाहरू पहिरी चारैतिर घुमिरहे; संसार तिनीहरूको योग्य थिएन। तिनीहरू मरुभूमि, पहाड़ अनि पृथ्वीका गुफा र ओड़ारहरूहुँदो घुमिहिँड़े। अनि यिनीहरू सबैले विश्वासको कारणले असल गवाही प्राप्त गरे, तापनि प्रतिज्ञा गरिएका कुराहरूचाहिँ प्राप्त गरेनन्; किनकि हामीबिना तिनीहरू सिद्ध नहोऊन् भनेर परमेश्वरले हाम्रा निम्ति पहिलेबाट केही उत्तम कुराको प्रबन्ध गर्नुभएको थियो।'* हिब्रू ११:३२-४१

यस सम्बन्धमा अन्तिम शब्दः हामीले अघि नै भनिसक्यौं - प्रभु येशूको चेला जो विश्वासमा जिउँछ, उसैलाई कति अविश्वासीहरूले, अँ, शायद कति इसाईहरूले स्वप्नदर्शी र कट्टर भन्ने नाम दिन्छन् होला। तर यस्तो बेला यो कुरा सम्झना गर्न उचित होला: 'परमेश्वरको साथमा हिँड्नको निम्ति शक्ति दिने विश्वासले हामीलाई मानिसहरूको विचारधारामा ठीक प्रकारले जाँच्न र मूल्याङ्कन गर्नुमा पनि मद्दत दिन्छ।' (श्री सी. एच. म्याक्इन्टोश)

# ७

# प्रभु येशूको चेलामा प्रार्थनाको जीवन हुनुपर्छ

प्रार्थनाको विषयमा धेरै किताबहरू पढ्न पाइन्छ, तर यस सम्बन्धमा लेखिएको किताबमध्ये हामीलाई पूरा सन्तुष्टी दिने पुस्तक पवित्र बाइबल मात्र हो। अरू सबै बयानहरू गहिराइमा नपुगेको र चरमसीमा नचढ़ेको जस्तै लाग्छ। यस पुस्तिकामा यस सम्बन्धमा लेख्दा हामीले अरूको प्रयत्न उछिँदैनौं होला। हामीले यहाँ प्रार्थनाको विषयमा केवल ख्रीष्टको चेलापनसित सम्बन्धित केही मुख्य बुँदा सारांशको रूपमा दिन सक्छौं।

१) सबैभन्दा राम्रो प्रार्थना त्यही हो, जुन प्रार्थना ठूलो भारीझैं हाम्रो हृदयभित्रबाट निस्केर आउँछ। हाम्रो सबैको जीवनमा यो कुरा सत्य ठहरिएको छ। जब हाम्रो जीवन शान्त छ र हामी सुखी छौं, तब हाम्रा प्रार्थनाहरू उत्साहित हुँदैनन्, आलसी हुन्छन्। तर हामीमाथि केही

आपतविपत आइलाग्दा, हामी कुनै खतरामा पर्दा, सिकिस्त बिरामी हुँदा, ठूलो हानि वा शोक भोग्दा हाम्रा प्रार्थनाहरूमा जोश र जाँगर हुन्छ। एकजनाले यसो भनेका छन्: 'स्वर्गसम्म पुग्नको लागि काँड़रूपी प्रार्थना एउटा पूरा निहुँरिएको धनुबाट हानेको हुनुपर्छ।' केही कुरा अत्यावश्यक लागेको बेलामा, आफ्ना कमजोरीहरू महसुस गरेको समयमा, खाँचोको चापमा परेको अवस्थामा सबैभन्दा राम्रा प्रार्थनाहरू जन्मिन्छन्।

अफसोसको कुरा के हो भने यस्ता अप्ठ्यारा परिस्थितिहरूमा नपर्नको लागि हामी जीवनभरि आफैलाई जोगाउने कोशिश गरिरहेका छौं। माल खरिद गर्दा वा उत्पादन गरेको थोक बिक्री गर्दा चतुर भई हामीमध्ये कतिले नाफा खान र भविष्यमा अचानक आइलाग्ने खाँचोको निम्ति केही रकम जोहो गर्न खोज्छौं। आफ्नो सारा बुद्धि लगाएको चलाखीपनले गर्दा हामी धनी भएको, हामीलाई कुनै खाँचो नपर्ने, सब कुरा प्रशस्त भएको स्थितिमा आइपुग्न सक्छौं। त्यति बेला हाम्रो प्रार्थना गहिरो नभएको र मनतातो भएको अनुभव गर्छौं र स्वर्गबाट आगो किन झर्दैन होला भनेर छक्क पर्दछौं। आँखाले देखेका कुराहरूमा निर्भर नभई हामी साँच्ची नै विश्वासको भरमा हिँड़ेको भए त्यस कुराले हाम्रो प्रार्थनाको जीवनमा ठूलो प्रभाव, कति भिन्नता ल्याउनेथियो।

२) हाम्रा प्रार्थना सफल हुने हो भने हामी साँचो मनले परमेश्वरको नजिकमा जानुपर्छ। हिब्रू १०:२२ पदमा परमेश्वरको माग यही हो। प्रभुको सामु हामी कपटी हुनुहुँदैन, तर हामी इमानदारी हुनुपर्छ। परमेश्वरको सामु कपटको लागि कुनै ठाउँ हुँदैन। यस प्रकारले प्रार्थना गरेको बेलामा हामी आफैले पूरा गर्न सक्ने कुनै पनि कुरा परमेश्वरबाट माग्दैनौं। मानौं हामीसँग पैसा छ, जसको आवश्यकता हाम्रो हुँदैन; त्यति बेला प्रभुको कामको लागि चाहिएको रकमको निम्ति हामी कसरी प्रार्थना गरौं, जब हामीसँग भएको सम्पत्ति हामी यसको लागि दिन सक्छौं? परमेश्वर ठट्टामा उड़ाउनुहुँदैन। परमेश्वरले यस्ता प्रार्थनाहरूको जवाफ दिनुहुन्न, जसको उत्तर उहाँले अघि नै दिइसक्नुभएको छ र खाँचो पूरा गर्ने धन हामीसँग छ, जुन धनचाहिँ हामी चलाउन चाहँदैनौं।

यस सम्बन्धमा अझ एउटा कुरा याद गरौं: हे प्रभु, फलाना कामको लागि फलाना व्यक्ति पठाइदिनुहोस् भनेर प्रार्थना गर्नु, तर हामी आफूचाहिँ

जान तयार नहुनु सठीक छैन। मुसलिम, हिन्दू र बुद्ध–धर्म मान्नेहरूका निम्ति हामीले हजारौंहजार प्रार्थनाहरू चढ़ाइसक्यौं। तर हामीमध्ये जतिले यिनीहरूको लागि प्रार्थना चढ़ाए, उनीहरू यी जातिका मानिसहरूलाई प्रभुको लागि जित्न तयार भएका भए निश्चय मण्डलीको इतिहास यस क्षेत्रमा निक्कै फरक र उत्साहपूर्वक हुनेथियो।

३) प्रार्थना सरल, विश्वासले पूर्ण र शङ्काबिनाको हुनुपर्छ। प्रार्थनाको सम्बन्धमा हामी बाइबलको शिक्षा र यस शिक्षासँग सम्बन्धित समस्याहरूसित हार्नुहुँदैन। यसो हुनु सम्भव छ, तर यसो हुनुहुँदैन। किनकि यसले हाम्रो आत्माको जोश हराइपठाउँछ। प्रार्थनाको विषयमा सब रहस्य जान्नुभन्दा प्रार्थना गरिरहनु असल हो। प्रार्थनाको बारेमा धर्मका पण्डित र विद्वान्‌हरूले आ–आफ्ना सिद्धान्त निकालेर व्यक्त गरून्; तर हामी साधारण विश्वासीहरूचाहिँ बालकले झैं स्वर्गको ढोकामा विश्वाससाथ ढकढकयाऔं। श्री अगुस्टाइन्‌ले यसो भनेका थिए: 'यी केही नजान्नेहरूले स्वर्ग कब्जा गरेका छन्, तर हामी विद्वान्‌हरूले चाहिँ सबै विद्या लिएर पनि अलि कति पनि यो भूमि छोड़ेर उड़ेका छैनौं।'

मलाई कुनै असाधारण तरिका आउँदैन,
एउटा कुरा मात्र म जान्दछु:
परमेश्वरले प्रार्थनाको उत्तर दिनुहुन्छ।

तिम्रो उत्साहपूर्ण प्रार्थनाको सुनाइ भएको छ भन्ने वचन
उहाँले कहिले पठाउनुहुन्छ, सो म जान्दिनँ;

यति म जान्दछु: त्यो छिटो या ढिलो आउँछ;
यसैले हामीले प्रार्थना गरिरहनु र धैर्य धर्नुपर्छ।

मैले चाह गरेको आशिष मैले जस्तो इच्छा गरेको छु,
ठीक त्यही रूप लिएर आउँछ, सो म जान्दिनँ;

तर मेरा प्रार्थनाहरू म उहाँको जिम्मामा लाएर राखिछोड्छु,
किनभने उहाँ मभन्दा अति बुद्धिमान् हुनुहुन्छ।

लोला सी. हेन्सन्

४) प्रार्थना प्रबल हुनको निम्ति कुनै कुरा बाँकी राख्नुहुँदैन। प्रभु येशूकहाँ आफूलाई समर्पन गर्नुहोस्। उहाँको निम्ति आफैलाई सकेसम्म खर्च गर्नुहोस्। प्रभुको पछि लाग्नको लागि सब त्याग्नुहोस्। तपाईंको भक्तिद्वारा प्रभु येशूलाई मुकुट लगाएर आफ्नो सम्पूर्ण जीवनमाथि स्वामी तुल्याउनुहोस्; किनभने यस प्रकारको भक्ति उहाँले मन पराउनुहुन्छ र आदर गर्नुहुन्छ।

५) दाम चुकाएर गरेको प्रार्थना परमेश्वरको दृष्टिमा बढ़ी मूल्यवान् गनिन्छ। जतिले बिहान सबेरै उठेर प्रभुसित समय बिताउँछन्, उनीहरूले प्रभुसित विशेष मीठो सँगति पाउँछन्; किनकि उनीहरूका प्रभु पनि परमेश्वर पिताबाट दैनिक आदेश पाउनका निम्ति यही प्रकारले सबेरै उठ्नुहुन्थ्यो। त्यस्तै, आफ्नो गम्भीरता देखाउनको निम्ति रातभरि प्रार्थनामा समय बिताउनेहरूको जीवनमा परमेश्वरको शक्तिको विशेष प्रभाव देखिन्छ। जुन प्रार्थना दाम नचुकाईकन चढ़ाइन्छ, त्यस प्रार्थनाको मूल्य हुँदैन; त्यो त इसाई धर्म हल्का लिनेहरूको बीचबाट उप्जेको सस्तो चीज हो।

नयाँ नियममा हामी धेरै ठाउँमा प्रार्थना र उपवासको विषयमा सँगसँगै पढ़्छौं। आत्मिक अभ्यासको निम्ति खाना नखानु लाभदायक हुन सक्छ। हामी मानिसलाई उपवासबाट के लाभ हुन्छ ? उपवासले चाहिँ हाम्रो मनमा स्वच्छता, ध्यान र तीव्रता बढ़ाउँछ। अनि परमेश्वरप्रतिको सम्बन्धमा कुरा यस्तो छ: परमेश्वरले उपवाससित चढ़ाइएको प्रार्थनाको उत्तर दिनुमा बढ़ी खुशी हुनुहुन्छ; उहाँले हाम्रो दैनिक खानाभन्दा अघि प्रार्थनामा हामीले पहिलो स्थान दिएका देख्नुहुन्छ। उपवासबाट ठूलो लाभ यही हो।

६) तपाईंले स्वार्थी प्रार्थना कहिल्यै नचढ़ाउनुहोला। *'तिमीहरू माग्दछौ, तर पाउँदैनौ; किनभने तिमीहरूले आफ्ना सुखविलासहरूमा उड़ाउनका निम्ति बेठीक प्रकारले माग्दछौ'* (याकूब ४:३)। प्रार्थना गर्दा प्रभुका निम्ति महत्त्वपूर्ण भएका कुराहरूमा हाम्रो ध्यान र चासो जानुपर्छ। पहिले 'तपाईंको राज्य आओस्!', 'तपाईंको इच्छा स्वर्गमा भएझैं यस पृथ्वीमा पूरा भएको होस्' भनेर हामीले प्रार्थना गरौं, त्यसपछि मात्र 'आज हामीलाई हाम्रो दैनिक भोजन दिनुहोस्' भन्ने विन्ती चढ़ाऔं।

७) परमेश्वर महान् हुनुहुन्छ। यसैले उहाँलाई आदर गर्नको लागि हामीले ठूला-ठूला विन्तीहरू चढ़ाउनुपर्छ।

'आऔं, हाम्रो विश्वास बढ़ाऔं र परमेश्वरबाट ठूला-ठूला आशिषहरू प्राप्त गर्ने आशा राख्दै रहौं।

प्रार्थना गर्दा याद राख! तिमी राजाको चरणमा पर्दैछौ।
साथमा ठूला-ठूला विन्तीहरू लिएर आऊ!
किनकि उहाँको प्रेम र शक्ति यति महान् छन्;
तिमीले कहिल्यै बढ़ी माग्न सक्दैनौ।
श्री जोहन् न्यूटन्

प्रभुबाट थोरै मात्र पाउने आशा राख्दै हामीले आफ्ना प्रभुलाई कतिपल्ट दु:खित तुल्यायौं। हाम्रा स-साना विजय, हाम्रो थोरै उन्नति र आत्मिक आशिषका हाम्रा दुर्बल चाहनाहरूसित हामी सन्तोष रहन्छौं। यसैले हाम्रो वरिपरि जिउने मानिसहरूलाई हामीले प्रभावित पार्न र हाम्रा परमेश्वर कति महान् हुनुहुन्छ, सो देखाउन सकेका छैनौं। मानिसहरूको सामु हामीले उहाँको महिमा बढ़ाएनौं। तिनीहरूले हाम्रो जीवनद्वारा उहाँलाई चिन्न सकेनन्; किनकि हाम्रो जीवनमा तिनीहरूले उहाँको शक्तिको प्रभाव देख्न सकेनन्। यसैले हाम्रो जीवनले तिनीहरूको ध्यान आकर्षण गर्न र तिनीहरूको मनमा आत्मिक चासो बढ़ाउन सकेनन्। *''मेरो खातिर उनीहरूले परमेश्वरको महिमा गरे''* भन्ने वचन पावल प्रेरितमा पूरा भएझैं हाम्रो जीवनमा किन पूरा हुन सक्दैन?' (श्री इ. डब्लयू मोर)

८) प्रार्थना गर्नुभन्दा अघि हामीले पहिले परमेश्वरको इच्छाअनुसार जिएको कुरामा ध्यान दिनुपर्छ। त्यसपछि जब यस कुरामा हामी निश्चित छौं, तब हामी उहाँले हाम्रो प्रार्थना सुन्नुहुन्छ र उत्तर दिनुहुन्छ भन्ने कुरामा निर्धक्क भई विश्वाससाथ प्रार्थना चढ़ाऔं। *'उहाँमा हाम्रो निर्धक्कता यही हो: उहाँको इच्छाअनुसार हामीले केही कुरा माग्यौं भने उहाँले हाम्रो विन्ती सुन्नुहुन्छ; अनि हामीले जेसुकै मागे तापनि उहाँले हाम्रो विन्ती सुन्नुहुन्छ भनी हामी जान्दछौं भने हामीले उहाँबाट जे चाहेका थियौं, ती मागहरू पनि पाएका छौं भनी हामी जान्दछौं।'* (१ यूहन्ना ५:१४-१५)

प्रभु येशूको नाममा प्रार्थना गर्नु भनेको उहाँको इच्छाअनुसार विन्ती चढ़ाउनु हो। जब हामी वास्तवमा उहाँको नाममा प्रार्थना गर्छौं, तब उहाँले त्यो प्रार्थना आफ्नो विन्ती बनाएर परमेश्वर उहाँको पितालाई चढ़ाउनुभएको बराबर हो। *'अनि जेसुकै तिमीहरू मेरो नाममा मागौला, पिताको माहिमा पुत्रमा होस् भनेर म त्यो गर्नेछु। तिमीहरूले कुनै कुरा मेरो नाममा माग्यौ भने म त्यो गर्नेछु'* (यूहन्ना १४:१३-१४)। *'अनि त्यस दिन तिमीहरूले मलाई केही पनि सोध्नेछैनौ। साँचो-साँचो म तिमीहरूलाई भन्दछु, तिमीहरूले पितालाई मेरो नाममा जे पनि माग्नेछौ, त्यो उहाँले तिमीहरूलाई दिनुहुनेछ'* (यूहन्ना १६:२३)। *'फेरि म तिमीहरूलाई भन्दछु, तिमीहरूमध्ये दुईजना आफूले माग्न लागेको कुनै कुराको विषयमा पृथ्वीमा एक मनका भए भने स्वर्गमा हुनुहुने मेरा पिताद्वारा त्यो तिनीहरूका निम्ति गरिनेछ; किनकि जहाँ दुई वा तीनजना मेरो नाममा भेला हुन्छन्, त्यहाँ तिनीहरूको माझमा म हुन्छु'* (मत्ती १८:१९-२०)।

'उहाँको नाममा प्रार्थना गर्नुको मतलब यही होः प्रार्थना गर्दा उहाँले हाम्रो हात समाती हामीलाई अगुवाइ गर्नुहुन्छ। यसको अर्थ बताउन म यसरी भन्छुः प्रभु हाम्रो छेउमा हामीसँगै घुँड़ा टेकेर उहाँलाई इच्छा लागेका कुराहरू हाम्रो हृदयभित्र हाल्नुहुन्छ र यी कुराहरू हाम्रो हृदयभित्र हाम्रा विन्ती बन्नेछन्। उहाँको नाममा विन्ती चढ़ाउनुको अर्थ यही हो। किनभने स्वभावअनुसार उहाँ जे हुनुहुन्छ, त्यो सब उहाँको नाममा समावेश हुन्छ। यसैले उहाँको पवित्र इच्छाअनुसार चढ़ाएको विन्ती नै येशूको नाममा गरेको प्रार्थनाको माने हुनुपर्छ। परमेश्वरको पुत्रको नाममा के हामी कुनै खराबी होस् भनेर विन्ती चढ़ाउन सक्छौं र? हामीले प्रार्थनामा मागेको कुरा उहाँको स्वभावसित मेल खानुपर्छ। तब यो प्रश्न कसैको मनमा उठ्छ होलाः के हामी यस प्रकारले प्रार्थना गर्न सक्छौं त? हामीभित्र प्रार्थना पवित्र आत्माको शक्तिले र हाम्रो निम्ति ख्रीष्टको मन र अभिप्रायहरूले भिजेको हुनुपर्छ। प्रभुले हामीलाई घरीघरी र अझै गहिरो प्रकारले उहाँको नाममा प्रार्थना गर्न सिकाइरहून्। 'प्रभु येशूको पवित्र नाममा, आमेन्' भनेर हामीले आफ्नो प्रार्थना अन्त गर्न नबिर्सौं, तर यसो गर्दा हामीले सम्पूर्ण विन्ती यही येशूको पवित्र नामले गुँजाइदिनु र यही नामको महिमाले

भर्नुपर्छ, अर्थात् सबका सबमा उहाँको नामको अनुरूप हुनुपर्छ।' (श्री स्यामुएल रिड्)

९) तपाईंको प्रार्थनाको जीवन प्रभावकारी रहनु हो भने तपाईंले परमेश्वरसित नजिकको सम्बन्ध कायम राख्नुपर्छ। कुनै पापमा फसेको कुरा आफ्नो विवेकमा थाहा लाग्नेबित्तिकै हामीले आफ्ना पाप मानिलिनु र छोड्नुपर्छ। परमेश्वरसितको सम्बन्ध नजिक राख्नुपर्छ भनेको अर्थ यही हो। *'मैले मेरो हृदयमा अधर्म राखेको छु भने परमप्रभुले मेरो विन्ती सुन्नुहुनेछैन'* (भजनसंग्रह ६६:१८)। हामी ख्रीष्टमा रहनुपर्छ। *'तिमीहरू ममा रह्यौ र मेरा वचनहरू तिमीहरूमा रहे भने तिमीहरू जे चाहन्छौ, सो माग्नेछौ र त्यो तिमीहरूको निम्ति गरिनेछ'* (यूहन्ना १५:७)। प्रभुमा रहने व्यक्ति प्रभुसँग यति नजिकै रहन्छ कि ऊ परमेश्वरको इच्छाको ज्ञानले भरिएको हुन्छ। यसो हुनाले उसले गरेको प्रार्थना समझदारी प्रार्थना हो, जसको उत्तर पाउनुमा ऊ निर्धक्क रहन सक्छ। प्रभुमा रहने जीवन आज्ञाकारी जीवन हो। *'अनि हामी जे माग्छौं, सो उहाँबाट पाउँछौं; किनभने हामी उहाँका आज्ञाहरू पालन गर्दछौं र जुन कुराहरू उहाँको दृष्टिमा मनपर्दा छन्, ती गर्दछौं'* (१ यूहन्ना ३:२२)। प्रार्थनाहरूको उत्तर पाउनको लागि हाम्रो हृदयको अवस्था ठीक हुनुपर्छ र सठीक रहनुपर्छ (१ यूहन्ना ३:२०)।

१०) हाम्रो दैनिक जीवनमा हामीले प्रार्थनाको निम्ति तोकिएका समयहरू राख्नैपर्छ। तर यति काफी हुँदैन, तर बाटोमा हिँड्दा, बसको यात्रा गर्दा, काम गर्दा र घरमा रहँदा पनि हामीले सधैं प्रभुतिर ध्यान लगाउने प्रार्थनाको बानी बसाल्नुपर्छ। नहेम्याह यस किसिमको आफैआफ निस्केको प्रार्थनाको असल उदाहरण हुन् (नहेम्याह २:५)। कहिलेकहीं मात्र प्रभुकहाँ जाने व्यक्तिभन्दा उसले, 'जो परमप्रधानको गुप्त स्थानमा वास गर्दछ', त्योभन्दा राम्रो काम गरेको हुन्छ।

११) अन्तमा हामी यो कुरा पनि याद गरौं: प्रार्थना गर्दा हामीले माग गरेको कुरा निश्चित विषय हुनुपर्छ। जब हामी निश्चित विषय लिएर प्रार्थना गर्छौं, तब मात्र हामीले त्यसको निश्चित उत्तर पाउन सक्छौं।

प्रार्थना गर्न पाउनु हाम्रो अचम्मको सौभाग्य हो। श्री हुड्सन् टेलरले यस विषयमा यसो भन्ने गर्थे: 'प्रार्थनाद्वारा हामीले परमेश्वरको सहायताले अरू मानिसको जीवनमा अचम्मको प्रभाव ल्याउन सक्छौं।'

'प्रार्थनाद्वारा कस्तो अचम्मको सेवकाइ हाम्रा हातमा दिइएको छ? प्रार्थनाको क्षेत्रमा हामीलाई अचम्मका काम गर्ने सेवा दिइएको छ। प्रार्थनाद्वारा हामीले चिसा र निराश भएका मनहरूमा घामका किरण पठाउन सक्छौं। उदासीपनको कैदमा हामीले आशारूपी बत्ती सल्काउन पाउँछौं। प्रार्थनाद्वारा हामीले कैदीहरूलाई छुटकारा दिलाउन सक्छौं। प्रार्थनाद्वारा हामीले परदेशमा जिउनेहरूको मनमा घरको मीठो सम्झना र न्यानोपन पठाउन सक्छौं। आत्मिक रूपले लाचार भएकाहरूकहाँ हामीले स्वर्गीय प्रेमको सन्देश समुद्रको पल्लो छेउसम्म पुर्‍याउन सक्छौं। यी सब कुराहरू प्रार्थनाद्वारा हुने आश्चर्य कार्यहरू हुन्।' (श्री जी. एच. जोवेट)

यसमा लेखक श्री वेन्हेम्ले यसो भन्दै आफ्नो साक्षी थप्छन्: 'प्रचारको वरदान कम्ती पाइन्छ भने प्रार्थनाको वरदान झन् कम्ती पाइन्छ। प्रचार तरवारजस्तो हतियार हो, जसको प्रभाव आफ्नो वरिपरिका मानिसहरूको बीचमा मात्र हुन्छ; तर हामीदेखि टाढ़ामा रहनेहरूकहाँ त्यो पुग्नै सक्दैन। प्रार्थनाले तोपजस्तै काम गर्छ; त्यसले गोला टाढ़ासम्म हान्न सक्छ र कति परिस्थितिहरूमा अझ प्रभावकारी हुन्छ।'

'हे प्रभु, तपाईंको पवित्र उपस्थितिमा एक छोटो अवधि बिताउँदा त्यसले हामीमा कति ठूलो परिवर्तन ल्यायो! कति गह्रुङ्गा भारीहरू हाम्रो हृदयदेखि हटायो! अँ, कति सुक्खा, रूखा जमिनरूपी हाम्रो मन झरीले झैं भिजाएर ताजा तुल्यायो!

जब प्रार्थनामा हामी घुँड़ा टेक्दछौं, तब हाम्रो वरिपरिका पहाड़रूपी समस्याहरू सबै हटेर सम्म हुन जाँदा रहेछन्। जब प्रार्थनाबाट हामी उठ्दछौं, तब आकाश उघ्रिएको, घमाइलो वातावरणमा हाम्रो नजिक र टाढ़ा भएका सबै कुराहरू सफा र उत्साही देखा पर्दछन्। प्रार्थनामा घुँड़ा टेक्दा हामी कमजोर, अँ, कति दुर्बल छौं! तर प्रार्थनाबाट उठ्दा हामी शक्तिले पूर्ण हुन्छौं!

यसैले आफ्नो विरोधमा हामीले यो गल्ती किन गरेको ? अरूको विरुद्ध यो भूल किन दोहोर्‍याएको ? र सधैं बलिया किन हुँदैनौं ? हे प्रभु, तपाईंले हामीलाई प्रार्थना गर्ने मौका सधैं दिनुभएको छ र तपाईंसँग आनन्द, साहस र शक्ति छन् भने हामी चिन्ताफिक्रीको भारले थिचिएर किन बसेको ? कमजोर वा हताश, व्याकुल वा निराश किन भएको ?'

(श्री ट्रेन्च)

# ८

# युद्ध चलिरहेको छ

नयाँ नियम पढ़ेर पढ़ेको कुरामा ध्यान नदिने मानिसले पनि यस संसारमा प्रभु येशूको योजनाचाहिँ घरीघरी युद्धसित तुलना गरिएको पाउँदछ। हालसाल इसाई धर्म अवलम्बीहरूको बीचमा पाइने मनोरञ्जनको निम्ति हुने उन्माद ख्रीष्टको साँचो चेलापनदेखि धेरै पतित भइसकेको छ। अचेल जताततै फैलिएको सुखविलासमा जीवन बिताउन चाहने र ऐसआराम खोज्ने विचारधारासित साँचो चेलापनले अलिकति पनि मेल खाँदैन। यो त मृत्युसम्म गर्नुपर्ने लड़ाइँ, अन्धकारको शक्तिको फौजको विरोधमा निरन्तर भइरहने संघर्ष हो। युद्ध चलिरहेको छ र त्यस लड़ाइँदेखि भाग्न पाइँदैन। यो कुरा नबुझ्ने चेलाको महत्त्व रहँदैन।

युद्ध चल्ने बेलामा एकता हुनुपर्छ, सानोतिना कुराको निम्ति मच्चाइएको झगड़ा, अन्धो-भक्तिबाट उब्जेको डाहा र फूट ल्याउने विखण्डको निम्ति फुर्सद हुँदैन। कुनै घरमा आपसमा फाटो भयो भने त्यो टिक्न सक्दैन। यसैकारणले ख्रीष्टका सिपाहीहरूको बीचमा एकता हुनैपर्छ। फिलिप्पी दुई

अध्यायमा यो कुरा स्पष्ट गरी सिकाइएको छ। जो नम्र छ, ऊसित झगड़ा गर्न सकिँदैन। झगड़ा गर्न दुईजनालाई चाहिन्छ। 'घमण्डबाट झगड़ा उत्पन्न हुन्छ।' जहाँ अहङ्कार छैन, त्यहाँ झगड़ाको निम्ति ठावैं रहँदैन।

युद्ध हुने समयमा अति संयमी र बलिदानयुक्त जीवन बिताउनैपर्छ। कुनै महत्त्वपूर्ण लड़ाइँमा खाद्य समाग्रीहरू मिलाउने एउटा विशाल व्यवस्था हुनैपर्छ। हामी लड़ाइँमा उत्रेका छौं र सकेसम्म यस युद्धमा हामीसँग भएको सबै धनसम्पत्ति चलाउनको लागि हामीले हाम्रो खर्च सकभर कम राख्नैपर्छ भन्ने कुरा इसाईहरूमा जाग्ने बेला भएको छ।

कतिले यो कुरा बुझ्दैनन्, तर आर. एम. नामक चेलाले यो कुरा एकदम स्पष्ट गरी बुझेका थिए। सन् १९६३ सालमा उनी अमेरिकामा एउटा ख्रीष्टिय क्यापसमा प्रथम वर्षको क्लास-मनिटर थिए। उनको पालोमा वनभोज र शिक्षकलाई दिने उपहार आदि कुराको सम्बन्धमा कति खर्च गरौं भन्ने छलफल हुँदा उनले आफ्नो पदको राजीनामा दिए; किनभने उनले यी खर्च ख्रीष्टको सुसमाचार फैलाउनको निम्ति प्रयोग गर्न सकिन्थ्यो भन्ने कुरा ठानेका थिए। आफ्नो राजीनामा बुझाउने दिनमा आर. एम.ले आफ्ना सँगी-विद्यार्थीहरूलाई निम्न पत्र लेखे।

'प्रिय श्रोतागण,

वनभोज, शिक्षकलाई दिने उपहार आदि कुराहरू हाम्रो समितिमा ल्याइएको हुनाले म कक्षाको मनिटरको हैसियतले यस सम्बन्धमा ख्रीष्टको सिद्धान्तसित मिल्ने हाम्रो भावना केकस्तो हुनुपर्थ्यो, सो कुरामा विचार पुऱ्याएर यहाँ मेरो राय दिन चाहन्छु।

मेरो विचारमा, आफ्नो सम्पूर्ण जीवन, धन र समय प्रभुको निम्ति र अरूको सेवामा अर्पण गर्नुभन्दा ठूलो आनन्द हामी कहीं पाउन सक्दैनौं। यसरी हाम्रो जीवन *''मेरो खातिर जसले आफ्नो प्राण गुमाउँछ, उसैले त्यो पाउनेछ''* भन्ने प्रभुको वचनको वास्तविकतासित मिल्न जान्छ।

हामी इसाईहरूको लागि आफ्नो धन र समय प्रभुलाई नचिन्नेहरूको बीचमा उहाँको साक्षी कायम राख्नको लागि अथवा उहाँका जनहरूलाई विश्वासमा बढ़ाउनको लागि खर्च गर्नुपर्छ। अरू

कुराको लागि खर्च गर्नु मलाई उचित लाग्दैन, जब कि दिन प्रतिदिन यस संसारका ७'००० मानिसहरू भोकले मर्छन् र आधाभन्दा बढ़ी मानिसहरूले ख्रीष्ट येशूमा भएको मुक्तिको सुसमाचार सुनेका छैनन्।

आओ, हामी परमेश्वरको महिमा बढ़ाऔं! र ख्रीष्टको सुसमाचार कहिल्यै नपुगेका साठी प्रतिशत ठाउँहरूमा अथवा हाम्रो छिमेकमा सुसमाचार नसुन्नेहरूकहाँ प्रभुको वचन पुऱ्याउनुमा मद्दत गरौं। हाम्रो आफ्नो सानो गुट बनाउनु, हाम्रो रुचिअनुसारका मानिसहरूको समाजमा सीमित रहनु र मनोरञ्जनमा हाम्रो धन र समय खर्च गर्नुभन्दा त्यही नै धेरै उत्तम हो, होइन र?

देश-विदेशमा हामीले ख्रीष्ट येशूको महिमा बढ़ाउन र खाँचोमा परेकाहरूलाई सहायता गर्नको निम्ति हाम्रो धनसम्पत्ति उचित प्रकारले प्रयोग गर्नुपर्ने आवश्यकता र मौकाहरू हुँदा नै हाम्रो कक्षाको कोषमा जम्मा भएको पैसा अनावश्यक कुरामा आफ्नै लागि खर्च गर्नु मलाई ठीक लाग्दैन। यस्ता खाँचोमा परेकाहरू धेरैलाई म चिन्दछु; ती दुःखमा परेकाहरूजस्तै मलाई साह्रै खाँचो परेको भए मेरो खाँचोमा मलाई सहायता गर्ने सक्नेहरूमाथि मैले पनि पूरा आशा राख्नेथिएँ; तिनीहरूले मलाई प्रभु येशूको सुसमाचार सुनाएको र मलाई खाँचोमा परेको अवस्थामा साथ दिएको चाहनेथिएँ।

*"अनि मानिसहरूले तिमीहरूसित जे-जस्तो गरेका चाहन्छौं, तिमीहरूले पनि उनीहरूसित त्यस्तै व्यवहार गर।" "तर जससँग यस संसारको सम्पत्ति छ, र आफ्नो भाइलाई खाँचोमा परेको देख्छ, तर ऊप्रति आफ्नो हृदय कठोर पार्छ, तब परमेश्वरको प्रेम उसमा कसरी रहन्छ र?"*

यसकारण म प्रेमसाथ यो पत्र लेख्दछु र तपाईंहरूको निम्ति मेरो प्रार्थना यही हो: प्रभु येशूले आफ्नो जति सबै हाम्रो लागि दिनुभएको मतलब तपाईंहरूले बुझ्न सक्नुभएको होस् (२ कोरिन्थी ८:९)। म, यस १९६३ सालको क्लास-मनिटरले तपाईंहरूलाई तत्कालै मेरो राजीनामा सुम्पन्छु।

ख्रीष्टमा तपाईंहरूको साथी

आर. एम.'

युद्ध हुँदा हामीले दुःख सहन तयार हुनुपर्छ। हिजोआज जवानहरूले आ–आफ्नो देशको लागि आफ्नो जीवन दिन तयार छन् भने हामी इसाईहरूचाहिँ ख्रीष्टको लागि र उहाँको सुसमाचारको लागि कति बढ्ता गरी यसो गर्न तयार हुनुपर्छ। एउटा विश्वास, जसको लागि हामीले कुनै दाम चुकाउनुपरेन, त्यसको मूल्य हुँदैन। हाम्रो निम्ति प्रभु येशू साँच्ची नै केही मूल्यको हुनुहुन्छ भने हामीले उहाँको लागि सबै दिन तयार हुनुपर्छ। यसो भए व्यक्तिगत सुरक्षाको निम्ति हामीले कुनै फिक्री गर्नुहुँदैन र दुःख खप्नु नपरोस् भनेर हामीले कुनै प्रबन्ध गर्नुहुँदैन; यस्तो कुनै कुराले हामीलाई प्रभुको सेवामा अघि बढ्दै जानुमा नरोकेको होस्।

जब प्रेरित पावलसित विवाद गर्न खोज्ने कति साँघुरो मन भएका मानिसहरूले उनको सेवकाइमा दोष लगाए, त्यति बेला तिनीहरूलाई जवाफ दिँदा उनले न आफ्नो परिवार वा पढ़ाइको श्रेष्ठता, नता आफ्नो सांसारिक योग्यता वा सफलता लिएर तर्क गरे, तर प्रभुबाट पाएको सेवकाइ प्रमाणित गर्न प्रभु येशूको लागि कति दुःखकष्टहरू सहे, सो बताए। *'के तिनीहरू ख्रीष्टका सेवकहरू हुन् ? ( म पागलसरह बोल्दछु), म झन् बेसी हुँ! परिश्रमहरूमा अत्यन्तै बढ़ी, कोर्राहरू खाएकोमा बेहिसाब गरी, कैदहरूमा झन् घरीघरी, मृत्युहरूमा बारम्बार। यहूदीहरूको हातबाट मैले पाँचपल्ट उनन्चालीस–उनन्चालीस कोर्रा खाएँ। तीनपल्ट म लौराले पिटिएँ; एकपल्ट म ढुङ्गाले हानिएँ; तीनपल्ट म चढ़ेको चहाज भताभुङ्ग भयो; मैले समुद्रमा एक रात र एक दिन बिताएको छु; बारम्बार यात्रा गर्नुमा, नदीहरूका जोखिमहरूमा, डाँकूहरूका जोखिमहरूमा, मेरा आफ्नै जातिभाइहरूबाटका जोखिमहरूमा, अन्यजातिहरूबाटका जोखिमहरूमा, शहरभित्रका जोखिमहरूमा, मरुभूमिका जोखिमहरूमा, समुद्रका जोखिमहरूमा, झूटा भाइहरूको बीचमा हुने जोखिमहरूमा; परिश्रम र कष्टमा, बारम्बार जागो रहनुमा, भोक र तिर्खामा, बराम्बार उपवासहरूमा, जोड़ो र नाङ्गो अवस्थामा। बाहिरका कुराहरूबाहेक दिनहुँ सबै मण्डलीहरूको चिन्ता ममाथि आइपर्छ'* (२ कोरिन्थी ११:२३–२८)। २ तिमोथि २:३ पदमा उनले आफ्नो छोरा तिमोथिलाई प्रोत्साहन दिँदा *'यसकारण येशू ख्रीष्टको असल सिपाहीझैं दुःख उठाऊ'* भन्ने ठूलो चेतावनी दिए।

युद्धमा भाग लिनेहरूमा आज्ञाकारिता अनिवार्य छ। असल सिपाहीले वादविवाद नगरीकन र ढिलाइ–सुस्तीबिना आफ्नो हाकिमका आदेशहरू तुरून्तै पालन गर्दछ। प्रभु येशू यस किसिमको आज्ञाकारिता खोज्नुहुन्छ। यसभन्दा कम पनि चल्छ भन्ने विचार रद्द गरौं। उहाँ सृष्टिकर्ता परमेश्वर, मुक्तिदाता र प्रभु हुनुहुन्छ। उहाँको पछि लागेर युद्धभूमिमा उत्रिनेहरूले उहाँका आदेशहरू छिटो पालन गर्नुपर्छ र पूरा गर्नुपर्छ।

युद्ध हुँदा हातहतियारहरू चलाउने सीप चाहिएको छ। प्रार्थना र परमेश्वरको वचन प्रभुको चेलाका हतियारहरू हुन्। यसैले चेलाको प्रार्थना जोश र विश्वासले पूर्ण र दृढ़ हुनुपर्छ। यसरी मात्र उसले शत्रुका किल्लाहरू भत्काउन सक्छ। साथमा ऊ आत्माको तरवार, जुन तरवारचाहिँ परमेश्वरको वचन हो, चलाउन सक्ने हुनुपर्छ। यो तरवार हामी उठाऔं भनेर शैतानले हामीलाई जतिसक्दो छल गर्न खोज्छ। त्यसले पवित्र शास्त्र बाइबल परमेश्वरको प्रेरणाबाट आएको होइन भन्ने शङ्का हामीमा हाल्न कोशिश गर्छ। पवित्र बाइबलमा नमिल्ने कुरा र त्रुतिहरू छन् भन्ने कुरा त्यसले हामीलाई विश्वास दिलाउन चाहन्छ। विज्ञानबाट होस्, कि दर्शन–शास्त्रको तत्त्वज्ञानको कुरा वा उहिलेदेखि चलिआएको परम्पराबाट किन नहोस्, पवित्र बाइबलको विरोधमा विभिन्न तर्कहरू निकालेर त्यसले हामीलाई भ्रममा पार्न खोज्छ। तर ख्रीष्ट येशूको सिपाहीले पछि हट्नुहुँदैन; आफ्नो तरवार चलाएर उसले समय र बेसमयमा आफ्नो सीप र त्यसको प्रभाव देखाउन सक्ने हुनुपर्छ।

संसारका मानिसहरूको दृष्टिमा ख्रीष्टको चेलाका हतियारहरू हाँसउड़दा देखिन्छ। यरिहो शहरलाई कब्जा गर्दा जुन अति प्रभावकारी र सफल युक्ति लगाइयो, त्यो युक्तिचाहिँ आजभोलिका जुनै सेनापतिको आँखामा ठट्टा गनिन्थ्यो; गिदोनको अति सानो फौज एउटा खिसीको पात्र बनिन्थ्यो। दाऊदले पलिश्तीसँग लड्नको लागि चलाएको घुँयेत्रो, शम्गार नामक न्यायकर्ताले प्रयोग गरेको लौरो र परमेश्वरको क्षुद्र सेनाको लामो इतिहासको विषयमा हामी के भनौं? आत्मिक मानिसले यो कुरा निश्चित रूपले जान्दछः जससँग सबभन्दा ठूलो सेना छ, त्यससित परमेश्वर लड्नुहुन्न रहेछ, तर उहाँले यस संसारका कमजोर, गरिब र तुच्छ कुराहरू

प्रयोग गरेर यी कुराद्वारा आफ्नो महिमा बढ़ाउन मन पराउनुहुँदो रहेछ।

युद्धको कुरा गर्दा यो पनि भनौं: शत्रु र त्यसका युक्तिहरूको विषयमा हामीसँग ज्ञान हुनुपर्छ। आत्मिक युद्धको विषयमा यो कुरा पनि सत्य हो। *'किनकि हामी मासु र रगतको विरोधमा लड़्दैनौं, तर प्रधानहरूको विरोधमा, अधिकारीहरूको विरोधमा, यस संसारको अन्धकारका शासकहरूको विरोधमा, आकाशी स्थानहरूमा भएका आत्मिक दुष्टताको विरोधमा लड़्दछौं'* (एफेसी ६:१२)। हामीलाई थाहै छ: *'शैतान आफैले पनि ज्योतिर्मय स्वर्गदूतको भेष धारण गर्छ। यसकारण त्यसका सेवकहरूले पनि धार्मिकताका सेवकहरूको भेष धारण गरे भने त्यो कुनै ठूलो कुरा होइन; तिनीहरूको अन्त तिनीहरूका कामहरूअनुसार हुनेछ।'* (२ कोरिन्थी ११:१४-१५)। तालिम प्राप्त भएको ख्रीष्टको सिपाहीले यो जान्दछ कि उसको विरोधमा उठ्नेहरूको सबभन्दा ठूलो आक्रमण मतवाला, चोर र वेश्याहरूबाट आउने होइन, तर बरु धर्मगुरु र पण्डितहरूबाट पो आउँछ। परमेश्वरले हाम्रा मुक्तिदाता हुनको निम्ति खटाउनुभएको ख्रीष्टलाई क्रूसमा चढ़ाउनेहरूचाहिँ यहूदी धर्मगुरुहरू थिए। शुरुमा प्रभुको मण्डलीको विरोधमा उठेर सताउनेहरूचाहिँ धर्म-नेताहरू थिए। प्रेरित पावलले सबभन्दा क्रूर सतावट परमेश्वरको नाम लिने र आफैलाई परमेश्वरका सेवक ठान्नेहरूको हातबाट सहनुपर्‍यो। अनि यसरी नै शताब्दी-शताब्दी आजसम्म भइरह्यो। शैतानका नोकरहरूले परमेश्वरको इच्छाअनुसार चल्ने उहाँका धार्मिक सेवकहरूको भेष लिँदा रहेछन्। तिनीहरू सच्चा विश्वासीहरूको भाषा चलाउन जान्दछन्; तिनीहरू पूजारीको वस्त्र लगाएको हुन्छन्; तिनीहरू प्रभुको भक्ति गरेको देखा पर्दछन्। तर वास्तवमा तिनीहरूले हृदयदेखि प्रभु येशूलाई र मुक्तिको सुसमाचारलाई घृणा गर्छन्।

युद्ध हुने बेलामा एकोहोरो ध्यान चाहिन्छ। *'आफूलाई सिपाहीमा भर्ना गर्नेलाई खुशी पारूँ भनेर कुनै पनि लड़ाइँमा जाने मानिसले आफूलाई यस जीवनका धन्दाहरूमा फसाउँदैन'* (२ तिमोथि २:४)। यस प्रकारले प्रभु येशूको चेलाले उसलाई सम्पूर्ण हृदयले प्रभु येशूको भक्ति नगर्ने हरेक कुरालाई बाधा ठान्दछ। यी बाधाप्रति उसले निर्दय व्यवहार देखाए तापनि

उसले कसैलाई ठेस खुवाउँदैन। आफ्नो विश्वासमा अटल रहे पनि ऊ रूखो हुँदैन। तर उसको लागि जीवनको उद्देश्य एउटै मात्र छ, एउटै मात्र चाहना। अरू सब कुरा यस उद्देश्यको वशमा ल्याइँदछन्।

युद्धमा परेको समयमा खतरादेखि नडराउने खालको साहसको आवश्यकता छ। *'यसकारण खराब दिनमा सामना गर्न सक्नको निम्ति र सबै कुराहरू गरेर खड़ा हुन सक्नको निम्ति परमेश्वरका सारा हतियारहरू उठाओ; यसैले खड़ा होओ!'* (एफेसी ६:१३-१४)। एफेसी छ अध्यायमा याद राख्नुहोस्ः त्यहाँ उल्लेख गरिएका ख्रीष्टको सिपाहीका हतियारहरूमध्ये कुनैलाई पछाड़िबाट रक्षा गरोस् भनेर दिइएको छैन। यसर्थ भाग्न वा हट्नको लागि कुनै प्रबन्ध छैन रहेछ। तब हामी पछि किन हटौं त? 'उहाँद्वारा, जसले हामीलाई प्रेम गर्नुभयो, हामी विजेताहरूभन्दा पनि बढ़ी छौं' भन्ने वचन सत्य हो, होइन र? हो, हाम्रो विरोधमा उठ्ने कोही पनि सफल हुँदैन; किनकि परमेश्वर हाम्रो साथमा हुनुहुन्छ। लड़ाइँमा उत्रनुभन्दा अघि नै हामीलाई विजयको प्रतिज्ञा दिइएको छ। तब हामी कसरी पछि हटौं? यस्तो विचार हामीबाट दूर होस्।

विजेता भएर उभिन पाऊँ वा लड़ाइँमा मर्नेहरूमध्ये म परी जाऊँ,
मलाई के पर्वाह?
युद्ध लड़्न पाए त्यो मात्र गनिन्छ, यति मलाई पुग्छ;
केवल डरपोक पापी भई पछि हट्छन्।
मेरो शत्रु बलियो छ; त्यो मतिर अघि बढ़्दै आइरहेछ!
मेरो तरवार खोसिसकेको छ;
हे प्रभु, तिनीहरूका फरफराउने झण्डा र भालाहरू हेर्नुहोस्!
मेरो लागि तरवारको एउटा सानो ठुटो मात्र भए पनि
जोगाइराख्नुहोस्!

श्रीमती एमी करमाइकलले उद्धृत गरेकी

# ९

# येशूको चेलामा प्रभुको लागि सारा संसारलाई जित्ने दर्शन हुनुपर्छ

संसारमाथि अधिकार जमाउनु हाम्रो लागि परमेश्वरको बोलावट हो। उहाँको प्रतिरूपमा बनाउनुभएको मानिसको लागि उहाँको योजना महान् र उत्तम छ। हाम्रो जीवन क्षणिक, अल्पकालिक कामधन्दामा बितेर जानु वा व्यस्त रहनु परमेश्वरको उद्देश्य नै होइन।

शुरुमा जब परमेश्वरले मानिसलाई सृष्टि गर्नुभयो, तब परमप्रभुले मानिसलाई सारा पृथ्वीमाथि अधिकार दिनुभयो। उहाँले उसलाई महिमा र आदरको पद दिनुभयो र उसको अधीनतामा सबै कुराहरू राख्नुभयो। मानिसले कस्तो सम्मान र अधिकार पाएको थियो ? ऊ स्वर्गदूतहरूभन्दा अलिकति मात्र कम थियो।

जब आदमले पाप गर्‍यो, तब उसले परमेश्वरको इच्छाअनुसार उसलाई सुम्पिदिइएको अधिकार धेरै मात्रामा गुमायो। शुरुमा आफ्नो अधिकार कसैसित बाँड्नु नपर्ने आदमको शासनचाहिँ पछिबाट सीमित, अस्थाही शासन भयो।

नयाँ नियममा हामीले सुसमाचारको सम्बन्धमा त्यो अधिकार फिर्ता पाएका छौं। गर्जने सिंह र विषालु सर्पहरूमाथि जमाउने अधिकार हाम्रो होइन, तर जाति–जातिका मानिसहरूलाई हाम्रो अंश र संसारका कुना–कुनामा परेका देशहरू हाम्रो पैतृक सम्पत्तिको हरूपमा दाबी गर्नु हाम्रो भाग हो। 'साँचो साम्राज्य नैतिक र आत्मिक सर्वअधिकार चलाइएको शासन हो, एउटा शुद्ध र पवित्र जीवनको तेजपूर्ण आकर्षणद्वारा अरूलाई मोहित पार्नु र जित्नु हो।' (श्री जी. एच. जोवेट)

वास्तवमा ख्रीष्टमा हाम्रो बोलावटमा यस्तो सम्मान छ, जसको विषयमा आदमलाई केही पनि थाहा थिएन; किनभने नयाँ नियमअनुसार हामी संसारका मानिसहरूलाई मुक्ति दिलाउने योजनामा परमेश्वरका सहकर्मी भएका छौं। 'संसारका मानिसहरूले प्रभु येशूको नाममा आफ्नो जीवनमाथि अभिषेक गरेका राजाले झैं आफू शासन गरून्, आफ्नो आत्मालाई पूरा रूपले वशमा राख्न सकून् र परमेश्वरको राज्यको विस्तार गराउने सेवाको निम्ति आफूलाई समर्पण गरून्, अँ, संसारका मानिसहरू लिएर यस्ता व्यक्तिहरूलाई बनाउनु हाम्रो बोलावट हो।' (श्री डिन्स्डेल् टि. युङ्ग)

हिजोआज हाम्रो जीवनको असफलताको मुख्य कारण यसैमा छ: हामीले ख्रीष्टमा हाम्रो उच्च बोलावटको महत्त्व बुझेका छैनौं। हाम्रो जीवन सानोतिनो कुरामा बित्छ वा मामुली कुरामा प्रगति गर्छ, र पनि हामी सन्तोष हुन्छौं। हामी माथि–माथि उड्नुको सट्टामा भुइँमा घस्रन्छौं। राजा हुनुपर्ने ठाउँमा हामी दासत्वको जीवन बिताउँछौं। ख्रीष्टको निम्ति अरू देशका मानिसहरूलाई दाबी गर्ने दर्शन थोरै मानिसहरूले पाएका छन्।

श्री चार्लस् एच. स्परचन् भिन्नै प्रकारका मानिस थिए। उनले आफ्नो छोरालाई निम्न पत्र लेखेर प्रभावकारी चेतावनी दिएका थिए, जब उनले यसो लेखे:

*'हे मेरो छोरा, तिम्रो जीवनको लागि परमेश्वरको बोलावट विदेशमा गएर ख्रीष्टको सुसमाचार प्रचार गर्नु हो भने तिमी करोड़पति भएर मर्‍यौं भने त्यो मलाई ठीक लाग्दैन। प्रचारकको क्षमता भएको व्यक्ति हुँदा-हुँदै तिमी राजाको कर्मचारी भएर जिउनु उचित नहोला।*

*तिम्रा सब राजाको उच्च पद, तिम्रा सबै भारदार र तिम्रा सबै मुकुटहरू के हुन् ? ती जम्मै गौरव एकातिर राख र प्रभु येशूको लागि आत्मा बचाउने कामको सर्वश्रेष्ठतासित तुलना गर। अरू कसैले बसालिएको जगमाथि होइन, तर प्रभुको सुसमाचार कहिल्यै नपुगेका ठाउँहरूमा मुक्तिको सुसमाचार प्रचार गरेर ख्रीष्टको राज्यको विस्तारको काममा साथ दिन पाउनु कस्तो सम्मान हो !'*

श्री जोहन मोट पनि विशेष मानिस थिए। उनी एक प्रख्यात मिसनेरी थिए, जो पहिले यु.एस.ए.का उच्च पदाधिकारी थिए। जुन बेलामा यु.एस.ए.का राष्ट्रपति श्री कुलीजले उनलाई राजदूतको रूपमा जापनमा पठाउन खोजेका थिए, त्यतिखेर श्री मोटले तिनलाई जवाफ दिएर भने: 'आदरणीय राष्ट्रपतिज्यू, परमेश्वरले मलाई उहाँको राजदूत हुनको निम्ति बोलाउनुभएको छ; यसैले म अरू कुनै बोलावट स्वीकार गर्न सक्दिनँ।'

श्री बिली ग्रेहमले अर्को तेस्रो मानिसको विषयमा यसो बताउँछन्, जो भिन्नै खालका मानिस थिए: 'जब स्टाण्डर्ट ऑल कप्मनीले पूर्व एशियामा तिनीहरूको प्रतिनिधि गर्न योग्यको व्यक्तिलाई खोजेको थिए, त्यस बेला तिनीहरूले एकजना मानिसलाई छाने। तिनीहरूले उनलाई दस हजार डालर तलब दिने कबुल गरे, तर उनले स्वीकार गरेनन्। तब तिनीहरूले तलब बढ़ाएर पच्चीस हजार डालर दिने प्रतिज्ञा गरे; तर उनले अस्वीकार गरे। त्यसपछि तिनीहरू पचास हजार डालर दिन राजी भए; यसो भए पनि उनले मानेनन्। तब तिनीहरूले उनलाई सोधे: यसमा अझ के नमिलेको छ ? जवाफमा उनले भने: तलबमा केही गल्ती छैन, तर तपाईंहरूले मलाई दिन खोज्नुभएको काम मेरो लागि सानो छ र मलाई पुग्दैन। परमेश्वरले मलाई मिसनेरी हुनको लागि बोलाउनुभएको हो।'

प्रभुको बोलावट सबैभन्दा उच्च बोलावट हो। अनि जब हामी यसको महत्त्व बुझ्न थाल्छौं, त्यस समयदेखि हाम्रो जीवन उँभो, नयाँ

उच्च ठाउँहरूतिर उड़िजान्छ। त्यसपछि हामी कल कस्ने कामको लागि बोलाइएका, वा डाक्टर हुन अथवा डेन्टिस्ट हुन बोलाइको कुरा गर्दैनौं। तर हामी आफूलाई प्रभुका प्रेरित हुनको निम्ति बोलावट पाएको ठान्दछौं, अनि अरू सबै कामधन्दाहरू केवल जीविका चलाउन चाहिएका कुरा गन्दछौं।

हामीले ख्रीष्टको सुसमाचार हरेक मानिसकहाँ पुर्‍याउनुपर्छ। हामीले सबै जातिका मानिसहरूलाई ख्रीष्ट येशूका चेला बनाउनुपर्छ। हामीले सारा संसारमा मुक्ति दिने सुसमाचार फैलाउनुपर्छ। यो हाम्रो बोलावट हो।

हाम्रो पुस्तामा हामीले कसरी ख्रीष्टको सुसमाचार फैलाएर सारा संसारमा पुर्‍याऔं त? यसको एउटा जवाफ यही होः परमेश्वरलाई सारा हृदयले प्रेम गर्ने र आफ्नो छिमेकी आफैलाई झैं प्रेम गर्ने दाजुभाइ–दिदीबहिनीहरूद्वारा मात्र सम्भव छ। कहिल्यै सेलाएर नजाने प्रेमबाट यस्तो भक्ति र समर्पन उत्पन्न हुन्छ, जसद्वारा प्रभुको काम पूरा गरिनेछ।

ख्रीष्टको प्रेमको वशमा परिएका मानिसहरू प्रभुको निम्ति जुनै कष्ट उठाउन र जुनै त्यागको लागि तयार छन्। उनीहरूले प्रभुलाई प्रेम गरेको कारणले उनीहरू सांसारिक लाभको लागि गरेको कामभन्दा धेरैभन्दा धेरै काम गर्न तत्पर छन्। उनीहरूले आफ्नो जीवन प्रिय गनेर बाँकी राख्दैनन्। प्रभुको सुसमाचार सुन्न नपाएका मानिसहरू नाश नहोऊन् भन्ने हेतुले उनीहरूले आफूसँग भएको सबै खर्च गर्छन्, आफ्नो जीवन पनि खर्च गर्छन्।

हे प्रभु, तपाईं जो क्रूसमा मर्नुभयो,<br>
तपाईंको जस्तै हृदय मलाई दिनुहोस्!<br>
मलाई पापमा मरिरहेका मानिसहरूलाई प्रेम गर्न सिकाउनुहोस्;<br>
मेरो हृदय तपाईंसित एक जीउ भई<br>
तपाईंको नजिक, एकदम नजिकमा रहन दिनुहोस्;<br>
अनि मलाई कल्वारी क्रूसमा देखाउनुभएको<br>
त्यो शुद्ध प्रेम दिनुहोस्,<br>
र म हराएका आत्माहरूलाई तपाईंकहाँ ल्याउन सकूँ।

श्री जेम्स् ए. स्टुवार्ड

प्रेम हाम्रो प्रेरणा हो भने हामी सफल हुन्छौं, नत्रता प्रभुको उद्देश्य पूरा हुन सक्दैन; यसमा आशा छैन। प्रेमबिना हाम्रो सेवकाइ ठ्याङ्गठ्याङ्ग गर्ने पित्तल र झ्याइँझ्याइँ गर्ने झ्याम्टा मात्र हो। तर प्रेमचाहिँ त्यो शक्ति हो, जसले हामीलाई अघि बढ़ाउँछ, तब ख्रीष्टको भक्तिले उत्तेजित भएका मानिसहरू देशविदेशमा जानेछन्, र संसारको कुनै शक्तिले उनीहरूलाई रोक्न सक्दैन, तर प्रभुको सुसमाचार चारैतिर फैलिँदै जान्छ।

त्यति बेला प्रभुका चेलाहरूको फौजको सूत्र यस प्रकारको होलाः प्रभु येशूको लागि उनीहरू पूरा रूपले समर्पित छन्। ख्रीष्टको प्रेमले उनीहरूलाई प्रेरणा दिइरहेको हुन्छ। महिमित सुसमाचारको सन्देश बोकेर समुद्र र जमिन चहार्ने ख्रीष्टका राजदूतहरूको चित्र मनमनै मनन गर्नुहोस्। उनीहरू थाकित हुँदैनन्, तर नयाँ, अझै नयाँ जग्गाहरूतिर लम्केर अघि बढ़्दै जान्छन्। उनीहरूले भेट्ने हरेक व्यक्तिमा एउटा अमूल्य आत्मा देख्छन्, जसको लागि ख्रीष्ट येशू मर्नुभएको हो। उनीहरूले हरेक मानिसलाई ख्रीष्टको लागि जितेर उसलाई अनन्तकालसम्म एकमात्र सत्य परमेश्वरको उपासक बनाउन चाहन्छन्। ख्रीष्टलाई चिनाउनको लागि उनीहरूले कस्ता–कस्ता प्रणाली प्रयोग गर्छन्?

नयाँ नियमभित्र हामीले सारा संसारमा सुसमाचार फैलाउने दुईवटा प्रमुख प्रणाली देख्दछौं। पहिलो प्रणालीचाहिँ खुलमखुला सुसमाचारको प्रचार हो। दोस्रोचाहिँ व्यक्तिगत चेलापन हो।

पहिलो तरिका प्रभु येशू आफैले प्रयोग गर्नुभयो र उहाँका चेलाहरूले पनि घरीघरी प्रयोग गरे। जहाँ मानिसहरू भेला भए, त्यहाँ सुसमाचार प्रचार गर्ने अवसर हुन्थे। हाटबजारहुँदो, झ्यालखानामा र सभाघरहरूमा, साथै समुद्र र नदीका किनारमा सुसमाचार प्रचार गरिएको थियो। सन्देशको महत्त्व र आवश्यकताले गर्दा चलिआएका ठाउँहरूमा मात्र उनीहरूले प्रचार सीमित राख्न सकेनन्।

प्रभुको विश्वास र शिक्षा फैलाउने दोस्रो तरिका व्यक्तिगत रूपले चेलापनको तालिम दिनु हो। प्रभु येशूले यही तरिकाले आफ्ना बाह्रजना प्रेरितहरूलाई तालिम दिनुभएको थियो। यी थोरै मानिसहरूलाई प्रभुले आफूसँग रहनको निम्ति, र पछि काममा पठाउनको निम्ति

बोलाउनुभयो। दिन प्रतिदिन उहाँले उनीहरूलाई शिक्षा दिँदा परमेश्वरको सत्यता बुझाउनुभयो। जुन कामको लागि उहाँले उनीहरूलाई नियुक्त गर्न चाहनुहुन्थ्यो, त्यो काम उहाँले उनीहरूलाई स्पष्ट पार्नुभयो। केकस्ता किसिमका खतराहरू र समस्याहरू उनीहरूले काम गर्दा भेट्टाउनेथिए, यसको सम्बन्धमा उहाँले उनीहरूलाई विस्तृत रूपले ज्ञान र चेतावनी दिनुभयो। उहाँले उनीहरूलाई परमेश्वरका गुप्य योजनाहरू प्रकट गर्नु-भयो र उनीहरूलाई परमेश्वरको महिमित, तर कठिन आयोजनाका भागीदार तुल्याउनुभयो। त्यसपछि उहाँले उनीहरूलाई भेड़ाझैं व्वाँसा-हरूको बीचमा पठाउनुभयो। पवित्र आत्माको शक्तिमा उनीहरू अघि बढ़े र संसारका मानिसहरूलाई मरेकाहरूबाट बौरिउठ्नुभएको प्रभु र मुक्तिदाताको साक्षी दिए। उहाँ स्वर्गमा चढ़ी जानुभयो; उहाँ महिमित ख्रीष्ट हुनुहुन्छ। यो तरिका कति प्रभावकारी थियो, सो आफै विचार गर्नुहोस्। प्रभु येशूलाई विश्वासघात गर्ने यहूदा इस्करयोती निस्केपछि एघार चेलाहरू मात्र भएको झुण्डले प्रभु येशू ख्रीष्टको लागि सारा संसारलाई उल्टापल्टा गरे।

प्रेरित पावलले यही तरिका चलाउँथे र तिमोथिलाई पनि प्रयोग गर्ने आदेश दिए। *'धेरै साक्षीहरूको बीचमा जुन कुराहरू तिमीले मबाट सुनेका छौ, ती कुराहरू तिमीले विश्वासयोग्य मानिसहरूलाई सुम्तिदेऊ, जो अरूलाई पनि सिकाउनुमा योग्यका हुन्छन्'* (२ तिमोथि २:२)। यस तरिकाको पहिलो कदम होशियारसाथ र प्रार्थनासाथ विश्वासयोग्य मानिसहरूलाई चुन्नु हो। तिनीहरूलाई सिकाउँदै यस महिमित दर्शनका भागी बनाउनु दोस्रो कदम हो। तिनीहरूलाई अरू मानिसहरूलाई ख्रीष्टका चेला बनाउने काममा पठाउनु यस तरिकाको तेस्रो कदम हो (मत्ती २८:१९)।

धेरै संख्या मात्र गन्ने र ठूलो भीड़ देख्न चाहनेहरूको लागि यो तरिका शायद बुद्धिमान् नभएको देखिन्छ र दिकलाग्दो होला। तर परमेश्वरले आफ्नो काम कुन तरिकाले गर्नुपर्छ, सो आफै जान्नुहुन्छ, अनि उहाँका तरिकाहरू सबभन्दा उत्तम तरिका हुन्छन्। अपस्वार्थी इसाईधर्म-अवलम्बीहरूको विशाल भीड़भन्दा थोरै समर्पित चेलाहरू लिएर प्रभुले ठूलो काम गर्न सक्नुहुन्छ।

जब यी पठाइएका चेलाहरू प्रभु येशूको नाममा संसारका विभिन्न ठाउँहरूतिर निस्की जान्छन्, त्यत्ति बेला परमेश्वरको वचनमा प्रकट गरिएको रूपरेखाअनुसार उनीहरूले आफ्नो चाल केही नियममाथि बसालेका हुन्छन्। प्रथम कुरा: उनीहरू साँपजस्तै चतुर, तर ढुकुरजस्तै सोझा हुन्छन्। यसर्थ अप्ठ्यारो परिस्थितिमा पर्दा केकसो गरौं भन्ने अगुवाइ पाउनको निम्ति उनीहरूलाई बुद्धिको खाँचो हुँदा उनीहरूले त्रिएक परमेश्वरलाई नै आफ्नो बुद्धिको स्रोत बनाउँछन्। यसो गरे तापनि अरू मानिसहरूसित उनीहरूको व्यवहार नम्र र विनीत हुन्छ। उनीहरूबाट कुनै अत्याचार वा मारपिट खानुपर्दैन। उनीहरूदेखि डराउनुपर्दैन। उनीहरूका प्रार्थना र अदम्य साक्षीदेखि नै मानिसहरूले डराउनुपर्छ।

यी चेलाहरू यस संसारका राजनीतिदेखि टाढ़ोमा बस्छन्। उनीहरू कुनै किसिमको सरकार वा राजनीतिक सिद्धान्तको विरोधमा उठ्दैनन्। यो उनीहरूको बोलावट नै होइन। उनीहरूले जुनै सरकारको अधीनमा रहेर काम गर्न सक्छन्। उनीहरू सकेसम्म त्यस शासन-प्रबन्धभित्र रहन्छन्। जहाँ उनीहरूलाई आफ्नो साक्षी कायम राख्न दिइँदैन वा आफ्ना प्रभुलाई इन्कार गर्न लगाइन्छ, त्यहाँ मात्र उनीहरूले सरकारको नियम मान्न सक्दैनन्। त्यस बेला उनीहरू आज्ञाकारी हुँदैनन्, र आफूलाई सरकारको कारवाईमा सुम्पन्छन्। तर उनीहरूले कुनै सरकारको विरोधमा सड्यन्त्र रच्दैनन्, न ता कुनै क्रान्तीमा भाग लिन्छन्। 'मेरो राज्य यस संसारको होइन; मेरो राज्य यस संसारको हुँदो हो ता .... मेरा सेवकहरूले लड़ाइँ गर्नेथिए' भन्ने वचन प्रभुको होइन र ? यी प्रभुका मानिसहरू स्वर्गीय देशका राजदूत हुन्। यसैले उनीहरूले यात्री र परदेशी भई यस संसारमा आफ्नो जीवन बिताउँछन्।

उनीहरूको सब लेनदेनमा उनीहरू विलकुल इमानदारी रहन्छन्। उनीहरूमा कुनै प्रकारको छलकपट पाइँदैन। उनीहरूको हो, हो नै हुन्छ र उनीहरूको होइन, होइन नै रहन्छ। सोझो औंलाले घिउ आउँदैन भन्ने लोकप्रिय भनाइअनुसार उनीहरू चल्न मान्दै मान्दैनन्। कुनै हालतमा पनि उनीहरूले असल कुरा पाउन खराबी गर्दैनन्। उनीहरू हरेक-एक व्यक्तिमा एउटा शुद्ध विवेक हुन्छ। उनीहरू पाप गर्नुभन्दा बरु मर्छन्।

उनीहरूको अर्को नियम सधैं नै पालन गर्छन्, जुन नियम यस प्रकारको छ: उनीहरूले आफ्नो सेवकाइ एउटा स्थानीय मण्डलीमा गाभ्छन्। प्रभु येशूका निम्ति उनीहरू संसाररूपी खेतमा निस्केर प्रभुमा आउने अमूल्य आत्माहरू फसलको रूपमा बटुल्न जान्छन्, तर त्यसपछि उनीहरूले प्रभुमा आएकाहरूलाई एउटा स्थानीय मण्डलीकहाँ डोऱ्याउँछन् र तिनीहरूलाई त्यसको रेखदेखमा छोड्छन्। त्यस मण्डलीको सँगतमा रहीकन ती नयाँ विश्वासीहरूले आफ्नो अति पवित्र विश्वासमा बढ्छन् र उन्नति गर्छन्। साँचो चेलाहरूले यो बुझ्छन्: यस संसारमा परमेश्वरको काम गर्ने केन्द्र स्थानीय मण्डली नै हो। स्थानीय मण्डलीले विश्वासको प्रचारप्रसारको काम गर्नुपर्छ। यही सिद्धान्तअनुसार चलेमा सबैभन्दा राम्रो प्रकारले प्रभुको काम गरिन्छ र त्यो काम रहिरहन्छ।

प्रभुका यी चेलाहरूको बुद्धि हुन्छ; यसैले बाधा दिने हर किसिमको सम्बन्धबाट उनीहरू अलग रहन्छन्। उनीहरूले आफ्नो काम गराइमा स्वतन्त्र रहन चाहन्छन् र मानिसको कुनै संस्थाको नियमभित्र थुनिएर बस्न मन्दैनन्। उनीहरूले सीधै स्वर्गीय केन्द्रबाट आफ्ना हुकुमहरू पाउँछन्। उनीहरू आफ्नो स्थानीय मण्डलीको सरसल्लाह र रेखदेख इन्कार गर्ने होइनन्। होइन, तर परमेश्वरको सेवा गर्ने बोलावटको सम्बन्धमा उनीहरूले यस प्रकारको सरसल्लाह खोज्छन् र यसमा आफ्नो बोलावटको पुष्टि देख्छन्। परमेश्वरको वचन पालन गरेर उनीहरूले प्रभुको सेवा गर्न माग्छन्। यो उनीहरूको निम्ति अनिवार्य हो। यसको लागि उनीहरूले उहाँको अगुवाइ खोज्छन्।

अन्तमा, यी चेलाहरूले प्रसिद्ध हुन चाह गर्दैनन्। उनीहरूले आफूलाई लुकाइराख्न खोज्छन्। ख्रीष्ट येशूको महिमा बढ़ाउनु र उहाँको नाम प्रसिद्ध बनाउनु उनीहरूको उद्देश्य हो। उनीहरूले आफ्नो निम्ति ठूला कुरा चाह गर्दैनन्, आफ्नो मान खोज्दैनन्। उनीहरूले आफ्नो काम गर्ने नीति शत्रुलाई थाह दिन चाहँदैनन्। यसैले उनीहरूले शान्त प्रकारले खुरुखुरु काम गर्छन्। उनीहरूले मानिसहरूको प्रशंसा वा दोषको कुनै वास्ता गर्दैनन्। उनीहरूलाई थाह छ: आफ्नो परिश्रमको प्रतिफलको विषयमा केही निश्चित कुरा पत्ता लगाउनको निम्ति सबभन्दा राम्रो ठाउँ स्वर्ग नै हो।

# १०

# प्रभुको चेला र विवाह

*'... अनि कति नपुंसकहरू छन्, जसले स्वर्गको राज्यका निम्ति आफैलाई नपुंसक बनाएका छन्। जसले यो कुरा ग्रहण गर्न सक्छ, उसैले ग्रहण गरोस्!'* मत्ती १९:१२

प्रभुको हरेक चेलाको निम्ति विवाह गर्नु वा विवाह नगर्नु एउटा मुख्य प्रश्न रहन्छ। यस सम्बन्धमा उसको लागि परमेश्वरको बोलावट के हो? यसको उत्तर सम्पूर्ण रूपले प्रभुबाटको अगुवाइमा भर पर्छ। कुनै मानिसले अरू कसैलाई यसको विषयमा केही आदेश दिन पाउँदैन, अनि जीवनको यस महत्त्वपूर्ण क्षेत्रमा हस्तक्षेप गर्नु एउटा जोखिमयुक्त व्यवहार हो।

विवाहको सम्बन्धमा हामी परमेश्वरको वचनमा स्पष्ट शिक्षा पाउँछौं। मानवजातिको लागि परमेश्वरले विवाहको प्रबन्ध तयार गर्नुभयो। यसो गर्न उहाँका मुख्य उद्देश्य यस प्रकारका थिए:

१) विवाहको सम्बन्ध जीवनसाथी पाउन र आनन्द लिनको लागि दिइएको हो। *'परमप्रभु परमेश्‍वरले भन्‍नुभयो: मानिस एक्लो रहनु ठीक छैन'* (उत्पत्ति २:१८)।

२) विवाहको सम्बन्ध सन्तान बढ़ाउनको लागि दिइएको हो। यो कुरा हामीले *'फल्दै–फुल्दै, वृद्धि हुँदै र पृथ्वीमा भरिँदै जाओ'* भन्‍ने प्रभुको आज्ञाबाट बुझ्छौं (उत्पत्ति १:२८)।

३) परिवार र समाजमा पवित्र व्यवहार कायम राख्नको लागि विवाहको सम्बन्ध स्थापित गरिएको हो। *'तर व्यभिचार हुन नदिनको लागि हरेक पुरुषकी आफ्नी पत्‍नी होस्'* (१ कोरिन्थी ७:२)।

परमेश्‍वरको वचनमा हेर्नु हो भने त्यहाँ हामी विवाह गरेर पनि एउटा पवित्र जीवन, भक्तिको जीवन बिताउन र ख्रीष्टको सेवा गर्न सक्छौं। यसमा नमिल्दो कुनै कुरा छैन। *'विवाह सबैको बीचमा आदरको योग्य मानियोस् र ओछ्यान निष्कलङ्क रहोस्'* भन्‍ने वचन हामी सम्झन्छौं (हिब्रू १३:४)। *'पत्‍नी पाउनेले असल कुरा भेट्टाउँछ'* भन्‍ने वचन हामी पुष्टि गर्छौं (हितोपदेश १८:२२)। उपदेशकले लेखेको निम्न वचन विवाहको सम्बन्धमा लागू हुन्छ: *'एकभन्दा दुई उत्तम हो'* (उपदेशक ४:९)। प्रभुको सेवामा दुईजना जोड़ी भएर रहेमा यो वचन झन् सत्य ठहरिन्छ। व्यवस्था ३२:३० पदमा मिलेर गरेको कामको ठूलो प्रभाव त्यहाँ प्रकट गरिएको छ; यस पदमा एकजनाले हजारलाई, तर दुईजनाले दस हजारलाई खेद्‌न सक्छन् भन्‍ने कुरा उल्लेख गरिएको छ।

मानवजातिको लागि विवाह गर्नु परमेश्‍वरको इच्छा हो। यस्तो भए पनि कुनै न कुनै व्यक्तिको लागि परमेश्‍वरको इच्छा बेग्लै हुन सक्छ। विवाह गर्ने अधिकार हुँदा–हुँदै प्रभु येशूका कति चेलाले बाधाबिना ख्रीष्टको सेवा गर्न पाऊँ भन्‍ने हेतुले विवाह गर्न पाउने यो अधिकार इन्कार गर्न माग्छन्।

प्रभु येशूले भन्‍नुभएअनुसार उहाँको राज्यभित्र कोही–कोही हुन्छन्, जसले उहाँको निम्ति आफैलाई नपुंसक तुल्याएका छन्। *'किनभने कति नपुंसकहरू छन्, जोचाहिँ आमाकै गर्भबाट त्यस्तै जन्मेका हुन्, अनि कति नपुंसकहरू छन्, जो मानिसहरूद्वारा नपुंसक बनाइएका हुन्, अनि*

*कति नपुंसकहरू छन्, जसले स्वर्गको राज्यका निम्ति आफैलाई नपुंसक बनाएका छन्। जसले यो कुरा ग्रहण गर्न सक्छ, उसैले ग्रहण गरोस्!'* (मत्ती १९:१२)

यसरी जिउने भाकल व्यक्तिगत इच्छामा भर पर्छ। अनि यसो गर्ने व्यक्तिले निम्न दुईवटा कुरामा ध्यान दिनुपर्छः

१) विवाह नगर्ने सम्बन्धमा हामीले परमेश्वरको निश्चित अगुवाइ पाउनुपर्छ।

२) हामीमा परिवारिक भारबिना नै सम्पूर्ण जीवन समर्पन गरी प्रभुको काम गर्ने उत्कट इच्छा हुनुपर्छ।

परमेश्वरको बोलावट यो हो भन्ने निश्चयता हुनैपर्छ (१ कोरिन्थी ७:७)। यस प्रकारको निश्चयता पाएको चेलाले मात्र प्रभुबाट यो भाकल पूरा गर्ने अनुग्रह पाउँदछ। त्यसपछि याद राखौंः यो भाकल आफ्नै इच्छामा निर्भर छ। जहाँ कुनै गिर्जा वा सम्प्रदायको नियमअनुसार कसैलाई विवाह गर्नु मनाही गरिन्छ, त्यहाँ अशुद्ध हुने सम्भवना र व्यभिचारमा फस्ने डर हुन्छ।

विवाह नगर्ने मानिसको बारेमा, उसले प्रभुको कामको लागि आफैलाई बढ़्ता गरी दिइहाल्न सक्छ भन्ने कुरा प्रेरित पावलले हामीलाई बताउन चाहेर यसो लेखेः *'तर तिमीहरूलाई फिक्री नहोस् भन्ने म चाहन्छु। जसले विवाह गरेको छैन, उसले, म प्रभुलाई कसरी खुशी पारूँ भन्दै प्रभुकै कुराहरूको विषयमा फिक्री गर्दछ। तर जसले विवाह गरेको छ, उसले, म मेरी पत्नीलाई कसरी खुशी पारूँ भन्दै संसारका कुराहरूको विषयमा फिक्री गर्दछ'* (१ कोरिन्थी ७:३२-३३)। यही कुराले गर्दा उनले १ कोरिन्थी ७:७-८ पदमा विवाह नगरेकाहरूलाई र विधवाहरूलाई उनीजस्तै रहने अर्थात् विवाह नगरी बस्ने सल्लाह दिन्छन्।

विवाह गरेकाहरूलाई आफ्नो पत्रमा लेख्दा परमेश्वरको महान् काम पूरा गर्नको निम्ति समय अति छोटो भएकोले गर्दा हामीले सबै कुराहरू ख्रीष्टलाई चिनाउने कामको अधीनतामा राख्नुपर्छ भन्ने कुरामा प्रेरित पावलले जोड़ लगाए। *'तर भाइहरूहो, म यो भन्दछुः समय छोटो छ; अबदेखि उसो*

*पत्नी हुनेहरू पनि नहुनेहरूझैं होऊन्; अनि रुनेहरू पनि नरुनेहरूझैं; अनि आनन्द मनाउनेहरू पनि आनन्द नमनाउनेहरूझैं; र किन्नेहरू पनि केही थोक नभएकाहरूझैं होऊन्; अनि यस संसारसँग व्यवहार राख्नेहरू पनि व्यवहार नराख्नेहरूझैं होऊन्; किनकि यस संसारको रीति बितेर जान्छ।'*

१ कोरिन्थी ७:२९-३१

आफ्नो परिवारप्रतिका जिम्मेवारीहरू पूरा नगर्नु, तर आफ्नी पत्नी र नानीहरूलाई छोड़ेर जानु र मिसनेरी भई विदेशमा घुम्न जानु यस वचनको माने हुन सक्दै-सक्दैन। तर हामीले परिवारिक सुख र सन्तुष्टिहरूको निम्ति जिउनुहुँदैन भन्ने अर्थ यस वचनबाट बुझिन्छ। आफ्नी पत्नी वा छोराछोरीहरूको खातिर प्रभुलाई पहिलो स्थान नदिने बहानाको लागि ठाउँ रहँदैन।

श्री चार्लस् टि. स्टडलाई उनको हुनेवाला जीवनसाथीको विषयमा, तिनले उनलाई बढ़ी ध्यान दिएर तिनको जीवनमा प्रभु येशूलाई पहिलो स्थान दिदिनन् कि? भन्ने डर लागेको थियो। यसो नहुनको लागि उनले तिनको लागि प्रार्थनाको रूपमा एउटा श्लोक रचे, जुनचाहिँ तिनले दिनदिनै कण्ठ गर्नुपर्थ्यो।

'प्यार प्रभु येशू, म तपाईंलाई प्रेम गर्छु,
चार्लस्भन्दा तपाईं नै मेरो लागि सधैं प्रिय रहनुहोस्।'

साम्यवादीहरूले आफ्नो परिवारिक कामकुराहरू सारा संसारका मानिसहरूलाई आफ्नै मतमा ल्याउने कामको अधीनतामा राख्न सिके। श्री गोर्डन् अर्नोल्ड लोन्स्डेल यसको निम्ति एउटा उदारहण हो। सन् १९६० सालमा ऊ यु.के.मा रूसी गुप्तचरको अभियोगमा पक्राउ पर्‍यो। प्रहरीहरूले ऊसँग उसकी पत्नीको पत्र र त्यस पत्रको छ पाना लामो उत्तर भेट्टाए। उसकी पत्नीले यस प्रकारले लेखेकी थिई: 'जीवन कति अन्यायी हो। मलाई थाह छ: तपाईंले काम गर्नुपर्छ, यो तपाईंको कर्तव्य हो; र तपाईंले आफ्नो काम मन पराउनुहुन्छ, र सकेसम्म आफ्नो जिम्मेवारी पूरा गर्न खोज्नुहुन्छ। हुन सक्छ, म एउटी स्त्री भएर मेरो मनमा कति छोटा विचारहरू उठिहाल्दा रहेछन् र मलाई यसरी जिउन ठूलो कष्ट लाग्दैछ।

मलाई पत्र लेख्नुहोस् र म तिमीलाई माया गर्छु, मलाई भन्नुहोस्। तब मलाई अलि हल्का हुनेछ होला।'

लोन्स्डेलले अंशिक रूपले यसो जवाफ दियो: 'उत्तरमा तिमीलाई लेख्नुपर्ने कुरा यति हो: मेरो एउटा मात्र जीवन छ; अनि यो मेरो जीवन सजिलो छैन। पछाड़ि मेरो जीवन नियाल्दा म यसको बारेमा लज्जित हुन नपरोस् भन्ने विचारले म आफ्नो जीवन बिताउन कोशिश गर्दछु। यो मेरो एकमात्र चाहना हो।... अब थोरै दिनमा म ३९ वर्षको हुन्छु; मलाई भन, मेरो जीवनमा अब कति वर्ष बाँकी होला?'

(टाइम् पत्रिका, फरवरी १७, सन् १९६१)

*'समय छोटो छ; यसैले अबदेखि उसो पत्नी हुनेहरू पनि नहुनेहरूझैं होऊन्'* भन्ने कुरा प्रेरित पावलले लेखे। दु:खलाग्दो कुरा के हो भने धेरैपल्ट शैतानले हतारमा सम्पन्न गरिएको वा सठीक अगुवाइ नपाएको विवाहद्वारा मौका छोपेर प्रभुका कति जवान चेलाहरूलाई बहकाएको छ, र उनीहरूको जीवन हुन जतिकै सफल र लाभदायक भएन। विवाहको सम्बन्धद्वारा धेरै भावी मिसनेरी र अग्रसरहरूले आफ्नो भविष्य बिगारेका छन्, र बाधाबिना ख्रीष्टको सेवा गर्न पाउँदैनन्।

'सबैले मुक्तिको सुसमाचार सुन्न पाऊन् भन्ने ख्रीष्टको इच्छा पूरा गर्नुमा विवाहको सम्बन्ध ठूलो शत्रु बनेको छ। विवाहचाहिँ परमेश्वरले दिनुभएको प्रबन्ध हो; तर विवाह परमेश्वरको इच्छा रोक्ने बाधा भयो भने यसको प्रयोग उचित नभएको देखिन्छ। हामी यहाँ धेरैजनाका नाम लिन सक्थौं, दाजुभाइ र दिदीबहिनीहरूका नाम, जसले विदेशमा गएर सुसमाचार प्रचार गर्ने निश्चित बोलावट पाएर पनि कहिल्यै त्यहाँ पुगेनन्; किनकि तिनीहरूका जीवनसाथीहरूले तिनीहरूलाई रोकिदिए। ... कुनै कुराले पनि, अँ, जीवनसाथीजस्तै परमेश्वरले दिनुभएको आशिषले पनि हाम्रो जीवनमा परमेश्वरको उद्देश्य पूरा नहोस् भनेर हामीलाई बाधा दिनुहुँदैन। ... हालैमा ख्रीष्टबिना मानिसहरू मरिरहेका छन्; किनभने परमेश्वरको इच्छा पहिलो स्थानबाट हटेको छ र हाम्रा स्नेहपात्रहरूले त्यो ठाउँ ओगटेका छन्।' (श्री वेस्ले एल. गुस्टवसन्)

विशेष गरी मिसनरी र अग्रसरहरूको लागि विवाह नगरेको जीवन चाहना गर्नुपर्ने, उत्तम कुरा देखिन्छ। 'नेतागण पुरुष र स्त्रीहरूको लागि शायद जीवनका कति आवश्यकताहरू पनि इन्कार गर्नु खाँचो छ र यस्ता सुखहरू अस्वीकार गर्नुपर्छ, जुन सुखहरू न्यायसँगत र आनन्ददायक हुन्छन्। दुःख खप्न सक्ने र यस जीवनका धन्दाहरूमा नअल्झिएको असल सिपाही र कुनै टण्टाले नजेलिएको खेलाड़ी बन्नु उनीहरूको कर्तव्य हो।... विशेष सेवाको कामको लागि यो उनीहरूको जिम्मेवारी, उनीहरूको बोलावट, उनीहरूको न्युक्ति हो।' (केबल एण्ड फ्रेन्च)

जस-जसले यो बोलावट सुनेर स्वीकार गर्छन्, उनीहरूको लागि यहाँ इनाम दिने परमेश्वरको प्रतिज्ञा छ; किनकि प्रभु येशूले यसो भन्नुभयो:

*'म तिमीहरूलाई साँचो भन्दछु, ... अनि हरेक, जसले मेरा नामको खातिर घर, दाजुभाइ, दिदीबहिनी, बुबाआमा, स्वास्नी, छोराछोरी वा जग्गाजमिनहरू त्यागेको छ, उसले सय गुणा पाउनेछ र अनन्त जीवनको अधिकारी हुनेछ।'* *मत्ती १९:२८-२९*

# ११

# बसेर खर्च जोड़!

कहिल्यै प्रभु येशूले मानिसहरूलाई फुस्लाएर वा फकाएर हल्का प्रकारले उहाँमाथि विश्वास गर्ने तुल्याउनुभएन र लोकप्रिय सन्देश प्रचार गरेर उहाँले ठूला भीड़हरू आकर्षण गर्नुभएन। वास्तवमा, भीड़ैभीड़ मानिसहरू उहाँको पछि लाग्न थाल्नेबित्तिकै उहाँले तिनीहरूलाई छानबिन गर्न चेलापनका कड़ाभन्दा कड़ा सर्तहरू प्रकट गर्नुभयो। यस्तो एउटा अवसरमा हाम्रा प्रभुले उहाँको पछि आउन चाहनेहरूलाई चेताउनी दिनुभयो र बसेर खर्च जोड़्ने आदेश गर्नुभयो। उहाँले तिनीहरूलाई यसो भन्नुभयो:

*'किनकि तिमीहरूमध्ये कसले एउटा धरहरा बनाउने इच्छा गरेमा, त्यसलाई सिद्ध्याउनको निम्ति आफूसँग पर्याप्त छ कि छैन भनी पहिल्यै बसेर खर्च जोड़्दैन र? नत्र ता उसले जग बसालिसकेपछि त्यसलाई सिद्ध्याउन सकेन भने त्यो कुरा देख्ने सबैले यसो भन्दै उसलाई खिसी गर्न थाल्नेछन्: ''यस मानिसले बनाउन शुरु त गर्‍यो, तर सिद्ध्याउन*

*सकेन।'' अथवा अर्को राजाको विरोधमा लड़ाइँ गर्न जाने कुनचाहिँ राजाले दस हजार लिएर आफ्नो विरोधमा बीस हजार लिएर आउनेसँग लड्न सक्छु कि सक्दिनँ भनी पहिल्यै बसेर सरसल्लाह गर्दैन र? तर होइन भने अर्कोचाहिँ अझै धेरै टाढ़ामा हुँदा नै उसले राजदूतहरू पठाएर मिलापका सर्तहरू माग्छ।'* *लूका १४:२८-३२*

यहाँ यस खण्डमा प्रभु येशूले हाम्रो ख्रीष्टिय जीवन धरहरा बनाउने काम र लड़ाइँसित तुलना गर्नुभयो। धरहरा निर्माण गर्ने कार्य शुरु गर्नु, तर त्यसलाई सिद्ध्याउनको लागि आफूसँग पर्याप्त नहुनु मूर्खता हो। तपाईं आफैले विचार गर्नुहोस्! हाम्रो बुद्धिको कमी सधैं प्रकट गर्ने अपूरा धरहरा खड़ा रहँदा केकसो?

हाम्रो आत्मिक जीवनमा यो कुरा पनि लागू हुन्छ। सुसमाचार प्रचार गर्ने कुनै ठूलो सभाको न्यानो वातवरणमा ख्रीष्ट येशूलाई ग्रहण गर्ने निर्णय गर्नु सजिलो छ। तर आफूलाई इन्कार गरेर आफ्नो क्रूस उठाउनु र प्रभुको पछि लाग्नु अर्को कुरा हो। प्रभु येशूमा मुक्ति सित्तैंमा पाइन्छ, तर विश्वासयोग्य चेला बन्न र प्रभुको लागि एउटा त्यागिएको, बहिष्कार गरिएको र दुःखकष्टले भरिएको जीवन जिउनको लागि हामीले निक्कै ठूलो दाम चुकाउनैपर्छ। आत्मिक दौड़ राम्ररी शुरु गर्नु एउटा कुरा हो, तर अनुकूल परिस्थिति भए-नभए, प्रगति गरे-नगरे, साथी पाए-नपाए पनि दुःखसुखमा दिन प्रतिदिन प्रभुलाई पछ्याउन र दौड़ सिद्ध्याउन अर्को कुरा हो।

हाम्रो जीवनको आलोचना गर्ने संसार हाम्रो वरिपरि छ। ख्रीष्टको निम्ति जिउनेहरूले सम्पूर्ण जीवन अर्पण गर्नुपर्छ, नत्र ख्रीष्टिय जीवन केही कामको हुँदैन भन्ने कुरा तिनीहरूलाई अनौठो बोध भएको छ। जब तिनीहरूले पूरा रूपले अर्पित भएको प्रभुको चेलालाई देख्छन्, तब तिनीहरूले उसको खिसी र निन्दा गर्लान्, र उसलाई हाँसोमा उड़ालान्, तर तिनीहरूको भित्र-भित्रै ख्रीष्टको लागि यति साहसी र त्याग गरिएको जीवनको लागि ठूलो सम्मान छ। तर मनतातो इसाईलाई देख्दा तिनीहरूले त्यसलाई बिलकुल अपमान गर्छन्। त्यस्तोलाई तिनीहरूले यसो भन्नेछन्: 'हेर, त्यसले बनाउन शुरु त गऱ्यो, तर त्यसले सिद्ध्याउन सकेन! प्रभुलाई

ग्रहण गर्ने बेलामा त्यसले कस्तो हल्ला गऱ्यो, तर अब हेर, त्यो त हामीजस्तै भएछ। शुरुमा त्यो वेगसित अघि बढ्यो, तर अहिले अड्किरहेछ।' यसै कारणले हाम्रा प्रभुले भन्नुहुन्छः 'पहिल्यै बसेर खर्च जोड़!'

दोस्रो उदाहरणमा प्रभुले एउटा राजाको विषयमा बताउनुभयो, जसले अर्को राजासित लड़ाइँ गर्ने निर्णय लिनुपऱ्यो। उसका दस हजार सिपाही लिएर उसले शत्रुको दुई गुणा बढ़ी भएको फौज जित्न सक्छ कि सक्दैन भन्ने कुरा पत्ता लगाउनु उचित देखिन्छ, होइन र? लड़ाइँको घोषणा गरेर दुवै फौजहरू युद्धभूमिमा उत्रिसकेको बेलामा मात्र आफ्नो परिस्थितिमा सोझविचार पुऱ्याउनु मूर्खता गनिन्छ। यस्तो बेलामा उसको लागि गर्न सक्ने एउटै कुरा मात्र बाँकी रहन्छः सेतो झण्डा उठाएर उसले आफ्नो हार जनाउने एउटा प्रतिनिधि पठाउन सक्छ, जसले नम्रतापूर्वक भुइँमा घोप्टो परेर मिलापका सर्तहरू माग्छ।

इसाई-जीवन लड़ाइँसित तुलना गर्नुचाहिँ कुनै बढ़ाइचढ़ाइ गरेको कुरा होइन। संसार, शरीरको पापी स्वभाव र शैतानजस्तै शक्तिशाली शत्रुहरू छन्। निराश पार्ने कुराहरू, रक्तपात र दुःखकष्टहरू हुन्छन्। दिनको उज्यालोको बाटो हेर्ने र निद्रा नलाग्ने लामा रातहरू छन्। आँसु, परिश्रम र जाँचहरू हुन्छन्। दैनिक मृत्यु पनि छ।

प्रभु येशूको पछि लाग्न आँटेको हरेक व्यक्तिले तीनवटा ठाउँको सम्झना गर्नुपर्छः गेत्समनी, गब्बथा र गलगथा; अनि त्यसपछि बसेर उसले खर्च जोड्नुपर्छ। कि त ख्रीष्ट येशूलाई आफ्नो जीवन सम्पूर्ण रूपले अर्पण गर्नु हुन्छ, कि त शत्रुको सामु झुकेर दुवै हात जोड्नुपर्छ र फलस्वरूप त्यसको अपमान र शर्म पूरा बोक्नुपर्छ।

यी दुईवटा दृष्टान्त लिएर प्रभु येशूले उहाँको वचन सुन्नेहरूलाई चेतावनी दिनुभयो र आवेगमा अर्थात् उत्तेजनाको प्रभावले प्रभुको चेला हुने निर्णय गर्नुहुँदैन भन्ने कुरा सिकाउनुभयो। उहाँले तिनीहरूलाई सतावट, सङ्कष्ट र दुःखहरू अवश्य हुन्छन् भन्ने कुरा निश्चयतासाथ भन्नुहुन्थ्यो। यसैले तिनीहरूले पहिले दाम चुकाउनुपर्ने खर्च जोड्ने आदेश पाएका थिए। अनि चुकाउनुपर्ने दाम केकति हो त? निम्न पदले यस प्रश्नको जवाफ दिन्छः

*‘यसकारण, यसरी नै तिमीहरूमध्ये हरेक जसले आफूसँग भएका सबै कुरा त्याग्दैन, त्यो मेरो चेला हुनै सक्दैन।’ लूका १४:३३*

चुकाउनुपर्ने दाम ‘सबै’ हो; हामीसँग भएको सबै र हामी आफै सबै। हाम्रा प्रभुले चुकाउनुपर्ने दाम यही थियो। उहाँको पछि लाग्नेहरूको दाम पनि यही नै हो, यसभन्दा कम हुन सक्दैन। उहाँ जो असाध्य धनी हुनुहुन्थ्यो, उहाँ इच्छापूर्वक, आफ्नै राजीखुशीले हाम्रो लागि गरिब हुनुभयो। तब हामी उहाँका चेलाहरूले कम्ती दाम चुकाएर मुकुट कसरी कमाऔं ?

प्रभु येशूले आफ्नो प्रवचनको अन्तमा यसो भन्नुभयो:

*‘नुन असल हुन्छ; तर नुनले आफ्नो स्वाद गुमायो भने त्यो केले स्वादिलो पारिनेछ र ?’* (लूका १३:३४)

प्रभुको समयमा चलाउन पाइएको नुनचाहिँ अचेल पाइने सफा नुनजस्तै चोखो थिएन। तिनीहरूले प्रयोग गरेको नुनमा बलुवा आदि कुराजस्तै अरू थोक मिसाइएको थियो। नुनको स्वाद बिग्रेर नुन खल्लो हुन सम्भव थियो। खल्लो भएको नुन काम नलाग्ने भयो। त्यो अबदेखि उसो न माटोको रूपमा नता मलको रूपमा प्रयोग गर्न सकिँन्थ्यो। रद्दी मालको रूपमा त्यो बाटोमा फ्याँकिन्थ्यो, र यसरी *‘त्यो बाहिर फालिनु र मानिसहरूद्वारा कुल्चीमिल्ची पारिनुबाहेक अरू कुनै कामको’* भएन (मत्ती ५:१३)।

यस दृष्टान्तको अर्थ छर्लङ्गै हुन्छ: ख्रीष्टको निम्ति पूरा रूपले अर्पित भएर जिउनु र यसरी परमेश्वरको महिमा गर्नु नै यस संसारमा हामी ख्रीष्टका चेलाहरूको मूलउद्देश्य हो। तर पृथ्वीमा आफ्नो लागि धनसम्पत्ति जोहो गर्दा, सुखचैनमा भोगविलासी जीवन बिताउँदा, यस संसारमा आफ्नो निम्ति नाम कमाउन खोज्दा र आफ्नो समय र दानहरू नालायक संसारको लागि खर्च गर्दा प्रभुको चेलाले आफ्नो जीवनको स्वाद गुमाउन सक्छ।

प्रभुको चेलाले आफ्नो जीवनको मूलउद्देश्य भुलेपछि उसले आफ्नो सारा अस्तित्व हराइपठायो। उसको जीवन उपयोगी हुँदैन, न सजिसजाउको

लागि काम लाग्छ। खल्लो भएको नुनको हालतजस्तो छ, उसको पनि त्यस्तै हुनेछः ऊ मानिसहरूका खुट्टाले कुल्चीमिल्ची हुनुपर्छ, अर्थात् ऊ तिनीहरूको हाँसोको, अँ, तिनीहरूको अपमान र घृणाको पात्र बन्नुपर्छ।

अन्तिम शब्द यी हुन्: *'जसका सुन्ने कानहरू छन्, त्यसले सुनोस्!'* (लूका १३:३४)। हाम्रा प्रभुले कुनै कठिन वचन भन्नुभएपछि उहाँले प्रायः यो वाख्य थप्नुहुन्थ्यो। सबै मानिसहरूले उहाँको वचन ग्रहण गर्दैनन् भन्ने कुरा उहाँले अघिबाट जान्नुहुन्थ्यो। उहाँलाई थाहा थियोः उहाँले भन्न चाहनुभएको कुराको अर्थ बिगारेर कतिले उहाँका आदेशहरू हल्का पार्न कोशिश गर्नेछन्। तर यो कुरा उहाँ पनि जान्नुहुन्थ्योः चाहे वृद्धको हृदय होस्, चाहे जवानको किन नहोस्, उहाँका आज्ञाहरूप्रति कुनै न कुनैको हृदय खुला हुनेछ र आज्ञाकारी भई उहाँलाई दिनुपर्ने आदर दिन्छ।

यही कारणले उहाँको निम्तो जारी रहेको छः 'सुन्नको निम्ति जसका कानहरू छन्, त्यसले सुनोस्!' सुन्नेहरू ती हुन्, जसले दाम चुकाउने खर्च जोड़ेपछि यसो भन्नेछन्:

'आमाले मलाई, बुबाले मलाई, सबैले मलाई त्यागे तापनि,
येशूको पछि म हिँड्न लागें, फर्कंदिनँ, फर्कंदिनँ।'

'येशूको पछि म हिँड्न लागें, दुनियाँलाई त्यागी क्रूस नै बोकी
येशूको पछि म हिँड्न लागें, फर्कंदिनँ, फर्कंदिनँ।'

# १२

# प्रभुको लागि शहीद बन्ने आभास

प्रभु येशूको निम्ति साँच्ची नै समर्पित भएर जिउने व्यक्तिले बाँच्नु र मर्नुको बीचमा धेरै भिन्नता देख्दैन। प्रभुको महिमा हुनैपर्छ; त्यो कुरा मात्र महत्त्वपूर्ण हो।

जोहन र बेटी स्टामको विजय नामक पुस्तक पढ्दाखेरि मैले त्यस किताबभरि एउटा कुरा डोर्‍याइएको पाएँ: *'चाहे जीवनद्वारा होस्, चाहे मृत्युद्वारा ख्रीष्टको महिमा मेरो शरीरमा हुनुपर्नेछ'* (फिलिप्पी १:२०)। श्री जिम एलियोटका लेखहरूमा हामी पनि त्यही कुरा घरीघरी पढ्न पाउँछौं। वीटन कोलेजमा अध्ययनरत हुँदा उनले आफ्नो दैनिकीमा यसो लेखे: 'आउका जातिका मानिसहरूको लागि म मर्न तयार छु।' अर्को पल्ट उनले

प्रार्थनाको रूपमा यसो लेखे: ‘हे पिता, मेरो जीवन लिनुहोस्, तपाईंको इच्छा भए मेरो प्राणसमेत लिनुहोस्, र तपाईंको आगोले छोप्नुहोस्, भस्म पार्नुहोस्। म त्यसलाई बचाउनेछैनँ; किनभने त्यो मेरै होइन, त्यसलाई बचाउनु मेरो अधिकारै होइन। लिनुहोस्, प्रभु; मेरो सम्पूर्ण जीवन लिनुहोस्। मेरो जीवन अर्घबलिको रूपमा संसारमाथि खन्याउनुहोस्; किनकि तपाईंको वेदीमा खन्याइएको रगत मात्र मूल्यवान् हुन्छ।’

परमेश्वरका शूरवीरहरूमा धेरैजनाले परमेश्वर र तिनीहरूको बीचको सम्बन्धमा एउटै चरमसीमामा पुगेका देखिन्छ। तिनीहरूले बुझे: *‘गहुँको दाना भुइँमा खसेर मरेन भने त्यो एक्लै रहन्छ; तर मर्‍यो भने त्यसले धेरै फल फलाउँछ’* (यूहन्ना १२:२४)। त्यस्तो गहुँको दाना हुनु तिनीहरू राजी भए। तिनीहरूको यस भावनाले र प्रभुले आफ्ना चेलाहरूलाई सिकाउनुभएको कुरासित मेल खान्छ, जब उहाँले भन्नुभयो: *‘जसले आफ्नो प्राण बचाउने इच्छा गर्छ, त्यसले त्यो गुमाउनेछ; तर जसले मेरो निम्ति आफ्नो प्राण गुमाउनेछ, उसैले त्यो बचाउनेछ’* (लूका ९:२४)। यस सम्बन्धमा जति विचार हामी गर्छौं, त्यति नै हामीलाई लाग्छ – प्रभुको यो शिक्षा सही हो।

पहिले याद गर्नुपर्ने कुरा यही हो: हाम्रो जीवन त हाम्रै होइन। हाम्रो जीवन उहाँकै हुन्छ, जसले हामीलाई अमूल्य ठानेर आफ्नो अमूल्य रगतले हामीलाई किन्नुभएको छ। जे हाम्रै होइन, तर अर्कोको हुन्छ, के स्वार्थी भएर हामीले त्यसलाई समातिराख्नु सुहाउँछ? यस विषयमा श्री सी. टि. स्टडले आफैलाई यसरी उत्तर दिइहाले:

> ‘प्रभु येशू मेरो लागि मर्नुभएको कुरा मलाई विदितै थियो, तर मैले यति कहिल्यै बुझेको थिइनँ: प्रभु येशू मेरो निम्ति मर्नुभयो भनेदेखि मचाहिँ आफ्नै हुँदिनँ। दाम तिरेर छुटकारा दिनुको अर्थ दाम तिरेको चीज फिर्ता पाउनु हो। यसर्थ म उहाँकै भएँ। तब जुन चीज मेरै होइन, त्यो चीज म आफूसँग राख्छु भने म चोर मानिन्छु, नत्र ता मैले मेरो सम्पूर्ण जीवन परमेश्वरलाई दिनुपर्छ। जब यसरी प्रभु येशू मेरो लागि मर्नुभएको कुरा मैले बुझ्न थालें, तब उहाँको निम्ति सबै थोक त्याग्नु मलाई गाह्रो भएन।’

दोस्रो कुरा पनि याद गरौं: प्रभु येशू हामी र मृत्युको बीचमा आउनुहुन्न भने हामी सबै मर्नुपरिहाल्छौं। प्रभुको सेवामा मर्नु वा कुनै दुर्घटनामा मर्नु – कुनचाहिँ बढ़ी दु:खद घटना होला? के श्री जिम एलियोट ठीक थिएनन् र? किनकि उनले यस्तो भन्ने गर्थे:

'त्यो मानिस मूर्ख होइन, जसले कहिल्यै गुमाउन नसक्ने कुरा प्राप्त गर्नको लागि गुमाउनुपर्ने कुरा दिइहाल्छ।'

तेस्रो कुरा यो हो: प्रभु येशू हाम्रो लागि मर्नुभयो भने हामीले उहाँको निम्ति मर्नुपर्छ भने यसमा कुनै ठूलो कुरा होइन, तर त्यो स्वभाविक कुरा हो। नोकर मालिकभन्दा ठूलो हुँदैन भने येशू हाम्रा स्वामीभन्दा हामीले किन आरामदायक प्रकारले मर्न पाउनुपर्छ? यही विचारधाराले श्री स्टडलाई यसो भन्न कर लगायो:

'प्रभु येशू परमेश्वर हुनुहुन्छ र उहाँ मेरो लागि मर्नुभएको हो भने त उहाँको निम्ति जुनै पनि त्याग गर्न म तयार हन्छु–हन्छु।'

अन्तमा, हाम्रो जीवनको साहसी परित्यागद्वारा हामीले अनन्त आशिषहरू हाम्रो वरिपरि जिउने मानिसहरूकहाँ ल्याउन सक्छौं भने आफ्नो जीवन प्रिय मान्नु नै अपराध हो। नयाँ औषधी पत्ता लगाउने सिलसिलामा कति मानिसहरू यस प्रकारको चिकित्सा–अनुसन्धनमा आफ्नो जीवन दिन तयार छन् भने, जलिरहेका घरहरूबाट आफन्तहरूलाई बचाउने प्रयासमा अरूले आफ्नो जीवन दिएर मर्छन् भने, आफ्नै देश शत्रुको कब्जाबाट बचाउनको निम्ति अरूहरूले आफ्ना प्राण दिन्छन् भने हाम्रो आँखामा अरू मानिसहरूको आत्मा कति मोलको हुन्छ त? के हामीले श्री एफ. डब्लयु. एच. मिएर्सले भनेझैं यसो भन्न सक्छौं:

'मानिसहरूमा उस्तै–उस्तै प्राणी मात्र देख्दछु:
विजेताझैं जित्दै जानुको साट्टामा तिनीहरू सब कैदी भए,
राजाझैं राज गर्नुको बदलीमा तिनीहरू सब बन्दी हुन्।
तिनीहरूको एकमात्र आशा मिथ्या प्रतीति मात्र हो;
अफसोस: तिनीहरू देखावटी कुराहरूमा सन्तुष्ट रहन्छन्।

अचानक तुरहीको झर्को आवाजमा आह्वान पाएझैं
मेरो जीउ थरथर हल्लिरहेको छ,
र ठूलो आवेगसित मभित्र सहन नसक्ने तिर्सना बढ़ेर आएको
म थाहा गर्छु;
तिनीहरूलाई बचाउन पाए हुन्थ्यो!
तिनीहरूको उद्धारको निम्ति म ध्वस्त हुन पाऊँ;
तिनीहरूले जीवन पाऊन् भन्ने हेतुले म मर्न पाऊँ;
तिनीहरू सबैको लागि बलिको रूपमा मेरो जीवन दिन पाऊँ!'

सबजनाले शहीदको रूपमा आफ्नो जीवन दिनुपर्दैन। तुलनामा, आगो, भाला, तरवार, गोली वा टाउको काट्ने यन्त्र आदिले मृत्युदण्ड पाउनु थोरैको भाग हो। तर हामीमध्ये हरेकसँग शहीदहरूमा पाइने वीरता, जोश र भक्ति हुन सक्छ। हामीमध्ये हरेकले ख्रीष्टको लागि आफ्नो सम्पूर्ण जीवन अर्पण गरी सब कुरा त्यागेकाहरूको देखासिकी गर्न सक्छौं।

'चाहे असल आइपरोस् चाहे खराब; चाहे क्रूस, चाहे मुकुट,
चाहे इन्द्रेनी देखा परोस्, चाहे मेघ गर्जोस्!
प्राण र शरीर लिई म चरणमा पर्छु, ती उहाँकै होऊन्;
परमेश्वरले तिनलाई लिई जोतिएको माटोभित्र गाड़िदिऊन्!'

# १३

# प्रभुको साँचो चेलाले पाउने इनाम

प्रभु येशूको लागि पूरा रूपले अर्पिएको जीवनको इनाम ठूलो हुन्छ। ख्रीष्टको पछि लाग्दा पाइने आनन्द र सन्तुष्टि वास्तविक जीवन हो।

प्रभु येशूले घरीघरी यो कुरा दोहोर्‍याउँदै भन्नुभयो: 'मेरो खातिर जसले आफ्नो प्राण गुमाउँछ, उसैले त्यो पाउनेछ।' वास्तवमा, प्रभुले भन्नुभएका कुराहरूमध्ये यो वचनचाहिँ प्रमुख थियो र चारवटा सुसमाचारका पुस्तकमा घरीघरी दोहोर्‍याइएको छ। (मत्ती १०:३९; १६:२५; मर्कूस ८:३५; लूका ९:२४; १७:३३; यूहन्ना १२:२५ पदहरूमा हेर्नुहोस्।) तब प्रश्न उठ्छ: यो वचन यति धेरै पल्ट किन दोहोर्‍याइएको थियो? के ख्रीष्टिय जीवनको मूलतत्त्व प्रकट गर्नको लागि होइन र? किनकि आफ्नो स्वार्थको लागि

जीवन प्रिय मान्नु जीवन गुमाउनु हो, तर प्रभु येशूको लागि बलिदानको रूपमा जीवन अर्पण गर्नुचाहिँ जीवन पाउनु, जीवन बचाउनु, जीवनको आनन्द लिनु र अनन्तसम्म जीवन जोगाइराख्नु हो। मनतातो इसाई हुनु दु:खदायी जीवन जिउनु हो; यो पक्का छ। प्रभुको लागि सम्पूर्ण जीवन दिएको मानिसले निश्चय उहाँको सबभन्दा ठूलो आशिषहरू अनुभव गर्न पाउँदछ। यस कुरामा पनि कुनै शङ्का छैन।

प्रभु येशूको साँचो चेला उहाँको दास हो; यसरी उहाँको सेवामा अर्पेको कमाराको जीवनले खास गरी पूरा स्वतन्त्रता पाउँदछ। जतिले *'म मेरा मालिकलाई ... प्रेम गर्छु, म स्वतन्त्र भई जान चाहँदिनँ'* भन्न सक्छन्, उनीहरूले हर कदममा यो स्वतन्त्रता थाह गर्छन् (प्रस्थान २१:५ अनुसार; नेपाली बाइबलको अनुवादबाट हराएको)।

प्रभुको चेला क्षुद्र वा क्षणभङ्गुर कुराहरूमा फस्दैन, व्यस्त रहँदैन। उसको ध्यान अनन्तकालतिर लगाइएको छ। अनि श्री हुड्सन् टेलरले जस्तै उसले पनि थोरै कुराको बारेमा फिक्री गर्नुपर्छ। यस्तो सुखी जीवन थोरैले पाउँछन्। कसैले उसलाई चिन्दैन, तर पनि उसलाई सजिलैसित चिनिन्छ। मरिरहेर पनि ऊ बाँच्दैछ। उसलाई ताड़ना दिइन्छ, तर उसलाई मार्नु सकिँदैन। शोकमा पनि ऊ आनिन्दित रहन्छ। आफै गरिब भए पनि उसले अरू धेरैलाई धनी तुल्याउँछ। आफूसँग केही नभए पनि सब थोक ऊसँग छन्। (२ कोरिन्थी ६:९-१०)

यसो भन्न सकिन्छ: आत्मिक दृष्टिले हेर्नु हो भने प्रभुको साँचो चेलाको जीवन यस संसारमा सबभन्दा ठूलो सन्तुष्टि दिने जीवन हो। अनि निश्चयतापूर्वक यो पनि भन्न सकिन्छ: यस्तो जीवनले आउने संसारमा सबभन्दा ठूलो इनाम पाउनेछ। *'किनभने मानिसका पुत्र आफ्ना पिताको महिमामा आफ्ना दूतहरूको साथमा आउनुहुनेछ र त्यस बेला उहाँले हरेकलाई उसका कामहरूअनुसार प्रतिफल दिनुहुनेछ'* (मत्ती १६:२७)।

यसैकारण यो कुरा सत्य र विलकुल साँचो हो: यस युगमा र अनन्तकालसम्म धन्यको त्यो मानिस हुनेछ, जसले येलका श्री बोर्डन्सित मिलेर भन्न सक्छ: 'प्रभु येशू, मेरो जीवन तपाईंकै हो; म मेरो यो जीवन अर्पण गर्छु; तपाईंको लागि मैले मेरो हृदयको सिंहासन सजाएको छु; आएर

यसमा बस्नुहोस्। मलाई लिनुहोस्, बदली गर्नुहोस्; मलाई शुद्ध पार्नुहोस् र तपाईंको महिमाको निम्ति चलाउनुहोस्!'

## उहाँको इच्छा यस्तो थिएन

'कोही नष्ट भएर जाओस्, उहाँको इच्छा थिएन;
प्रभु येशूले स्वर्गीय महिमाको सिंहासनदेखि तल हेर्नुभयो,
अनि यस गरिब, पापी संसारलाई देखेर हाम्रा सबै पीड़ामा
अति दुःखित हुनुभयो, र हाम्रो लागि आफ्नो जीवन बलिको रूपमा
दिइहाल्नुभयो, यो कत्रो प्रेम!

नाश भइरहेका, सर्वनाशतिर गइरहेका भीड़ैभीड़ मानिसहरूको
लागि! बोक्नै नसकिने भारहरूले थिचिएका हृदय भएका
मानिसहरूको लागि! प्रभु येशूले बचाउनुहुनेथियो, तर तिनीहरूलाई
बताउने कोही भएन, तिनीहरूका पाप र निराशदेखि उठाउने कोही
भएन।

कोही नष्ट भएर जाओस्, उहाँको इच्छा थिएन;
यसैले प्रभु येशू देहधारी हुनुभयो; उहाँले हाम्रो सबै दुःख र कष्ट
जान्नुहुन्छ; उहाँ हराएकाहरूलाई खोज्न, दुःखीहरूलाई सान्त्वना
दिन आउनुभयो; शोक र शर्मले टुटेका हृदयहरू निको पार्न उहाँ
आउनुभयो।

मानिसहरू नाश भइरहेका, नष्ट भइरहेका छन्; फसलको समय
सिद्धिन लागेको छ; खेताला थोरै छन्, र साँझ पर्दैछ;
प्रभु येशू तिमीलाई बोलाउँदै हुनुहुन्छ, खेतालाहरूमा भर्ती हुन
छिटो आऊ! तिम्रो ज्यालाको रूपमा तिमीले आत्मा, अँ, अमूल्य
आत्माहरू पाउनेछौ।

सुखहरू धेरै, तर प्रभु येशूलाई दिने थोरै;
संसारका सुखदु:खको लागि समय प्रशस्त,
तर प्रभुको कामको लागि र गरिबहरूलाई सेवा गर्ने समय नै छैन;
हराएका आत्माहरूलाई अनन्त आनन्दमा पुऱ्याउने समय नै छैन।

मानिसहरू नाश भइरहेका, नष्ट भइरहेका छन्;
तिनीहरूले हाम्रो गुहार मागेको सुन!
"हामीलाई तिम्रा मुक्तिदाताकहाँ पुऱ्याइदेऊ, हामीलाई उहाँको
बारेमा सुनाइदेऊ! हामी हैरान भइसकेका छौं, र भारीले हामीलाई
साह्रै थिच्दैछ; अनि रुँदा–रुँदा हाम्रा आँखाहरू धमिला भइसके।"

कोही नष्ट भएर जाओस् भन्ने उहाँको इच्छा थिएन;
के म उहाँका चेलामध्ये एक हुँ? तब म कसरी निस्फिक्री भई
जिउन सक्छु, जब एउटा अमूल्य आत्मा नरकमा गइरहेको छ;
जब मैले सहायता दिन नचाहेर त्यो नष्ट भइरहेको छ।
अमूल्य आत्माहरू नाश भइरहेका, नष्ट भइरहेका छन्;
तर तिमी इच्छुक भएनौ।

हे स्वामी, क्षमा गर्नुहोस् र हामीलाई फेरि जागृत बनाउनुहोस्;
हाम्रो सांसारिक तृष्णा हटाउनुहोस्, र हामीलाई मद्दत गर्नुहोस्;
हामीले सधैं अनन्तकालसम्म रहिरहने कुराहरूमा हाम्रो नजर
लगाएर जिउन सकौं!'

लुसी आर. मेयर